# वार्षिक प्रतिवेदन

## २०७६/७७



WORKING TOGETHER FOR CHANGE THROUGH EMPOWERMENT

सहकर्मी समाज, सुर्खेत

# वार्षिक प्रतिवेदन

## २०७६/७७



WORKING TOGETHER FOR CHANGE THROUGH EMPOWERMENT

सहकर्मी समाज, सुर्खेत

# दुई शब्द



लामो संघर्ष, त्याग र बलिदानबाट नेपाल राजनीतिक रुपमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका रुपमा स्थापित भएकोछ । सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकहरुका निर्वाचित जनप्रतिनिधिहरु समावेश भएको संविधानसभावाट प्राप्त नेपालको संविधानले नेपालको शासकीय स्वरुपलाई परिवर्तन गरेकोछ र राज्यको संरचनालाई पुर्नसंरचना गरी संघीय शासन प्रणाली स्थापित गरेकोछ ।

नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका ब्यवस्थापिका, कार्यपालिका र न्यायपालिका स्थापित गरी राज्यशक्तिको वांडफांड गरेकोछ । त्यही अनुरुपका निर्वाचनहरु सम्पन्न गरी तीनै तहलाई निर्वाचित जनप्रतिनिधिहरु मार्फत शासन प्रशासन सञ्चालन गर्ने अभ्यास जारी रहेकोछ । बितेको तीन वर्षमा गरिएको यो संघीय संरचना अनुरुप सञ्चालित सरकारका विकास प्रयासहरुलाई सरकारात्मक रुपमा बुझ्ने, ग्रहण गर्ने र भविष्यलाई सुनिश्चित, दीगो र प्रभावकारी रुपमा सञ्चालन गरी नेपाली नागरिकहरुको जीवन सहज बनाउदै मुलुकलाई आर्थिक समृद्धिको वाटोमा लैजाने कामलाई ब्यवस्थित बनाउनु जरुरी रहेकोछ ।

समुदायलाई एकआपसमा मिलेर काम गर्ने, शान्ति तथा सामाजिक न्याय प्राप्तीका लागि उच्च मनोबलको वातावरण निर्माण गर्दै सहकर्मी समाजले आफ्नो स्थापनाकालदेखि नै विकासलाई सहभागीमूलक तथा जनकेन्द्रित बनाउन प्रयत्नशील छ । सहकर्मी समाज सुर्खेतले वितेको २३ वर्षसम्म निरन्तर रुपमा स-शक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण प्रकृयाको अवलम्वन गर्दै आईरहेकोछ ।

स-शक्तिकरण तथा सामाजिक रुपान्तरणका लागि सहजीकरण अभियानलाई मियो बनाउँदै विकास प्रकृयामा समुदाय र ब्यक्तिको भूमिकालाई क्रियाशिल बनाउन एवं सहकर्मी समाजका सिकाईहरुलाई आदान-प्रदानगर्ने क्रममा २०७६/०७७ मा सम्पन्न क्रियाकलापहरुलाई वार्षिक प्रतिवेदनको रुपमा यहाँहरु समक्ष पस्कन पाउँदा मलाई अत्यन्त खुशीको अनुभूत भैरहेकोछ ।

सहकर्मी समाजले अवलम्बन गर्दै आएको स-शक्तिकरण तथा सामाजिक रुपान्तरणका लागि सहजीकरण प्रकृयालाई अगाडी बढाउनका लागि हातेमालो गर्ने सहयोगी साझेदार संस्थाहरुको भूमिका महत्वपूर्ण रहेकोछ । यस अवसरमा सहकर्मी समाजलाई आर्थिक तथा प्राविधिक रुपमा सहयोग गर्ने साझेदार संस्थाहरु क्रमश: आईरिसएड तथा सेफ आयरल्याण्ड, ईको कोपरेशन नेपाल, विकास कोष नर्वे, युरोपियन युनियन, वास एलाईन्स वाइल्डगेज फाउण्डेशनलाई विशेष धन्यवाद दिन चाहन्छु ।

फेष्ट अवधारणा विकास तथा विस्तारका क्षेत्रमा विशेष योगदान दिनु हुने रोजर, अमिना सिंह, डा.पल डोहर्टी, स्कट स्मिथ र हैंक पिटरलाई विशेष धन्यवाद दिन चाहान्छु ।

सहकर्मी समाजसंग सिकाई आदान-प्रदानका लागि विभिन्न सेवाहरु लिने र सहकार्य गर्ने सबै समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर-सरकारी संघ-संस्थाहरु तथा सरकारी निकायहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा हाम्रो सहकार्यको यात्रा जारी रहने विश्वास लिएकोछु । सहकर्मी समाजका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, प्रतिवद्ध कर्मचारीहरु जसको सहयोग बिना यो काम सम्भव थिएन, सहकर्मी समाजको निरन्तरको यात्रालाई संगठित, गतिशिल तथा ब्यवसायिक दक्षता प्रदान गर्ने सबै सहकर्मीहरुको प्रशंसा गर्न चाहान्छु । सहकर्मी समाजको नेतृत्वलाई जीवन्त बनाउँदै संयोजनकारी तथा नेतृत्वदायी भूमिका निर्वाह गर्ने कार्यक्रम ब्यवस्थापन समितिका सदस्यहरु र कार्यकारी निर्देशक अमरबहादुर ऐरलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

रत्न बहादुर गाहामगर
अध्यक्ष, सहकर्मी समाज

# विषय-सूची


**कार्यकारी सारांश** ४-१०

क. आ.व. २०७६/७७ का मुल मुल घटनाहरु ९

ख. सहकर्मी समाजको बारेमा ......... ११

ग. संक्षेपमा वार्षिक गतिविधिहरु ११

**सामुदायिक सु-शासन सबलीकरण** १३-३५

क. समस्या विश्लेषण, कार्ययोजना तथा कार्यान्वयन १४

ख. सामुदायिक सुशासनका लागि क्षमता विकास १६

ग. सरकारी सेवा सुविधामाथिको पहुँच वृद्धि १७

घ. जीविकोपार्जन सुधार २०

ङ. सामुदायिक सुविधा निर्माण तथा मर्मत २३

च. सामुदायिक स्वास्थ्य तथा सरसफाई २४

छ. शैक्षिक गुणस्तर विकास २७

ज. वन तथा वातावरण संरक्षण २९

झ. मेलमिलाप, शान्ति तथा पुनर्मिलन ३०

ञ. स्थानीय सरकारसंग सम्वन्ध विस्तार तथा क्षमता विकास ३३

**संस्थागत क्षमता विकास** ३७-४६

क. संस्थागत सुशासन सवलीकरण ३८

ख. संस्थागत सिकाई तथा सञ्जाल विस्तार ४२

ग. साझेदारी विकास ४३

घ. श्रोतमाथिको पँहुच वृद्धि तथा दीगोपना ४३

ङ पैरवी क्षमता विकास ४५

**फेष्ट अवधारणा विकास तथा विस्तार** ४७-४८

क. नीति तथा कार्यप्रकृया विकास तथा विस्तार ४८

ख. समुदाय परिचालन सीप विकास ४८

ग. कोचिंग तथा परामर्श ४८

घ. प्रकाशन तथा सूचना सम्प्रेषण ४८

**सहकर्मी समाजका संस्थागत विकास गतिविधिहरु** ४९-४९

क. १९ औं वार्षिक साधारणसभा ४९

ख. सहकर्मी समाज कार्यसमिति बैठक ४९

ग. प्रदेश कोरोना कोषमा सहयोग रकम प्रदान ५०

घ. कार्यक्रम विकास तथा कार्यान्वयन ५०

ङ. अनुभव आदान प्रदान ५०

च. स्थानीय सरकारसंगको नियमित समन्वय र सहकार्य ५०

छ. दाङमा सहकर्मी समाज सम्मानित ५०

**सहकर्मी समाजका संस्थागत विकास गतिविधिहरु** ५१-५४

आय व्यय २०७५/७६ / एकीकृत वासलात ५५-५६




# कार्यकारी सारांश

सहकर्मी समाजले विकास कोष नर्वेको सहयोगमा दाङ, जाजरकोट र बर्दियामा कोसेली कार्यक्रम सञ्चालन गरिरहेकोछ । सेफ/आईरिस एडको सहयोगमा नेपाल सामुदायिक सशिक्तकरणका लागि स्थानीय सुशासन कार्यक्रम, बर्दिया, कैलाली र कञ्चनपुरमा सञ्चालन गरिरहेकोछ। भेरी नगरपालिकाको सहयोगमा सुशासन सवलीकरणका लागि टोल विकास संस्था सवलीकरण कार्यक्रम जाजरकोटमा सञ्चालित रहेकोछ।

इयूको सहयोगमा कालीकोट, जाजरकोट र सल्यानमा सुशासनमा नागरिक सहभागिता कार्यक्रम, इयू/इको कोपरेशनको सहयोगमा बांच्नका लापग कमाउन पाउने अधिकार कार्यक्रम बांके र दाङ जिल्लामा, सीमाविं/वास एलाइन्सको आर्थिक सहयोगमा बांके जिल्लाको कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकामा वास एसडिजी कार्यक्रम सञ्चालनमा रहेको छ।

सन् २०२० अगस्त देखि प्रदेश नं. ५ को बांके जिल्लाको कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिका तथा कर्णाली प्रदेशको सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका र बराहताल गाउँपालिकामा वास एसडिसी कार्यक्रम सञ्चालन गर्ने योजना रहेकोछ।

हरेक मानिस भित्र ज्ञान, सीप, अनुभव र क्षमता छ, उपयुक्त वातावरण पाएको खण्डमा हरेक मानिसले आफ्नो जीवन सहज रुपमा अघि बढाउन सक्छ भन्ने मान्यतामा रहेर सहकर्मी समाजले आफ्ना सामुदायिक रुपान्तरणका कार्यक्रमहरुको विकास गरी कार्यान्वयन गर्दै आएको छ।

नागरिकहरुको क्रियाशिल सहभागिता र नागरिक दायित्वको प्रभावकारी पालनाले मात्र स्थानीयस्तरमा सु-शासन प्रभावकारी हुन्छ भने स्थानीयस्तरको सु-शासन प्रकृयाले समग्र राष्ट्रको सु-शासन प्रभावकारी बनाउनका लागि सहयोग पुग्दछ । सहकर्मी समाजले अवलम्बन गर्ने नागरिक स-शक्तिकरण तथा सहभागिता सबलीकरणको कार्यक्रमले राज्यद्वारा संचालन गरिएका क्रियाकलाप तथा सेवामा नागरिकहरुको पहुँचलाई सुनिश्चित गर्दै आईरहेकोछ।

दाङ जिल्लामा १ सय ८८ वटा सामुदायिक समूहमा १ हजार ९ सय ५२ वटा नियमित बैठक सम्पन्न भई ९ सय ७४ वटा समस्या विश्लेषण गरिएको छ भने ८ सय ९६ वटा कार्ययोजना निर्माण गरि ८ सय २७ वटा कार्ययोजना कार्यान्वयन भएका छन् । शिवालय, छेडागाड र भेरी नगरपालिका तथा टोल विकास संस्था कार्यक्रम अन्तर्गत भेरी नगरपालिकामा वर्षभरीमा २ हजार २ सय ६७ वटा वैठकहरु सम्पन्न भई १ हजार १ सय ६ वटा समस्याहरुमा विश्लेषण भई १ हजार ४ सय २० वटा कार्ययोजना निर्माण भई १ हजार २ सय १८ वटा कार्ययोजनाहरुको कार्यान्वयन भएका छन्।

सुशासनमा नागरिक सहभागीता कार्यक्रम अन्तर्गत कालीकोट, जाजरकोट र सल्यानमा गरी जम्मा १ सय ५१ सामुदायिक समूहहरुमा अर्धमासिक रुपमा हालसम्म ९ सय ३५ वटा वैठकहरु वसी विभिन्न सवालहरुमा छलफल गरी ६ सय ६७ वटा कार्ययोजना वनेकोमा ५ सय ९६ वटा कार्यान्वयन भएका छन्।

दाङका १ सय ८८ समूहका १ हजार ९ सय ५२ वटा नियमित

बैठक सम्पन्न भएका छन् । १ सय ८८ समूहले आफ्नो बार्षिक साधारण सभा सम्पन्न गरेका छन् ।

पश्चिम जाजरकोट विकास समाज जसमा ९ वटा मुलसमिति तथा ६८ वटा सामुदायिक समूहहरु आवद्ध छन्, जसमा १ हजार ३ सय ४३ घरपरिवारका १ हजार १ सय ३० महिला र २ सय २१ पुरुष गरि जम्मा १ हजार ३ सय ५१ सदस्यहरु प्रत्यक्ष संलग्न रहेका छन् । भेरी नगरपालिकाको ८ वटा वडामा ८ वटा मुल समितिका ९ सय ८७ घरपरिवारका ९ सय ५८ महिला र २९ पुरुष समूहमा आवद्ध भई कार्यसञ्जाल संस्था निर्माणको प्रकृयामा रहेका छन् भने टोल विकास संस्था परिचालन कार्यक्रम अन्तरगत ४९ वटा समूहमा ८ सय ६४ महिला र २ सय ८६ पुरुष गरि जम्मा १ हजार १ सय ५० घरपरिवारका १ हजार १ सय ५० सदस्य आवद्ध रहेका छन् ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रम कालीकोट, जाजरकोट र सल्यानमा गरी जम्मा १ सय ५१ सामुदायिक समूहहरुमा ४ हजार ४ सय १५ घरधुरी समावेस भई नियमित छलफल सहजीकरणमा सक्रिय रूपमा सहभागिता जनाईरहेका छन् ।

थारु समुदाय विकास मञ्च अति बिपन्न, सिमान्तकृत, पछि पारिएका समुदायहरुमा काम गर्ने गरेकोले त्यस क्षेत्रमा बसोबास गर्ने ब्यक्तिहरु विभिन्न विकासको क्षेत्रमा पछाडी परेका हुन्छन । विभिन्न कुरिति, कुसंस्कारले जडो गाडेको हुन्छ तसर्थ त्यस्ता विध्न बाधा कुसंस्कारलाई निराकरण गर्नमा थारु समुदाय विकास मञ्चले विभिन्न किसिमका तालिम, कार्यशाला, गोष्ठी, जनचेतनामूलक कार्यक्रमको आयोजना गरी समूह सदस्यहरुमा आपसी सहयोगको वातावरण सिर्जना गर्ने, जनचेतना फैलाउने, तथा व्यक्तिगत विकास गर्ने गर्दछ ।

कोहलपुर नगरपालिका-१४, हवलदारपुर स्थित चिडिमार समुदायमा गठन भएको एकता समूहमा एउटा हेन्डपम्प उपलब्ध गराउने निर्णय गरेको छ । कोहलपुर नगरपालिकाले वडा नं.-१४ स्थित चिडिमार समुदायमा वडा कार्यालयको तर्फबाट सिंचाई तथा पिउने पानीको लागि एउटा समरसेवल जडान भएको छ । कोहलपुर नगरपालिका वडा नं.-१५ स्थित चौधरिया, शंकरपुर र प्रेमपुरमा करिव ४ लाख ३० हजारको लगानीमा ३ वटा समरसेल जडान गरिएको छ । उक्त समरसेल जडानपछि स्थानीय चिडिमार समुदायलाई खानेपानी तथा सिचाईको लागि सहज भएको छ, चिडिमार एकता समूह र कोहलपुर नगरपालिका आर्थिक शाखाको पहलमा भने चिडिमार समुदायका सदस्यहरुले बेमौसमी तरकारी खेती गरी जीविकोपार्जनमा सुधार भएको छ,



दक्षिण देउखुरी अधिकारलाई गढवा गाउँपालिकाबाट १० लाख प्राप्त गरेको, जिल्ला पशु तथा भेटनरीबाट ज्योती र शान्तिसुधार समूहलाई पांच पांच लाख बराबरको अनुदान प्राप्त, राजपुर गाउँपालिकाबाट समूहको सदस्यलाई ८० हजार बराबरको अनुदान प्राप्त, गढवा गाउँपालिका र राजपुगाउँपालिकाबाट ५० जनालाई राहत प्राप्त, जनजागरण समुहले ३ नं. वडा कार्यलयबाट कुवा मर्मतको लागी रु. ५० हजार सहयोग प्राप्त, शिवशक्ति समूहले ५ नं. वडा कार्यालयको सहयोगमा बैठक घरको भुई धलाई गरेका, ५ नं. वडा कार्यालयसंग सहकार्य गरी ५ नं. मा रहेको समूहका सदस्यहरुलाई अवलोकन भ्रमण गराएको, जाग्रती समुहले गाउँपालिकाको ८ लाख सहयोगमा समूहको बैठक भवन निर्माण गरेको छ ।

दाङ जिल्लाका १ सय ८८ वटा सामुदायिक समूहको आफ्नै वचत कोष ३ करोड ६६ लाख ९० हजार ८ सय ५८ रहेको छ सो रकम मध्ये ६२ प्रतिशत आयमूलक काममा प्रयोग गरी आयआर्जन वृद्धि गरिरहेका छन् । बाँकी ३८ प्रतिशत रकम घरायसी खर्च, शिक्षा, स्वास्थ्य उपचार, चार्डपर्ब खर्चमा लगानी भएको छ ।

जाजरकोटमा समूह बचत कोष रकम १ करोड २० लाख ५१ हजार ८ सय ४ आयआर्जनको काममा परिचालन भएको छ उक्त



रकम १ सय १५ समूहका ८ सय ४९ जनालाई आयआर्जनको काममा लगानी गरिएको छ । स्थानिय सरकारको सहयोगमा ३५ समूहका ४ सय ७० जनालाई फलफुलका विरुवा उपलव्ध गराइएको थियो ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रममा १२ वटै पालीकाका १ सय ५१ समूहका सदस्यहरु मध्ये २११ जना विभिन्न आयआर्जनका क्रियाकलापमा संलग्न भई रु. ४४ लाख ३७ हजार ३ सय आम्दानी गरेका छन् ।

नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत रहेका सामुदायिक समूहहरुको बचत कोषको रकम करीव ४ करोड ७२ लाख रहेकोछ र उक्त रकमलाई आयआर्जनका क्षेत्रमा परिचालन गर्ने योजना कार्यान्वयन गरी सिमान्तीकृत समुदायका मानिसहरु आयआर्जनका विभिन्न क्रियाकलापहरुमा सहभागि भएका छन् । बाख्रापालन, कुखुरापालन, बंगुरपालन, तरकारी खेती, माछापालन, खुद्रा पसल, सिलाई कटाई, औषधी पसल, मासुपसल जस्ता आयआर्जन मार्फत जीवन सहज बनाउने प्रयत्नहरु जारी रहेका छन् ।

दाङमा दक्षिण देउखुरी अधिकार मञ्च गढवाको कार्यालय भवन निर्माण भएको छ । उक्त घर निर्माणका लागि स्थानीय लेखराज थापाबाट रु २० लाख बरावर मूल्य पर्ने एक कट्ठा जग्गा निशुल्क उपलव्ध भएको छ । अफिस भवन निर्माणका लागि गढवा गाउँपालिकाबाट रु १० लाख, सहकर्मी समाज मार्फत विकास कोष नर्वेबाट ९ लाख ५० हजार र दक्षिण देउखुरी अधिकार मञ्चबाट ८ लाख ८७ हजार गरी जम्मा २८ लाख ३७ हजार लागतमा घर निर्माण कार्य सम्पन्न भएको छ ।

खानेपानी, स्वास्थ्य तथा सरसफाई दिगो विकास लक्ष्य प्राप्तिको लागि संचालित खानेपानी, स्वास्थ्य तथा सरसफाई परियोजना अन्तर्गत अन्तर्राष्ट्रिय वास एलाईन्सको आर्थिक सहयोग, लुमन्ती आवासको लागि सहयोग समूहको प्राविधिक सहयोग र सहकर्मी समाजको सहयोग तथा सहजीकरणमा कोहलपुर नगरपालिका तथा बैजनाथ गाउँपालिकामा संचालित "दिगो विकास लक्ष्य प्राप्तिका लागी खानेपानी, स्वास्थ्य तथा सरसफाई" (WASH SDG) कार्यकमलाई दिगो तथा प्रभावकारी बनाउनको निमित्त कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकाहरुको समन्वयमा विभिन्न वडाहरुमा वास समन्वय समिति गठन, टोल विकास संस्था गठन, आमा समूह, सरसफाई समूह आदी गठन गरी टोलहरुमा सरसफाई अभियान सन्चालन गर्नको लागी मासिक बैठक बस्ने गरेको छ ।

सामुदायिक समूह तथा मूल समितिहरुमा बन तथा वातावरण संरक्षणको लागि निरन्तर छलफल, बिश्लेषण र अन्तरक्रियाहरु संचालन गरिएको छ । आगलागीबाट बच्न र डडेलो रोक्नका लागि अग्नीरेखा निर्माण गर्ने, खाली रहेको स्थानमा विभिन्न जातका ९ हजार ६ सय ७६ विरुवाहरु रोप्ने काम भएको छ ।

समुदायको शान्ति र पुर्ननिर्माणका लागि व्यक्तिगत र सामुहिक मनोविमर्श गरिएको छ । सामुदायिक समूहहरुमा नियमित हुने बैठक, छलफल, अन्तरक्रिया, विभिन्न दिवस तथा अभियानका कार्यक्रमहरुमा उठाईने चेतनामूलक नारा र संदेशमूलक प्रवचन तथा प्रशिक्षणका कार्यक्रमहरुले समुदायको शान्ति र पुर्ननिर्माणमा सहयोग गरेको छ ।

दाङ जिल्लामा अति विपन्न परिवारका विद्यार्थीको छनोट गरी पढाईमा मद्दत दिन र आयआर्जन गरी वच्चाको पढाई खर्चको जोहो गर्नका लागि विगतका बर्षमा १ सय ६८ घरका विपन्न परिवारका विद्यार्थीलाई प्रति व्यक्ति रु ६ हजारका दरले छात्रबृत्ति कोष वितरण गरिएकोमा १२ जना विद्यार्थीले +२ उत्तिर्ण गरिसकेको र अन्यले कक्षाको तह र पढाईको गुणस्तरमा बृद्धि गरेका छन् ।

जिल्ला समन्वय समितिको कार्यालय दाङले सहकर्मी समाजलाई स्थानीय समुदायको परिवर्तनका लागि अग्रणी भूमिका खेल्ने र २०७५/२०७६ को जिल्ला स्तरीय वार्षिक समिक्षा गोष्ठीमा सहभागी भई प्रस्तुत गरेको बार्षिक प्रगति प्रतिवेदनका आधारमा मुल्याँकन समितिले निर्धारण गरेका सूचकका आधारमा गरेको मुल्याँकनबाट जिल्ला स्थित गैर सरकारी संस्थाहरु मध्ये सहकर्मी समाज दाङ जिल्लामा पहिलो संस्था छनोट भएको छ । जिल्ला समन्वय समिति दाङले आफ्नो चौथो जिल्ला सभाबाट प्रथम संस्था घोषणा गरी प्रमाण-पत्र र मायाँको चिनोले सम्मान गरेको छ ।



कालीकोटको सान्नीत्रिवेणी र खाडाचक्र पालिका र सल्यानको कपुरकोट गाउँपालिकामा भएको जनकेन्द्रित विकास तालीम, हरेक पालिकामा भएका सामाजिक जवाफदेहीता सम्बन्धि अभिमुखिकरण, सहभागीतामूलक नीति निर्माण सम्बन्धि छलफल, चारओटै विषयगत क्षेत्रको नीतिगत अध्ययन, कोभीड-१९ का विरुद्ध लड्ने अभियानमा सहकार्य जस्ता क्रियाकलापहरुले स्थानीय सरकारसंगको सुमधुर सम्बन्ध स्थापित गर्न योगदान पुऱ्याएका छन् । आगामी समयमा थप गतिविधी, क्रियाकलाप र सहकार्यले सम्बन्धलाई थप परिमाणमुखी वनाउने उद्देश्य सहित कार्ययोजना निर्माण भएको छ ।

नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत सुदूरपश्चिम प्रदेशका महाकाली नगरपालिका, बेल्डाडी गाउँपालिका, शुक्लाफाँटा नगरपालिका, कृष्णपुर नगरपालिका, पुर्नवास नगरपालिका, कैलारी गाउँपालिका, गौरीगंगा नगरपालिका र प्रदेश ५ का राजापुर नगरपालिका, गेरुवा गाउँपालिका र बढैयाताल गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरुसंगको नियमित सम्पर्क, सम्वाद, अन्तरक्रियाहरुको आयोजना गरी समन्वय र सम्वन्ध निर्माणको कामलाई अघि बढाईरहेकोछ ।

नेपाल गन्धर्व समाज बर्दियाले स्थानीय सरकारसंगको समन्वय, सम्बन्ध विस्तार तथा क्षमता विकासका लागी नियमित भेटघाट गर्ने, ज्ञापन पत्र दिने, अन्तरक्रिया छलफल गर्ने, संस्थाको कामको अनुगमनमा सहभागी गराउने जस्ता कामहरुलाई निरन्तर रुपमा गरिरहेकोछ ।

थारु समुदायको पहल तथा समर्थन संस्थामा आबद्ध भएका १५ वटा कृषक समूहहरुलाई ठाकुरबाबा र बारबर्दिया न.पा.को कृषि शाखामा दर्ता गरी नगरपालिका तथा सम्बन्धित वडा कार्यालयहरुसंग समूहको सम्बन्ध विस्तारको काम भएको छ । हाल सालै ठाकुरबाबा न.पा. वडा नं.४ मा रहेको लसिउरा कृषक समूहका ३ जना सदस्यहरुले २ लाख ३० हजार मौसमी तथा बेमौसमी तरकारी उत्पादनमा सहयोग पाई राम्रो उत्पादन गरिरहेका छन् ।



सुशासन परिवर्तनको मुल आधार हो । सुशासन विना कोही पनि दिगो रहन सक्दैन । सुशासनले नै हरेक व्यक्ति, परिवार समाज र राष्ट्रलाई बलियो र प्रभावकारी ढंगले सञ्चाल हुन मद्दत पुऱ्याउँदछ भन्ने विषयलाई मुल आधार वनाएर सहकर्मी समाजको समर्थनमा बनेका सामुदायिक समूह, मुल समिति र कार्यसञ्जाल संस्थाहरुको सुशासन सवलीकरणका विभिन्न क्रियाकलापहरु सम्पन्न भएका छन् ।

शिवालय गाउँपालिका र सहकर्मी समाजको सहयोगमा पश्चिम जाजरकोट विकास समाजको कार्यालय सञ्चालनको लागि ४ कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ त्यसै गरी भेरी नगरपालिकाको आर्थिक सहयोग र समूहको लगानीमा भेरीनगरपालिका १० भुरचौरमा एउटा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएको छ । त्यसै गरी २ वटा समूहहरुले आफ्नै श्रम र लगानीमा २ वटा सामुदायिक वैठकघर निर्माण भएको छ जसले संस्थागत प्रकृयालाई सहजीकरण गरेको छ ।

राष्ट्रिय सामुदायिक संस्था विकास केन्द्र नेपालको विभिन्न समयमा बैठकहरु सम्पन्न गरी समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको अवस्था विश्लेषण गर्ने, आवश्यक कार्यक्रम विकासका लागि प्रयत्नहरुलाई जारी राख्ने र विभिन्न सवालहरुमा जनवकालत र पैरवीका लागि योजना निर्माण गरी कार्यान्वयन गरिरहेकोछ ।

सहकर्मी समाजका सामुदायिक प्रशिक्षक वा तालिम प्राप्त सामुदायिक सहयोगीहरु मार्फत सम्वन्धित समस्या पिढित व्यक्तिसँग वसेर उक्त समस्यामा केन्द्रित रही विश्लेषण गर्ने र समस्या पीडित व्यक्ति मार्फत नै समस्या समाधानको उपाय खोज्न मद्दत दिदै आएको छ ।



सिमान्तिकृत मानिसहरुको जीवनस्तर सुधारका लागि श्रोतमाथिको पहुँच तथा दिगोपना निकै महत्वपूर्ण विषय हो । जवसम्म मानिसहरुको हरेक गतिविधि र कृयाकलापका लागि आवश्यक श्रोतको लागि पहुँच हुँदैन तवसम्म सिमान्तिकृत वस्तिहरुको विकास असम्भव छ। सहकर्मी समाज सिमान्तिकृत समुदायको विकास र परिवर्तनका लागि काम गर्दै आएको संस्था हो।

हामी केही गर्न सक्दैनौ हाम्रो हातमा केही छैन र हाम्रो पक्षमा पनि कोही छैन भन्ने मनस्थिति भएका मानिसहरुको लागि हामी सवै हौ हामीले चाहेमा जे पनि गर्न सक्छौं भन्ने भावना जगाउने र उनीहरुको मनोवल उच्च राख्न मानविय क्षमता विकासको काम सहकर्मी समाजले गर्दै आएको छ।

कार्यसंजाल संस्थामा चलअचल सम्पत्तिको अभिलेख व्यवस्थापन, संस्थामा तयार गरिएका नीतिनियम, बिधान, विभिन्न नियमावलीहरु, कार्यक्रमका बार्षिक सम्झौता-पत्रहरु, संस्थागत आम्दानी र खर्च हिसाव व्यवस्थापन, विलभरपाई, संस्थागत अवस्था विश्लेषण प्रतिवेदन, कार्यक्रमको सामाजिक लेखा परिक्षण, बार्षिक आर्थिक लेखापरिक्षण, संस्था दर्ता र नविकरण सम्वन्धि अभिलेखहरुको दस्ताबेजीकरणमा मद्दत गरिएको छ।

समुदायका अगुवा सदस्यहरुलाई नेतृत्व विकास तथा सीमान्तीकृत समुदायको हक अधिकार सम्बन्धि पैरवी विषयक कार्यशाला सञ्चालन गरियो। उक्त तालिमबाट सीमान्तीकृत थारु, कुमाल, मंगता, चिडिमार र कुशबन्धिया समुदायका सदस्यहरुले नेपाल सरकारद्वारा आफूहरुलाई प्रदान गर्दै आएका हक अधिकारहरुको वारेमा जानकारी हासिल गर्न सफल भएका छन्।

समुदायका मानिसहरुसंग ज्ञान, सीप, अनुभव र क्षमता छ भन्ने कुरामा विश्वास गर्दै सहकर्मी समाजले सशक्तिकरण तथा सामाजिक रुपान्तरणका लागि सहजीकरण Facilitation for Empowerment and Social Transformation FEST को अवधारणामा काम गर्दै आईरहेकोछ । समुदायका मानिसहरुलाई एकोहोरो पढाउने भन्दा उनीहरु भित्र रहेको अन्तरनिहीत क्षमताको उजागर गर्ने वातावरण निर्माणका लागि सहजीकरण गर्ने, आलोचनात्मक चेतना विकास गर्दै विश्लेषण क्षमता र विकल्प छनौट गर्नका लागि मौका प्रदान गर्ने अवसर प्रदान गर्दछ । आत्मविश्लेषण तथा भोगाईहरुको विश्लेषण गर्दै विभिन्न विकल्पहरुको छनौट गरी स्थानीय श्रोतसाधनको पहिचान, परिचालन र संरक्षणको योजना बनाई कार्यान्वयन गर्ने प्रकृया अवलम्वन गर्नका लागि उचित वातावरण सृजना गर्दछ।



फेष्ट अवधारणा अन्तर्गत सरकारी तथा गैर सरकारी संस्थाका लागि उनीहरुकै माग बमोजिम सहकर्मी समाजले सहजीकरण सीप विकास, नेतृत्व सीप विकास, संस्थागत विकास, सामुदायिक सुशासन सवलीकरण, रणनैतिक योजना विकास, आवधिक योजना विकास, जनवकालत जस्ता विभिन्न तालिम तथा कार्यशालाहरुको सहजीकरण गर्दै आईरहेकोछ।

यूएमएनका साझेदार संस्था ग्रामीण सामुदायिक विकास केन्द्र डोटीका कर्मचारीहरुका लागि सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट) आधारभूत तालिम दाङको घोराहीमा सम्पन्न गरिएको थियो।

जनकेन्द्रित विकास अवधारणा कार्यशाला सिद्धकुमाल गाउँपालिका सल्यान र खाडाचक्र नगरपालिका कालिकोटमा सम्पन्न गरिएको थियो । यी तालिम र कार्यशालाहरुमा ७६ महिला र २ सय २० पुरुष गरी २ सय ९६ जनाको सहभागिता रहेको थियो।

सहकर्मी समाजको नियमित १९ औ वार्षिक साधारणसभा २०७६ पुष १९ गते सुर्खेतको विरेन्द्रनगरमा एक भब्य समारोह बीच सम्पन्न गरिएको थियो। सेफ आयरल्याण्डमा कार्यकारी निर्देशक जीम प्रमुख अतिथी रहनु भएको उद्घाटन सत्र सहकर्मी समाजका अध्यक्ष रत्नबहादुर गाहामगरको अध्यक्षतामा सम्पन्न भएको थियो।

उक्त उद्घाटन सत्रमा संस्थाका महासचिव दिपकराज भण्डारीले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष बखतबहादुर खड्काले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा सहकर्मीका सदस्य डा. लिलाधर तिवारी, सेफका कार्यकारी निर्देशक जीम, तथा सहकर्मी समाजका १२ वर्ष सेवा अवधी पुरा गरेका कर्मचारीहरुलाई सम्मानित गरिएको थियो।

## आ.व. २०७६/७७ का मुल मुल घटनाक्रमहरु:

- २०७६ असोज २६ गते : नेपाली काग्रेसका प्रतिनिधिसभा सदस्य मोहम्मद अफताव आलम रौतहट घटनामा दोषी भएको आरोपमा पक्राउ।
- २०७६ कात्तिक १७ गते : राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा मन्त्री परिषद्को सिफारिसमा सातवटै प्रदेशका प्रदेश प्रमुखहरुलाई पद मुक्त गरी नयां नियुक्ति
- २०७६ कात्तिक २३ गते : प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा सर्वदलीय बैठकको आयोजना, भारतद्वारा जारी नक्सामा नेपाली भूमी समावेश गरिएको विषयमा छलफल।
- २०७६ मंसिर १४ गते : संघीय संसद, प्रदेश सभा तथा स्थानीय तहमा रिक्त पदमा उप निर्वाचन सम्पन्न।
- २०७६ मंसिर १५ गते : दक्षिण एशियाली खेलकूद काठमाण्डौको दशरथ रंगशालामा शुरु
- २०७६ मंसिर २४ गते : दक्षिण एशियाली खेलकूदको काठमाण्डौमा समापन, नेपाल ५१ स्वर्ण पदक सहित दोश्रो स्थानमा
- २०७६ पुष ४ गते : संघीय संसदका दुवै सदनको बैठक प्रारम्भ
- २०७६ पुष १६ गते : भिजिट नेपाल २०२० को काठमाण्डौ स्थित दशरथ रंगशालामा शुभारम्भ
- २०७६ माघ ९ गते : मकवानपुरको दामनको एउटा होटेलमा ८ जना पर्यटकहरुको निस्वासीएर निधन
- २०७६ माघ १० गते : राष्ट्रिय सभाका १८ जना सदस्यहरुको निर्वाचन सम्पन्न
- २०७६ माघ १० गते : कोभिड १९ को पहिलो केस नेपालमा देखिएको र ती संक्रमित ब्यक्ति बाहिरबाट आएको स्वास्थ्य मन्त्रालयद्वारा जानकारी।
- २०७६ माघ २२ गते : वालुवाटार जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा ३ पूर्व मन्त्री सहित १७५ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर
- २०७६ माघ २९ गते : नेपाल सरकारद्वारा ठाकुरप्रसाद ज्ञवालीलाई नेपाल प्रहरीको आईजीमा नियुक्त।
- २०७६ फागुन ८ गते : सरकारका प्रवक्ता, सूचना तथा सञ्चारमन्त्री गोकुलप्रसाद वास्कोटाद्वारा अडियो प्रकरण छानवीनमा सहजकर्ताका लागि भन्दै मन्त्री पदबाट राजीनामा।
- २०७६ फागुन १७ गते : भिजिट नेपाल २०२० कोभिड १९ का कारण स्थगित
- २०७६ चैत्र २ गते : कोरोना भाईरस नियन्त्रण तथा उपचार उच्च स्तरीय समिति र सातवटै प्रदेशका मुख्यमन्त्री सम्मिलित बैठक सम्पन्न।
- २०७७ चैत्र ७ गते : प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा राष्ट्रलाई सम्वोधन, अन्तराष्ट्रिय उडानहरुमा रोक।
- २०७६ चैत्र ११ गते : कोभिड १९ को माहामारी रोकथामका लागि देशब्यापी लकडाउनको घोषणा।
- २०७६ चैत्र २४ गते : संघीय संसदका दुबै सदनको हिउदे अधिवेशन अन्त्य।
- २०७७ वैशाख १९ गते : सरकारद्वारा सम्वैधानिक परिषद् र राजनीतिक दल सम्वन्धि दुईवटा अध्यादेश जारी।
- २०७७ वैशाख १० गते : समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टीद्वारा एकताको घोषणा, जनता समाजवादी पार्टी नामाकरण।
- २०७७ वैशाख १२ गते : सरकारद्वारा जारी गरिएका सम्वैधानिक परिषद् र राजनीतिक दल सम्वन्धि दुइटा अध्यादेश फिर्ता लिने निर्णय।
- २०७७ वैशाख २६ गते : संघीय संसदको छैटौ अधिवेशन शुरु।
- २०७७ वैशाख २९ गते : नेपाल सरकारद्वारा भारतीय राजदूत समक्ष भारतद्वारा प्रकाशित नक्सामा नेपाली भूमी समावेश गरेको विषयमा कुटनीतिक नोट बुझाएर विरोध।
- २०७७ जेठ ५ गते : नेपाल सरकारद्वारा लिम्पियाधुरा कालापानी समेटिएको नेपालको नयां नक्सा स्वीकृत।
- २०७७ जेठ १५ गते : प्रेमीकालाई लिन जाजरकोटबाट गएको नवराज वि.क. सहितको टोलीमाथि पश्चिम रुकुममा हमला गर्दा ६ जनाको क्रुरतापूर्वक हत्या।
- २०७७ जेठ १५ गते : अर्थमन्त्री डा. युवराज खतिवडाद्वारा संघीय संसदको संयुक्त बैठकमा आर्थिक वर्ष २०७७/०७८ को वार्षिक आय ब्ययको अनुमान बजेट प्रस्तुत।
- २०७७ असार ४ गते : नेपालको संविधान २०७२ को दोश्रो संशोधन २०७७ अनुमोदित।

सफलताको कथा

# असल उद्यमी बनिन भद्रकला

विहान उज्यालो हुने वित्तिकै घाँस दाउरा गर्न लेकको जंगलमा जाने **भद्रकला पुन** अहिले उज्यालो हुने वित्तिकै कुखुराको चल्लाको स्याहार सम्भारमा व्यस्त हुन्छिन् । हेर्दाहेर्दै उद्यमी बनेकी भद्रकला पुन अहिले चल्ला बेचेर मासिक १० हजार कमाई गर्न थालेकी छिन् ।



गरिवीबाट मुक्त हुन र दैनिक आम्दानी वृद्धी गरी आफ्नो जीवन सहज वनाउन उनले चल्ला पालन सुरु गरेकी हुन् । भद्रकला पुन नव विहानी समूहकी सदस्य हुन् । उनी ०७४ साल भदौ देखि समूहमा बस्न थालेकी हुन । समूहमा हुने छलफलमा उनी निकै चासो दिएर भाग लिन्थिन् । समूहमा एक दिन आयआर्जन कसरी गर्ने भन्ने बारेमा चलेको छलफलले उनको जीवनलाई नयाँ मोडमा ल्याई दियो । खान नपुग्ने समस्याको बारेमा चलेको छलफलमा उनले पसल खोलेर जीविकोपार्जनलाई सहज बनाउने उपाय खोजीन । यसका लागि उनलाई पैसा कहाँबाट खोज्ने चुनौती थपियो ।

उनले यो प्रस्ताव समूहमा राखिन । समूहले उनको प्रस्ताव स्वीकार गऱ्यो र उनलाई २०७६ देखि आगामी ६ महिनाकालागि ८ हजार ऋण दिने भयो । उनले थप ८ हजार खोजेर एक हप्ता भित्रै भुरपोखरा नजिकै आफ्नै घरमा किराना पसल खोलिन ।

पसल चलाएको खासै अनुभव नभएकी भद्रकलालाई सुरुमा निकै डर लाग्यो रे । उनी भन्छिन् "वाक्लो वस्ती नभएको ठाउँमा उनले त्यो पसल खोल्न लाग्दा कतिले मलाई वुद्धी नभएकी, यसलाई कसले फसायो र यो काम गर्न लगायो भन्दै उडाउने काम गरे । तर मैले कसैको कुरा नसुनेर आफ्नो काम गरी रहे ।" केहि दिन पछि उनको पसल राम्रैसंग चल्न थाल्यो । हेपोमा उपचार गर्न आउने र खलंगा वजार जाने वाटो नजिकै भएकाले ग्राहकहरू बढ्न थाले । पसल नियमित चल्न थाल्यो आम्दानी हुँदै गयो १५ दिन भित्र उनलाई रु १ हजार ५ सय फाइदा भयो त्यो फाइदा भएकै दिन त्यो रु १ हजार ५ सय को १६ वटा गिराराज नामका चल्ला किनिन र चल्ला पनि पाल्न थालिन विस्तारै उनले चल्ला र पसललाई अगाडी वढाइन । चल्ला र पसल सञ्चालन गरेको चार महिना भएको थियो १६ वटा चल्ला विक्रि गरि ४८ हजार आयर्आजन गरिन जसवाट उनलाई चार महिनामा खुद २४ हजार फाइदा भयो। उनले पसल र चल्ला व्यापारलाई तुलना गरिन जसको परिणमस्वरूप पसल भन्दा कुखुरा पालन उनको रोजाइ भयो र पसललाई भन्दा कुखुरापालनको कार्यलाई अगाडी वढाइन र रू १० हजार थप समूहवाट माग गरी १ सय ५ वटा चल्ला खरिद गरी पाल्न थालिन् । उनलाई अहिले ग्राहकहरूको माग अनुसार कुखुरा पुऱ्याउन भ्याइ नभ्याई भएको छ । उनको त्यो काम देखेर समूहकी सदस्य लक्ष्मी नेपाली भन्छिन् " कति राम्रो कमाई हुन थालेको हो । घरै बसेर पनि यत्रो कमाई हुने रहेछ किन भारत तिर जानु पऱ्यो र ? भद्रकला पुन समूहमा बसेकाले नै यत्रो आँट र हौसला आएको हो ।"



०७६ असार महिनादेखि सुरु गरेको पसल र चल्ला पालनबाट उनले आफ्नो घर खर्च कटाएर ६ महिना भित्रै ५५ हजार वचत गरेकी छन् । भद्रकलाको कुखुरापालन र पसल सबैका लागि हौसला बनेको छ । नवविहानि समूहका सदस्यहरू भन्छन् "भद्रकलाको यो प्रयास र मेहनतबाट भएको यो परिवर्तनले अरूको आस गर्नु भन्दा आफ्नै श्रोत र साधनले धेरै गर्न सकिन्छ भन्ने पाठ सिकाएको छ ।"

भविश्यको योजना सुनाउँदै भद्रकला भन्छिन् "चल्लाको कमाईले तराइतिर घरबास जोड्नु पर्ला । श्रीमानको पनि रोजगार छैन, त्यसैले श्रीमानको रोजगारीको उपाय पनि खोज्दै छु । छोराछोरीको प्रगति र उन्नतिमा ध्यान दिनु पर्ला, उनीहरूले गरेको योजना र परिकल्पनामा साथ दिनु पर्ला ।"

पौरख र मिहेनतले भद्रकलाको जीवन र योजनामा फरक आएको छ । पहिले जस्तो के खाने र के लाउने भन्ने समस्या अहिले छैन । नून, तेल र घरको गर्जो टार्न साहुको हात थाप्ने उनी अहिले आफै उद्यमी र व्यवसायी वनेकी छिन् ।

# सहकर्मी समाजको वारेमा



**परिकल्पना (Vision):**

'नेपालका उपेक्षित तथा सीमान्तकृत मानिसहरु एक समावेशी, अन्तरनिर्भरतापूर्ण, सु-शासित र दिगो समाजको समान र सक्रिय नागरिकका रुपमा न्यायिक तथा अधिकतम गुणस्तरीय जीवनको प्रत्याभूति गर्न सक्षम भएका हुनेछन् ।'

**ध्येय (Mission):**

'उपेक्षित तथा सिमान्तकृत मानिसहरु तथा त्यस्ता मानिसहरुको सेवामा समर्पित संघ-संस्थाहरुको क्षमता विकासलाई सुनिश्चित गर्नका लागि हक, अधिकार, अवशरहरु तथा श्रोतको न्यायिक वितरण र सबैको लागि अधिकतम गुणस्तरीय जीवन उन्मुख समावेशी सु-शासन प्रकृयाको लागि अग्रसरता लिनु तथा त्यसलाई दिगो बनाउँदै लै जानु सहकर्मी समाजको ध्येय हुनेछ ।'

**रणनीतिहरु (Strategies):**

- संगठन निर्माण तथा समस्या विश्लेषण समर्थन
- अधिकारमा आधारित विकासका लागि प्रकृया सहजकरण
- सरोकारवाला पक्षको लीगि तालिम तथा परामर्श
- तालिम तथा सिकाई सामाग्रीको उत्पादन तथा वितरण

**सहयोगी साझेदार संस्थाहरु :**

- ईको कोपअप्रेशन नेपाल
- आइरिस एड्/सामाजिक स्वास्थ्य शिक्षा परियोजना (सेफ) आयरल्याण्ड,
- विकास कोष नर्वे
- युरोपियन युनियन
- सिमावी नेदरल्याण्ड
- भेरी नगरपालिका जाजरकोट

# संक्षेपमा वार्षिक गतिविधिहरू

सहकर्मी समाजले विकास कोष नर्वेको सहयोगमा दाङ, जाजरकोट र बर्दियामा कोसेली कार्यक्रम सञ्चालन गरिरहेकोछ । सेफ/आईरिस एडको सहयोगमा नेपाल सामुदायिक सशिक्तकरणका लागि स्थानीय सुशासन कार्यक्रम, बर्दिया, कैलाली र कञ्चनपुरमा सञ्चालन गरिरहेकोछ ।

इको कोपरेशन नेपाल/युरोपियन युनियनको आर्थिक सहयोगमा बांच्नका लागि कमाउन पाउने अधिकार (रियल) कार्यक्रम बांके र दाङमा सञ्चालन गरिरहेकोछ । युरोपियन युनियनको आर्थिक सहयोगमा कालिकोट, जाजरकोट र सल्यान जिल्लामा सुशासनमा नागरिक सहभागिता कार्यक्रम सञ्चालन गरेकोछ ।

सीमावि /वास एलाइन्सको आर्थिक सहयोगमा बांके जिल्लाको कोहलपुर नगरपालिका र बैजनाथ गाउंपालिकामा वास एसडिजी कार्यक्रम सञ्चालनमा रहेकोछ । विकास कोष नर्वेको सहयोगमा सन २०२१ देखि सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लाको जगन्नाथ. गाउपालिका र कर्णाली प्रदेशको



कालिकोट जिल्लाको नरहरीनाथ गाउंपालिकामा कोसेली कार्यक्रम दोश्रो चरण बिस्तार गर्ने योजना रहेकोछ ।

सिमावि र वास एलाइन्सको आर्थिक सहयोगमा सन २०२० जुलाई देखि प्रदेश नं. ५ को बांके जिल्लाको कोहलपुर नगर पालिका र बैजनाथ गाउंपालिका तथा कर्णाली प्रदेशको सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका र बराहताल गाउंपालिकामा वास एसडिसी कार्यक्रम सञ्चालन गर्ने योजना रहेकोछ ।

# तेजबहादुर चौधरीको संघर्ष

– तेज बहादुर चौधरी, राजपुर गाउँपालिका वडा नं.५ सालभौरी

दाङको राजपुर गाउँपालिका वडा नं.५ सालभौरी घरभई हाल किराना पसल संचालक म पुर्व माओवादी छापामार तेज बहादुर चौधरी । विगतको जीवन संघर्षमा विते पनि हाल म एउटा किराना पसल गरेर सानो भए पनि एउटा उद्यमी भई खुसीको साथ जीवन विताइ रहेको छु । म शारीरिक रूपमा एक अशक्त/अपाङ युवा भए तापनि मेरो आत्मविश्वासले मैले मेरो र मेरो परिवारको दैनिक खर्च र समस्या समाधानका लागि चाहिने स्रोत साधन जुटाउन सफल भएको छु । हाल मैले मेरो किराना पसलको व्यापारलाई पनि अघिल्लो बर्षको तुलनामा बृद्धि गर्न सफल भएको छु ।




मेरो पुराना दिनको याद आउँदा जिन्दगीमा धेरै संघर्ष गरेका पलहरूको झझल्को आउँछ । मैले जीवनमा धेरै ठक्कर खाएको छु । म तत्कालिन माओवादी छापामार भएर जनयुद्धमा लागेको बेला धेरै पटक दोहोरो भिडन्तहरूमा पनि परेँ तर भाग्यले बाँचे । युद्धमा मैरो एउटा खुटा भाँचिएर काटेर फाल्नुपऱ्यो । लगत्तै शान्ति सम्झौता भयो र देश शान्ति प्रकृयामा अगाडि बढ्यो । मसँगैका केही साथीहरू नेपाल आर्मीमा समाबेश भए भने कतिपय साथीहरू गाउँ फर्केर मूलधारको राजनीतिमा लागे । तर म भने एउटा अपाङ् भएर घरमै थन्किए, । धेरै समयको अन्तराल पछि गाउँ फर्केर आउँदा न त घरमा केही थियो न त गरि खान सक्ने शारीरिक अवस्था । त्यति बेला सम्म मैले राजनीतिक विचार मिल्ने एक जना पुर्वछापामार केटीसँग अन्तरजातिय विवाह पनि गरि सकेको थिएँ । तर हामी दुबै सँग न त कुनै जागिर वा रोजगारी थियो न त केही व्यावसाय गर्न सक्ने पुँजी नै । मेरो सामु घर परिवार पाल्ने र कमाएर घर चलाउनुपर्ने ठूलै चुनौती आएको थियो । गाउँघरमा पनि कसैले मलाई खिजाउँथे भने कसै कसैले विभिन्न खालका उपाय सहितको सान्त्वना दिने गरे । मेरी श्रीमतिले बीच बीचमा बाहिर गएर काम गर्ने इच्छा गरिन तर महिला हकमा गाउँघर भन्दा टाढा गएर काम गर्न सुरक्षाको दृष्टिले सहज नभएकोले मैले स्वीकृति दिन सकिन । गाउँघरमै कुनै खालको जागिर भए राम्रो हुन्छ भनेर मैले प्रयास पनि गरे तर उनेको शैक्षिक स्तर न्यून भएकोले त्यो पनि सम्भव भएन ।




मेरी श्रीमति हिरा वली चौधरीले गाउँमा सहकर्मी समाजले गठन गरेको र हाल दक्षिण देउखुरी अधिकार मञ्चद्वारा संचालित लावाडग्गर नामक सामुदायिक समूहमा समावेश भईन २०६५ साल तिर । समूहले गर्ने हरेक गतिविधी, बैठक र छलफल मा साथीहरूसँगै समान रूपमा सहभागी हुँदै आएकी हिरा विस्तारै समूह भित्र बचत पनि गर्न थालिन । सहकर्मी समाजले कार्यक्षेत्र छोडेर गएपछि दक्षिण देउखुरी अधिकार मञ्च गढवाले समूहहरूको सर्मथन, निगरानी र प्रवर्द्धन गर्न थाल्यो । विभिन्न समयमा परियोजना मार्फत समूहमा चेतनामूलक गतिविधि सँगै आयआर्जनको सहयोग पनि गर्न थाल्यो । समूहमा हुने मासिक बैठक र छलफलबाट मेरी श्रीमति हिरा पनि उद्यमशीलता प्रति आकर्षित भइन् । समूह सदस्यहरूले पनि हिराले गर्न चाहेमा किराना पसलको लागि समूहबाट सिफारिस गरी सहयोग लागि संस्थासँग अनुरोध गर्न बताए पछि उनी मसँग सल्लाह लिन आइन । यसो विचार गर्दा म एउटा शारीरिक रूपमा अपाङ भएको व्यक्तिले गर्न सक्ने व्यवसाय भएको र पहिला पनि एक पटक किराना पसल गरेको अनुभव भएकोले समूह मार्फत संस्थासँग सहयोग माग गरें ।

संस्थाका प्रतिनीधिहरू आएर मेरो अवस्थाको अवलोकन गर्नुको साथै सामुदायिक समूह लावाडग्गरका सदस्यहरूसँग पनि मेरो बारे सोधपुछ गरी सकारात्मक सिफारिस पाएपछि उद्यमशीलता अन्तरगत किराना पसल संचालनका लागि मलाई सन् २०१७ मा रू. ४० हजार बरावरको किराना सामान खरीद गरी प्रदान गरेको थियो । पसलका लागि विद्यालयको नजिकमा बढी बिक्री हुने भएपछि नजिकमै पसलको लागि कोठा व्यवस्थापन गरी पसल संचालन गरें । संस्थाले दिएको सहयोगमा आफ्नो तर्फबाट पनि केही लगानी थप गरी पसल विस्तार गर्दै गयौं । हाल पसल नाफामा चलिरहेको छ । गएको एकबर्षको मुल्यांकन गर्दा एक लाख १० हजार रूपैया जति नाफा भएको छ । नाफालाई बचत गरिरहेको छु । मैले पाएको ४० हजारको सहयोग रकम निश्चित अवधि पछि समूह भित्र फिर्ता पनि गर्नेछु । यो पसलसँग नास्ताको परिकार पनि थप गरि क्यान्टिन पनि संचालनको तयारी गर्दैछु ।



# सामुदायिक सु-शासन सबलीकरण

हरेक मानिस भित्र ज्ञान, सीप, अनुभव र क्षमता छ, उपयुक्त वातावरण पाएको खण्डमा हरेक मानिसले आफ्नो जीवन सहज रुपमा अघि बढाउन सक्छ भन्ने मान्यतामा रहेर सहकर्मी समाजले आफ्ना सामुदायिक रुपान्तरणका कार्यक्रमहरुको विकास गरी कार्यान्वयन गर्दै आएको छ।

सहकर्मी समाजले आफ्नो रूपान्तरणका लागि समुदाय आफैले अग्रसरता लिने र आफ्ना आवश्यकताहरुको पहिचान गरी स्थानीय श्रोत साधनहरुको पहिचान, परिचालन र संरक्षण गर्दै अन्य निकायहरुसंग साझेदारीका हातहरु अघि बढाउने प्रकृयाले मात्र सामुदायिक विकास प्रकृया दीगो हुन सक्दछ भन्ने कुरामा विश्वास गर्दछ र सामुदायिक परिवर्तनमा समुदायको स्वामित्व वोध हुन सक्छ भन्ने मान्यता राख्दछ।

सहकर्मी समाजले २०५५ सालदेखि नै विकास प्रक्रियामा समुदायको पहुँच तथा नियन्त्रण खोज्दै उनीहरुको पूर्ण सहभागितामा संचालन हुने गरी आफ्ना कार्यक्रमहरुको कार्यप्रकृया विकास गर्ने र कार्यान्वयन गर्दै आएको छ। आफ्ना सबैजसो कार्यक्रमहरुमा सामुदायिक सु-शासन सबलीकरणको सवाललाई कार्यक्रमको मूल विषयको रूपमा उठाउने र त्यसलाई कार्यान्वयनमा स्थानीय समुदायको सहयोग र समर्थन खोज्दै आईरहेकोछ।

दीगो विकास प्रकृयामा नागरिकहरुको भूमिका सबल र प्रभावकारी हुनु आवश्यक छ। आफ्ना समस्याको पहिचान गर्ने, विश्लेषण गर्ने र त्यसको समाधानका लागि उपायहरुको खोजी गरी त्यसलाई कार्यान्वयन गर्ने निरन्तरको प्रकृयाले मात्र नागरिकहरुलाई समुदायको विकास प्रकृयामा क्रियाशिल तथा जिम्मेवार बनाउँदछ।

स्थानीयस्तरमा नागरिकहरुको सक्रिय र प्रभावकारी भूमिकाले मात्र स्थानीय सु-शासन सबल हुन सक्दछ र सरकारका स्थानीय निकायहरु जिम्मेवार तथा जवाफदेही हुन सक्दछन्। स्थानीय सवालहरुको समाधानका लागि नागरिकहरुले जिम्मेवारी लिने, आफ्नो कर्तव्यको परिपालना गर्ने, आफूमा सादगी र सदाचार पूर्ण ब्यवहार खोज्ने र राज्यको भूमिकालाई प्रभावकारी बनाउन योगदान गर्ने कुराले मात्र स्थानीय सु-शासनको बलियो आधार निर्माण हुन सक्दछ।

नागरिकहरुको भूमिकालाई सबलीकरण गर्दै समुदायस्तरमा सु-शासन बलियो बनाउनका लागि सहकर्मी समाजले सीमान्तकृत तथा छेउ लागेका समुदायमा सामुदायिक समूह अभ्युदय, समस्या विश्लेषण, समाधानका उपाय खोज्न र उपयुक्त योजनाको छनोट गरी स्थानीय श्रोतमा आधारित कार्यान्वयन गर्नका लागि सहजीकरण प्रकृया संचालन गर्दै आएको छ।

संस्थाले अवलम्बन गर्दै आएको '**सशक्तिकरण तथा सामाजिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट)**' प्रकृयाले सामुदायिक समूहहरुले कार्ययोजना बनाएर काम गर्ने, स्थानीय सामुदायिक समूहहरुलाई स्थानीय श्रोतमा आधारित योजनाहरु बनाउने र कार्यान्वयन गर्ने कुरामा जोड दिदै आईरहेकोछ । समुदायका आवश्यकतामा आधारित योजनाहरु सम्पन्न गर्ने क्रममा बाह्य स्रोतको आवश्यकता परेमा विभिन्न सेवा प्रदायक संस्थाहरुसंगको सम्बन्ध र सहकार्यको वातावरण निर्माणका लागि संस्थागत परामर्श दिदै आईरहेकोछ ।

सामुदायिक समूहहरुलाई समस्या समाधान प्रकृयामा सहजीकरण गर्न र समुदायको सवालहरुलाई अगुवाई गर्नका लागि समूहहरुले छनोट गरेको सामुदायिक अगुवाहरुका लागि नेतृत्व क्षमता तथा सहजीकरण सीप विकासका लागि विभिन्न तालिम, कोचिङ्ग तथा मेन्टोरिङ्ग सेवा उपलब्ध गराउँदै आईरहेकोछ । परिणाम स्वरुप सामुदायिक सहयोगीहरुले सामुदायिक समूहहरुको सबलीकरण तथा निरन्तर संचालनका लागि जिम्मेवारीपूर्वक अगुवाई गर्ने गर्दछन् ।

सामुदायिक समूहहरुको सहकार्य र शक्तिलाई संगठित बनाउँदै सामुदायिक सवालहरुलाई प्रभावकारीरुपमा उठाउन र आपसी सिकाई तथा सहकार्य विकास गर्नका लागि समूहहरुको वीचमा गाउँ तथा नगरपालिका वडाहरु स्तरमा मूलसमिति र कार्यक्षेत्रमा रहेका पायक पर्ने पालिकाहरुमा समुदायमा आधारित कार्यसंजाल संस्थाहरुको स्थापनाका लागि सहजीकरण गर्दै आएको छ । सामुदायिक समूहहरुको संजाल निर्माण गर्दै उनीहरुलाई सवालमा स्पष्ट हुन र संस्थागतरुपमा स्थापित हुनका लागि संस्थागत क्षमता विकासमा सहयोग तथा समर्थन दिदै आईरहेकोछ ।

नागरिकहरुको क्रियाशिल सहभागिता र नागरिक दायित्वको प्रभावकारी पालनाले मात्र स्थानीयस्तरमा सु-शासन प्रभावकारी हुन्छ भने स्थानीयस्तरको सु-शासन प्रकृयाले समग्र राष्ट्रको



सु-शासन प्रभावकारी बनाउनका लागि सहयोग पुग्दछ । सहकर्मी समाजले अवलम्बन गर्ने नागरिक स-शक्तिकरण तथा सहभागिता सबलीकरणको कार्यक्रमले राज्यद्वारा संचालन गरिएका क्रियाकलाप तथा सेवामा नागरिकहरुको पहुँचलाई सुनिश्चित गर्दै आईरहेकोछ ।

यस प्रकारको प्रकृयाले सामुदायिकस्तरमा रहेको स्रोतको पहिचान, परिचालन तथा संरक्षण कार्यमा नागरिकहरुको भूमिका प्रभावकारी बन्दै गएको छ, समाजमा भएका सामाजिक बिकृत संस्कार तथा अभ्यासहरुलाई न्यूनीकरण गर्दै सामाजिक न्यायमा आधारित सामाजिक रुपान्तरण प्रकृया सबलीकरण गर्दै असल अभ्यासहरुको थालनी हुँदै गएकोछ । आर्थिक वर्ष २०७६/७७ वर्षभरिमा सहकर्मी समाजले सामुदायिक सु-शासन सबलीकरणका लागि गरेका मुख्य कृयाकलाप तथा तथा प्राप्त उपलब्धीहरु निम्नानुसार रहेका छन् ।

### क) समस्या विश्लेषण, कार्ययोजना तथा कार्यान्वयन

कोसेली कार्यक्रम अन्तर्गत दाङको बंगलाचुली, दंगीशरण, गढवा, राजपुर, गाउँपालिका र घोरही उपमहान्गर पालिका १९ नं वडामा रहेका १ सय ८८ बटा सामुदायिक समूहमा १ हजार ९ सय ५२ वटा नियमित बैठक सम्पन्न भई ९ सय ७४ वटा समस्या विश्लेषण गरिएको छ भने ८ सय ९६ वटा कार्ययोजना निर्माण गरी ८ सय २७ वटा कार्ययोजना कार्यान्वयन भएका छन । शिवालय, छेडागाड र भेरी नगरपालिका तथा टोल विकास संस्था कार्यक्रम अन्तर्गत भेरी नगरपालिकामा वर्षभरीमा २ हजार २ सय ६७ वटा वैठकहरु सम्पन्न भई १ हजार १ सय ६ वटा समस्याहरुमा विश्लेषण भई १ हजार ४ सय २० वटा कार्ययोजना निर्माण भई १ हजार २ सय १८ वटा कार्ययोजनाहरुको कार्यान्वयन भएका छन ।

समुदायले आफ्नै श्रोत र लगानीमा सम्पन्न गरेका कार्यक्रमहरुबाट स्थानिय सरकार प्रभावित भएको छ जसले समूह, मुलसमिति र कार्यसञ्जाल संस्था र स्थानिय सरकारको वीचमा समन्वय र सहकार्यको वातावारण श्रृजना भएको छ ।



झाडा पखाला लाग्ने, खान नपुग्ने, धारामा पानी नआउने, पाठेघर खस्ने, बसाईसराई, लागुपदार्थको प्रयोग, घरायसी झगडा, बच्चा स्कुल नजाने, तरकारीमा रोग किरा लागेको, जातिय छुवाछुत, घरमा फोहर, बाटोमा फोहोर, बाढी पहिरो, बाटोमा झाडी, सर्पको टोकाई, विद्यार्थीहरु मोबाईलमा व्यस्त, तरकारी मागेर खाने, बंगुर मर्ने, बाटोमा प्लाष्टीक छरपष्ट, पशु छाडा, महंगो ब्याज, मरेको पशुले बाटोमा दुर्गन्ध, बाटोमा हिलो, श्रीमान श्रीमती झगडा, बालविबाह, वहुविवाह, विधुत पोल ढलेको, कोरोना भाईरस, पाठेघर खस्ने, बाटोमा खाडल, अगुवाले सूचना लुकाउने, सिसाले खुट्टा काट्ने, बैठक बस्ने ठाउँको अभाव, पशु छाडा, पशु विरामी आदि रहेका थिए।



बाटो निर्माण, मर्मत तथा सरसफाई, पानीको मुहान, धारा, कुवा मर्मत तथा सरसफाई, समूहमा बचत नियमित संकलन र आयमूलक काममा परिचालन, पानी संकलन गर्ने पोखरीहरु मर्मत तथा सरसफाई, झाडी सरसफाई, बनमा बृक्षारोपण र बार बन्धन, घरमा भाँडा सुकाउने चाङ निर्माण, फोहोर फाल्ने खाडलहरु निर्माण, स्कुल तथा मठ मन्दिरको सरसफाई तथा फिल्ड निर्माण, मरेका पशु गाड्ने, करेसावारी तथा व्यवसायिक तरकारी खेती, बाख्रा, कुखुरा पालन, माछा पालन, फ्रेस हाउस संचालन, बैठक घर निर्माण फेन्सी तथा किराना पशल संचालन, पाठेघरको उपचार जस्ता कामको कार्यान्वयन भएको छ। समूह तथा मूल समितिले करिव ७० प्रतिशत कार्ययोजना स्थानीय श्रोत साधनको प्रयोगबाट कार्यान्वयन गरेका छन भने ३० प्रतिशत कार्ययोजना बाह्य श्रोतको परिचालन गरि कार्यान्वयन गरेका छन।





युरोपीयन युनियनको आर्थिक सहयोगमा सञ्चालित सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तर्गत कालीकोट, जाजरकोट र सल्यानमा गरी जम्मा १ सय ५१ सामुदायीक समूहहरुमा अर्धमासीक रुपमा हालसम्म ९ सय ३५ वटा वैठकहरु वसी विभीन्न सवालहरुमा छलफल गरी ६ सय ६७ वटा कार्ययोजना वनेकोमा ५ सय ९६ वटा कार्यान्वयन समेत भएका छन्।

बांच्नका लागि कमाउन पाउने अधिकार रियल कार्यक्रम अन्तर्गत थारु कुमाल तथा मधेशी समुदायमा अभ्यूदय भएका सामुदायिक समूहहरुको नियमित बैठक तथा आवश्यकता अनुसार थप बैठक सहजीकरण गर्ने गर्ने काम भएको छ। लोपोन्मुख तथा सीमान्तीकृत समुदायले भोग्दै आएका साझा समस्याहरुलाई समूहमा कोडको माध्यमद्वारा विश्लेषण गरी त्यसबाट आएका उपायहरु र उत्तम विकल्पहरुमा कार्ययोजना बनाउन मद्दत गरियो। यस अवधिमा ११ वटा समूहमा २५ पटक समस्या विश्लेषण गर्ने काम भयो। १२ वटा कार्ययोजना निर्माण र ९ वटा कार्ययोजनाको कार्यान्वयन गरिएकोछ।

नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र बर्दियामा रहेका ८ समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुमा आवद्ध ३ सय ६० वटा सामुदायिक समूहरुको नियमित बैठकहरुले ८ सय ६३ वटा समस्याहरुको विश्लेषण गरी ८ सय ३२ वटा कार्ययोजना निर्माण गरी ८ सय ३० वटा कार्ययोजनाको कार्यान्वयन गरेका छन्।

यो नियमित प्रकृयाले समान्तीकृत समुदायका साझा चासोका विषयहरुमा छलफल भई समाधानका प्रयास र प्रयत्नहरु अघि बढेका छन। स्थानीय सरकारका सेवा सुविधाहरु सम्वन्धि जानकारी अभिवृद्धि भएकोछ। सरकारी सेवा सुविधाहरु प्राप्तीका लागि विभिन्न प्रयासहरु जारी रहेका छन।

कोरोना भाईरस सम्बन्धी सचेत गराउने, साबुन पानीले हात धुने गरेका छन् । माक्सको प्रयोग, अति आवश्यक परेको बेला मात्र घर बाहिर जाने गरेका छन् । सेनिटाइजरको प्रयोग देश बाहिरबाट आएका ब्यक्तिबाट टाढा रहेको, बैठक बस्न गाह्रो भएको, समूहको भवन निर्माण, ४ वटा समूहको भवन बनिसकेको २ वटाको घर निर्माणको छलफल भइरहेकोछ । कृषि सेवा सुबिधामा पहुच कम, कृषि समूह दर्ता, १२ वटा समूहमा छलफल भएको र दर्ता हुने प्रक्रियामा रहेको परजीबि (जुका, किर्ना) पशु प्राबिधिकसंग परार्मश लिने, पोटेक्स, अबलेन्डाजोल नामक ओषधीको प्रयोग, बालीनाली नोक्सान पशु नियन्त्रण, बार बान्ने, छाडा पशुहरुलाई गौशालामा पठाउने, पशु बिरामी, खोर सुधार, खोर निर्माण भएको छ ।



### ख) सामुदायिक सु-शासनका लागि क्षमता विकास

कोशेली कार्यक्रम सन् २०१९ को सामाजिक लेखा परिक्षण सम्पन्न गरिएको छ । कार्यसंजाल संस्था, मूल समिति र समूहहरुले नियमित बैठक, भेला अन्तरक्रिया र वार्षिक साधारण सभा आयोजना गरि संचालित कार्यक्रमको प्रगति समीक्षा गर्दै आएका छन् । दाङका १ सय ८८ समूहका १ हजार ९ सय ५२ वटा नियमित बैठक सम्पन्न भएका छन् । १ सय ८८ समूहले आफ्नो बार्षिक साधारण सभा सम्पन्न गरेका छन् । समूह, मूल समिति र संजाल संस्थाहरुले नीति तथा कार्यविधिहरुको निर्माण तथा आवश्यक संशोधन गरि प्रभावकारी कार्यान्वयन गर्दै आएका छन ।

दाङको बंगलाचुली, दंगीशरण, राजपुर, गढवा गाऊँपालिका तथा घोराही उपमहान्गरपालिका १९ मा गठित १ सय ८८ सामुदायिक समूहमा दलित, जनजाती, बाहुन क्षत्री, मधेशी र अन्य गरि ३ हजार ९ सय ८६ सदस्य आबद्ध रहेका छन भने २२ हजार ७ सय ४५ जनसंख्या प्रत्यक्ष लाभान्वित हुँदै आएका छन् ।

जाजरकोटमा कोशेली कार्यक्रम अन्तरगत एक वटा कार्यसञ्जाल संस्था पश्चिम जाजरकोट विकास समाज जसमा ९ वटा मुलसमिति तथा ६८ वटा सामुदायिक समूहहरु आवद्ध छन जसमा १ हजार ३ सय ४३ घरपरिवारका १ हजार १ सय ३० महिला र २ सय २१ पुरुष गरि जम्मा १ हजार ३ सय ५१ सदस्यहरु प्रत्यक्ष संलग्न रहेका छन । भेरी नगरपालिकाको ८ वटा वडामा ८ वटा मुल समितिका ९ सय ८७ घरपरिवारका ९ सय ५८ महिला र २९ पुरुष समूहमा समूहमा आवद्ध भइ कार्यसञ्जाल संस्था निर्माणको प्रकृयामा रहेका छन भने टोल विकास संस्था परिचालन कार्यक्रम अन्तरगत ४९ वटा समूहमा ८ सय ६४ महिला र २ सय ८६ पुरुष गरि जम्मा १ हजार १ सय ५० घरपरिवारका १ हजार १ सय ५० सदस्य आवद्ध रहेका छन् ।

युरोपीयन युनीयनको आर्थीक सहयोगमा सञ्चालित सुशासनमा नागरिक सहभागीता कार्यक्रम अन्तर्गत कालीकोट, जाजरकोट र सल्यानमा गरी जम्मा १ सय ५१ सामुदायीक समूहहरुमा ४ हजार ४ सय १५ घरधुरी समावेस भइ नीएमीत छलफल सहजीकरणमा सक्रिय रुपमा सहभागीता जनाईरहेका छन् । शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई र कृषिसंग सम्बन्धित विभीन्न सवालहरुमा छलफल र सहजीकरण भइरहेको छ ।

रियल कार्यक्रम अन्तर्गत सामुदायिक सु-शासनको कुरामा पनि समूहका सदस्यहरु सचेत छन् । उनीहरु समूह भित्रको सु-शासन कायम गरेका छन् । सेवा प्रदायक संघसंस्थाहरुलाई पनि जवाफदेही बनाएका छन् । सामुदायिक समूहमा समुदायमा सुशासन कायम गर्नका लागि सामुदायिक वन, समूहको साधारण सभामा भाग लिने, आफूलाई चित्त नबुझेका अन्योल भएको कुरा सोध्ने, आफूले पाएको जिम्मेवारी पूरा गर्ने, समूहका हिसाब किताब राख्ने, निर्णय गर्ने, माइन्यूट लिखितरुपमा राख्ने, आवश्यकता परेकोबेला देखाउने, जवाफ दिने बानीको विकास गर्न लागेका छन् । समूहका साधारण सभाहरुमा स्थानीय जनप्रतिनिधि, पार्टी प्रतिनिधि र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने र समूहले गरेका गतिविधिहरु



सुनाउने तथा आफ्ना समस्याहरुको समाधानकोलागि उनीहरुबाट प्रतिवद्धता देखाउन लगाउने कामहरु गरेका छन् । यो वर्षमा ८ वटा समूहले आफ्नो वार्षिक साधारण सभा गरेका छन् । स्थानीय रेडियो एफ.एमबाट पनि समूहको क्रियाकलापहरुलाई प्रचार प्रसार गर्ने आदि क्रियाकलापहरु गर्दै आएका छन् । साथै सीमान्तीकृत समुदायका सदस्यहरु वस्तीस्तरीय योजना छनौट बैठकम सहभागी हुने, आफ्ना समस्याहरु राख्ने र वडामा आफूले राखेका समस्याहरु प्राथमिकतामा परे वा परेनन् भनेर सोधपुछ गर्ने गरेका छन् ।

नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र बर्दिया जिल्लामा रहेका समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको क्षमता विकासका लागि नियमित बैठकहरुको सहजीकरण, संस्थाको अवस्था विश्लेषण, जनवकालत तथा नेतृत्व सीप विकास तालिम, कार्यक्रम साझेदारहरुका लागि कार्यशालाहरुको आयोजना, नियमित परामर्श तथा मेन्टोरिंग जस्ता कामहरु गरिएका छन ।

स्थानीय सरकारहरुको क्षमता विकासका लागि जनकेन्द्रित विकास कार्यशालाहरु, स्थानीय सरकारको जवाफदेही संयन्त्र सम्वन्धि अन्तरक्रियाहरु, सामाजिक समावेशीकरण सम्वन्धि अन्तरक्रियाहरु, स्थानीय सरकार सञ्चालन सम्वन्धि अन्तरक्रियाहरु र स्थानीय सरकारको योजना निर्माण सम्वन्धि अन्तरक्रियाहरु मार्फत सामुदायिक सुशासनका लागि क्षमता विकासका प्रयासहरु गरिएका छन् ।

थारु समुदाय विकास मञ्च अति बिपन्न, सिमान्तकृत, पछि पारिएका समुदायहरुमा काम गर्ने गरेकोले त्यस क्षेत्रमा बसोबास गर्ने ब्यक्तिहरु बिभिन्न बिकासको क्षेत्रमा पछाडी परेका हुन्छन । बिभिन्न कुरिति, कुसंस्कारले जडो गाडेको हुन्छ तसर्थ त्यस्ता बिध्न बाधा कुसंस्कारलाई निराकरण गर्नमा थारु समुदाय विकास मञ्चले बिभिन्न किसिमका तालिम, कार्यशाला, गोष्ठी, जनचेतनामुलक कार्यक्रमको आयोजना गरि समूह सदस्यहरुमा आपसि सहयोगको बाताबरण सिर्जना गर्ने, जनचेतना फैलाउने, तथा ब्यक्तिगत बिकास गर्ने गर्दछ ।

### ग) सरकारी सेवा सुविधामाथिको पहुंच वृद्धि

समुदायमा सरकारी सेवा सुविधाको प्रावधान, श्रोत प्राप्तिको प्रक्रिया र पहुँच बृद्धिका लागि छलफल, कोचिङ्ग र परामर्श सहयोग गरिदै आएको छ । मूल समिति तथा कार्यसंजाल संस्थाहरुले वडा भेला मार्फत समुदायका समस्या तथा योजनाहरुलाई सम्वन्धित पालिकाहरुमा पेश गर्ने काम गरिरहेका छन । यस विचमा दक्षिण देउखुरी अधिकार मञ्चले गढवा गाउँपालिका संग १० लाख, सहकर्मी समाज मार्फत विकास कोष नर्वेबाट ९ लाख ५० हजार र आन्तरिक लागत रु ८ लाख ८७ हजार गरि रु २८ लाख ३७ हजार खर्च गरि संस्थाको कार्यालय भवन निर्माण गर्ने काम सम्पन्न गरेको छ । यस बर्ष विभिन्न क्रियाकलापहरु सम्पन्न गर्नका लागि सामुदायिक समूहहरुले रु एक करोड ७ लाख ४७ हजार वरावरको वाह्य रकम प्राप्त गरि सामुदायिक सुविधा निर्माण तथा जीविकोपार्जन सुधार लगायतका कामहरु सम्पन्न गरेका छन् ।



उक्त श्रोतको प्रभावकारिताका लागि सरकारी सेवा सुबिधाहरुको गुणस्तर मापन अन्तरक्रियाहरु ७ पटक संचालन गरिएको छ। जसमा जननिर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, समूह तथा समुदायका मानिसहरुको सहभागिता रहेको थियो । यसै गरि श्रोतको प्रभावकारी परिचालनका लागि छलफल तथा अन्तरक्रियाहरु ४ पटक आयोजना गरिएको थियो ।

जाजरकोटमा समुदायको पहुँच विस्तारका लागि समूह, मुलसमिति तथा कार्यसञ्जाल संस्थाहरुले सरोकारवालाहरु सँग आपसी अन्तरकृया गर्ने, आफ्नो कार्यक्रमहरुमा आमन्त्रण गर्ने, सरोकारवालाहरुको कार्यक्रममा सहभागि हुने र सहकार्यको वातावरण श्रृजना गर्ने जस्ता महत्वपूर्ण प्रतिवद्धताका साथ समूहहरुको पहुँचमा वृद्धी भएको छ भने सहकर्मी समाजको तर्फवाट ७ वटा सरकारी सेवा सुविधाहरुको गुणस्तर प्रभावकारिता मापन कार्यशाला सम्पन्न भयो जुन कामले जनप्रतिनिधि र समूहहरु विच आपसी सम्वन्ध, समन्वय र सहकार्य सहित आगामी दिनमा विकास निर्माण र परिवर्तनका लागि अगाडी वढ्ने जस्ता प्रतिवद्धता जनाए अनुरुप समुदायको सेवा सुविधा तथा पहुँचमा वृद्धी भएको छ।

कोशेली कार्यक्रम जाजरकोटका सामुदायिक समूहको काम र समूहले गरेका गतिविधिहरुबाट समूह, मुलसमिति तथा कार्यसञ्जाल संस्थाले स्थानीय सरकारबाट विउविजन, फलफुल विरुवा तथा विभिन्न खालका क्षमता विकास तालिमहरु प्राप्त गर्न सफल भएका छन्। समूहहरुले आफ्नो पहुँच विस्तार भएको महशुस गरेकका छन्।

सुशासनमा नागरीक सहभागीता कार्यक्रमले समुदाय स्तरका नागरीक, स्थानीयपालिका र प्रदेश सरकारलाई समेत लक्षित गरी विभीन्न कार्यक्रमहरु सञ्चालन गरेको छ । सामुदायिक समूहहरुको सामूदायिक सेवा सुविधा माथीको पहुँचमा वृद्धी भएको छ । शिक्षा, खानेपानी सरसफाई, स्वास्थ, कृषि लगायत विविध क्षेत्रमा देखिएका समस्याहरु वडा कार्यालय वा पालिकामा वुझ्न जाने, छलफल गर्ने र उपलब्ध स्रोतहरु प्राप्त समेत गरेका छन् । फलस्वरुप तीन जिल्लाका १२ वटा पालिकामा अवस्थित सामुदायिक समूहहरुले ४ सय २५ विभिन्न सुविधाहरु प्राप्त गरेका छन्। जसबाट २ हजार ४ सय २१ महीला र १ हजार ४ सय ६७ पुरुष गरी ३ हजार ८ सय ८८ जनसङ्ख्या लाभान्वित भएका छन्।

कोहलपुर नगरपालिका-१४, हवलदारपुर स्थित चिडिमार समुदायमा गठन भएको एकता समूहमा एउटा हेन्डपम्प उपलब्ध गराउने निणर्य गरेको छ। कोहलपुर नगरपालिकाले वडा नं.-१४ स्थित चिडिमार समुदायमा वडा कार्यालयको तर्फबाट सिंचाई तथा पिउने पानीको लागि एउटा समरसेवल जडान भएको छ। कोहलपुर नगरपालिका वडा नं.-१५ स्थित चौधरिया, शंकरपुर र प्रेमपुरमा करिव ४ लाख ३० हजारको लगानीमा ३ वटा समरसेल जडान गरिएको छ। उक्त समरसेल जडानपछि स्थानीय चिडिमार समुदायलाई खानेपानी तथा सिचाईको लागि सहज भएको छ, चिडिमार एकता समूह र कोहलपुर नगरपालिका आर्थिक शाखाको पहलमा भने चिडिमार समुदायका सदस्यहरुले बेमौसमी तरकारी खेती गरी जीविकोपार्जनमा सुधार भएको छ,

कृषि यान्त्रीकरण परियोजना नक्टाझिझ धनुषाको अनुदानमा चिडिमार एकता समूहमा रु. १ लाख वरावरको एउटा स्यालो ट्यूवेल जडान गरिएको छ। उक्त स्यालो ट्यूवेल पश्चात एक घर परिवारले तरकारी विक्री गरेर मासिक १५ देखि २० हजार आम्दानी गर्दै आएका छन्। नेपालगञ्ज उप-महान्गरपालिका वडा नं.-२० स्थानीय संघसंस्थाहरु र लाभग्राही कुशबन्धिया समुदायका सदस्यहरुबीचको अन्तरक्रिया र पञ्चवर्षिय आवधिक योजना निर्माण कार्यशाला पश्चात वडा नं. २० ले गायत्री समूहका सदस्यहरुको वसोवासको लागि जमिन छुट्याएको छ। १३ घर परिवार मध्ये ५ घरपरिवार आफ्नो घर निर्माण गरेर वसोवास गर्ने क्रममा छन् भने बाँकी घरपरिवारहरु पनि निर्माण गर्ने क्रममा छन् । गढवा गाउँपालिका वडा नं.-१, पत्रिङ्गा टोलका तरकारी कृषक समूहका सदस्यहरुले लगाएको तरकारी खेती लामो बन्दाबन्दीका कारण बिक्रि गर्न नसकेर बारी मै सडेको हुनाले सहकर्मी समाजको परामर्शमा गाउँपालिकाबाट जनही रु. २० हजारका दरले २ जनाले रु. ४० हजार गढवा गाउँपालिका कृषिशाखा ईकाईबाट क्षतिपूर्ती पाएका छन्।

सव डिभिजन वन कार्यालयद्वारा कुलपानी सामुदायिक वन उपभोक्ता समिति मार्फत माटोको भाँडोहरु पोल्ने घरलाई



काँडेतार वार गर्ने र घरको छानोलाई माटोको टायलले छाउनको लागि प्रगति समूहले रु. ३० हजार प्राप्त गरेको छ। गढवा ९ वडा कार्यालयले खाने पानी र सिचाईको लागि बोरिङ्ग जडान भएको छ। गत आर्थिक वर्षमा वडा नं. ३ को कुल बजेटको ३०% रकम थारु कुमाल समुदायको जीविकोपार्जनको लागि खर्च भएको छ। उन्नत समूहका ३ जना सदस्यहरुले वडा कार्यालयबाट सिचाईको लागि मोटर पाएका छन् भने समूह वडाकार्यालयमा दर्ता गरि कृषिबाट पाउँने सेवा सुविधाहरु बीउ विजन र प्राविधिक सहयोगहरु प्राप्त गरेका छ।

गढवा गाउँपालिका वडा नं.-३ को बजेटद्धारा खैराका थारु कुमाल समुदायको माटो आवदी क्षेत्रको करिव ३ विघाह जमिनलाई तारवार गरेर सुरक्षित गरेको छ। कुल पानी सामुदायिक वन उपभोक्ता समितिले आफ्नो सामुदायिक वन क्षेत्र भित्रका थारुकुमाललाई माटो खन्न जेसिभी र बोक्नको लागि ट्याक्टर निशुल्क उपलब्ध गराउँदै आएको छ। त्यसै गरी भाँडा सुरक्षित राख्नको लागि १० वटा टिनले छाएका टहरा निर्माण गरेको छ।

बहिरी समूह, हिरमिनियाको अगुवाईमा मँगता समुदायको सामाजिक तथा आर्थिक अवस्थामा सुधार हुने उद्देश्यकासाथ बाँके जिल्लामा वसोवास गर्ने सवै मंगता समुदायको संयुक्त भेलाको आयोजना गरियो। उक्त भेलाले सम्पूर्ण मँगताहरुको पहिचान सहितको सामाजिक तथा आर्थिक सशक्तिकरणको हक सुनिश्चित गर्न एउटा "मँगता सामुदायिक उत्थान मञ्च" गठन गरी जिल्ला प्रशासन कार्यालय बाँकेमा दर्ता प्रक्रियामा रहेको छ। उक्त कार्यक्रम व्यवस्थापन गर्नको लागि डुडुवा गाउँपालिकाले बहिरी समूहलाई रु. २० हजार नगद सहयोग गरेको थियो।

सामुदायिक सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण कार्यक्रम अन्तर्गत विभिन्न अन्तरक्रियाहरुको सञ्चालनले न्यायिक भ्रष्टाचार सम्वन्धि जानकारी प्राप्त भएकोछ। भ्रष्टाचार रोकथाम गरी सुशासन स्थापनाका प्रयासहरु जारी रहेका छन्। सरकारी सेवा सुविधाहरुबारे स्थानीय सरकारले जानकारीको आदान प्रदान गरेका छन र प्राप्तीको प्रकृयावारे समुदायलाई जानकारी गराई उनीहरुसंगको समन्वय र सहकार्यको वातावरण सृजना भएकोछ। अधिकांश समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरु, वडा समन्वय समिति र सामुदायिक समूहहरुले सरकारी सेवा सुविधाहरु प्राप्तीका लागि कार्यक्रम विकास गरी पेश गरेका छन।

स्थानीय सरकारका सेवा सुविधाहरुको गुणस्तर मापन सम्वन्धि अन्तरक्रियाहरु स्कोर कार्ड विश्लेषण मार्फत सम्पन्न गरी स्थानीय सरकार र नागरिकहरुका बीचमा ब्यापक अन्तरक्रियाहरु मार्फत सम्वन्ध निर्माणका प्रयास र प्रयत्नहरु गरिएका छन्।

थारु समुदाय बिकास मञ्चले समुदाय स्तरमा बिभिन्न क्षमता बिकास, रणनैतिक योजना निर्माण, सरकारी क्षेत्र जस्तै वडा कार्यालय, नगरपालिकाका योजना निर्माणमा सहभागिता जनाउन सक्ने मानब शक्तिको निर्माण गर्ने कार्य गरिरहेको छ। बडा तथा पालिकाका सेवा सुबिधाहरुको बारेमा जानकारी गराउदै बिभिन्न आय आर्जनका कार्यमा सहभागिता बढाउने कार्यहरु गरिरहेका छ। हाल सालै थारु समुदाय विकास मञ्च द्वारा निर्मित लसिउरा कृषक समूहलाई ठाकुरबाबा न.पा.को कृषि शाखामा समूह दर्तागरि वडा नं. ४ बाट तरकारी उत्पादनका लागि २ लाख ३० हजार सहयोग प्राप्त गर्न सफल बनाएको छ।

दक्षिण देउखुरी अधिकार लाई गढवा गाउंपालिकावाट १० लाख प्राप्त गरेको, जिल्ला पशु तथा भेटनरी बाट ज्योती र शान्तिसुधार समूह लाई पांच पांच लाख बराबरको अनुदान प्राप्त, राजपुर गाउंपालिकावाट समूहको सदस्यलाई ८० हजार बराबरको अनुदान प्राप्त, गढवा गाउंपालिका र राजपुगाउंपालिकाबाट ५० जना लाई राहत प्राप्त, जनजागरण समूहले ३ नं. वार्ड कार्यलयबाट कुवा मर्मतको लागी रु ५० हजार सहयोग प्राप्त, शिवशक्ति समूहले ५ नं. वार्ड कार्यालयको सहयोगमा बेठक घरको भुई धलाई गरेका, ५ नं. वार्ड कार्यालय संग सहकार्य गरी ५ नं. मा रहेको समूहका सदस्यहरुलाई अवलोकन भ्रमण गराएको, जाग्रती समूहले गाउंपालिकाको ८ लाख सहयोगमा समूहको बैठक भवन निर्माण गरेको छ, एकता समूहले गाउंपालिक को १ लाख ५० हजार सहयोगमा समूहको बैठक भवन निर्माण गरेको छ, वार्ड कार्यालयद्धारा संञ्चालित सिलाई कटाई तालिममा बिभिन्न समूहका ५ जना सदस्यहरु सहभागी भएका छन्।



### घ) जीविकोपार्जन सुधार :

जीविकोपार्जन सुधारका लागि कोशेली कार्यक्रमवाट तरकारी खेती तालिम ४ पटक, उद्यमशिलता विकास तालिम १६ जनालाई १ पटक, आयमूलक कामका लागि १६ जनालाई २० हजारका दरले घुम्तिकोष सहयोग, २ सय ७० जनालाई फलफूल विरुवा ढुवानी र वितरणमा सहयोग, कोभिड १९ कोरोना महामारीमा ६ सय ६४ घरलाई धानको विउ तथा ५ सय ५० घरलाई तरकारी विउ राहत वितरण गरिएको छ। थोपा सिंचाईका लागि प्रविधि सहयोग १६ जना तथा सिलाई तालिम पछि ५ जनालाई मेसिन सहयोग गरिएको छ। दाङ जिल्लाका १ सय ८८ वटा सामुदायिक समूहको आफ्नै वचत कोष ३ करोड ६६ लाख ९० हजार ८ सय ५८ रहेको छ सो रकम मध्ये ६२ प्रतिशत आयमूलक काममा प्रयोग गरी आयआर्जन वृद्धि गरिरहेका छन। बाँकी ३८ प्रतिशत रकम घरायसी खर्च, शिक्षा, स्वास्थ्य उपचार, चार्डपर्ब खर्चमा लगानी भएको छ।



जीविकोपार्जनका लागि समुदायमा गरिएका आयमूलक काम जस्तै : किराना पसल संचालन ५८ जना, फेन्सी पसल संचालन १८ जना, बाख्रापालन ६ सय ५४ जना, भैसी पालन १ सय ५६, बंगुर पालन ७६ जना, बोईलर पालन १ सय ८२ जना, फ्रेसहाउस संचालन ७ जना, करेसाबारी तरकारी १ हजार ४ सय ५० जना, ब्यवसायिक तरकारी खेती ४ सय ६९ जना, सिलाई कटाई ब्यवसाय २३ जना, नास्ता पशल १० जना, केरा खेती ५, नगदेबाली खेती २ सय ८० जना, खाद्यान्न बालीमा बृद्धि १ हजार १ सय ४५ घर, माछापालन १० जना, घरेलु मिल जडान ५ घर, टिमुर खेती ५१ जनाले ४ हजार ३ सय ५१ बोट, फलफुल खेती ५ सय ७० जनाले १० हजार ६ सय ४२ बोट, लसुन प्याज खेती ८२ जना, च्याउ खेती २ सय ९७ जना, ईलेक्ट्रिक पसल ११ जनाले गर्दै आएका छन्।



**जीविकोपार्जनका लागि समूह बचत तथा परिचालन :**

| विवरण | बंगलाचुली र घोराही १९ | दंगीशरण गापा | राजपुर गढवा | जम्मा |
|---|---|---|---|---|
| वचत गर्ने समूह संख्या | ९३ | ५२ | ४३ | १८८ |
| समूहहरुको कूल बचत कोष | २,१७,३५,००० | २३,४३,०३१ | १,२४,१२,८२७ | ३,६४,९०,८५८ |
| लगानीमा रहेको कोष रकम | २१,७,०२,९६० | २२,९८,१६० | १,१९,०८,३६२ | ३,५९,०९,४८२ |
| ऋण लिने संख्या | १०३६ | २३० | ५७२ | १८३८ |
| नगद तथा बैंक मौज्दात | ३२०४० | ४४८७१ | ५०४४८५ | ५,८१,३९६ |
| आयमूलक काममा लगानी % | ६० | ६५ | ६० | ६२ |

जाजरकोटमा समूह बचत कोष रकम १ करोड २० लाख ५१ हजार ८ सय ४ आयआर्जनको काममा परिचालन भएको छ उक्त रकम १ सय १५ समूहका ८ सय ४९ जनालाइ आयआर्जनको काममा लगानि गरिएको छ। स्थानिय सरकारको सहयोगमा ३५ समूहका ४ सय ७० जनालाइ फलफुलका विरुवा उपलव्ध गराइएको थियो। सहकर्मी समाजले २५ समूहका २२ जनालाइ बाख्रापालन तथा पसल व्यवसाय सञ्चालन गर्न ५ लाख ५० हजार उपलव्ध गराइएको थियो। समूह कोष तथा सहकर्मी

समाजबाट प्राप्त सहयोगबाट सञ्चालन गरिएको आयआर्जनको कृयाकलापले अधिकांस सदस्यहरुको जीवनस्तर सुधारमा सहज पुऱ्याएको छ । भेरी नगरपालिकाकको सहयोगमा सञ्चालित टोल विकास संस्थाहरुको पनि बचत कोष रु २, लाख ४० हजार पुगेको छ जुन कोष परिचालन स्वरु २०.जनाको जीवनस्तरमा सहयोग पुगेको छ ।

सुशासनमा नागरीक सहभागीता कार्यक्रममा हाल सम्म जीविकोपार्जन सम्बन्धि प्रत्यक्ष आर्थिक तथा प्राविधीक सहयोग नभए पनि कार्यक्रमको नियमित छलफलको विधी, अन्य सहजीकरण र समन्वय मार्फत आयआर्जनका क्रियाकलापहरु मार्फत उत्प्ररीत भई विभिन्न समूहका सदस्यहरुको जीविकोपार्जनमा सधार आएको छ । समूहमा नियमित वचत जम्मा गर्ने, सामूहिक रुपमा भैलि खेलेर समूह कोषमा जम्म गर्ने, समूहको कोषबाट त्रण लिएर पसल, व्यापार, कृषि, पशुपालनमा संलग्न भएर आफ्नो आर्थिक अवस्था सुदृढ वनाएका छन् । भने साहुमहाजनको चर्को व्याजबाट जोगिएका छन् । १२ वटै पालिकाका १ सय ५१ समूहका सदस्यहरु मध्ये २११ जना विभिन्न आयआर्जनका क्रियाकलापमा संलग्न भई रु. ४४ लाख ३७ हजार ३ सय आम्दानी गरेका छन् ।

बाँके र दाङ जिल्ला गरेर ७ वटा वातरवरण मैत्री व्यवसायिक तरकारी खेती तालिमहरु सञ्चालन भएका छन् । जसमा २६ महिला र ४४ पुरुष गरी ७० जनाको सहभागिता रहको थियो । तालिमका सहभागीहरुलाई मौसमी तथा बेमौसमी तरकारीको बीउविजनहरु वितरण गरिएको थियो । तालिम लिएका मध्ये ५०% भन्दा बढी सदस्यहरुले प्रत्येक मौसममा मौसमी तथा बेमौसमी तरकारी खेतीबाट जनही १० हजार देखि ५० हाजर सम्म आम्दानी गरेका छन् भने बाँकी सदस्यहरुले आफ्नो घरमा ताजा तरकारी खाना थालेका छन् भने केही स्थानीय बजारमा विक्री पनि गर्ने गरेका छन् ।



बन्दाबन्दीको समयमा पनि गढवा गाउँपालिकाका विभिन्न ९ वटा समूहका २५ जना सदस्यहरुले बेमौसमी तरकारीहरु काउली, बन्दा, खुर्सानी, भिन्डी, टमाटर बेचेर जनही रु. २० देखि ५० हजार सम्म आम्दानी गरेका छन् भने बाँकी तरकारी लकडाउनको समयमा विक्री गर्न नपाएर नोक्सान भएकाले गाउँपालिका कृषि शाखाले जनही रु.२० हजार क्षतिपूर्ति दिएको छ । बाँके कोहलपुर नगरपालिका-१५ स्थित चिडिमार एकता समूहका ४ जना सदस्यहरुले लकडाउनको समयमा पनि स्थानीय गाउँघरमा बेमौसमी तरकारीहरु बेचेर ५-१५ हजार सम्म कमाउन सफल भएका छन् ।



बाँके जिल्लाको डुडुवा गाउँपालिका-१ को अति दुर्गम मानिने चौफेरी गाउँमा रहेको २० घर मंगता परिवार मध्ये ५ घरपरिवारले हिउँदे सिजनमा तरकारी बेची जनही ५-१५ हजार रुपैयाँ सम्म आम्दानी गरेका छन् । सहकर्मी समाजले गतवर्ष कृषि तालिममा सहभागि गराएका सदस्यहरुले आफ्नो मौसमी तथा बेमौसमी तरकारी खेतीलाई निरन्तरता दिई रहेका छन् । उनीहरु मध्ये अधिकांश सदस्यहरुले आफ्नो व्यवसायबाट निरन्तर आम्दानी गरि रहेका छन् । उनीहरुले तरकारी खेतीबाट गरेको प्रगतिलाई देखेर नयाँ सदस्यहरु पनि उत्साहित भएका छन् ।

दाङ जिल्लाको गढावा गाउँ पालिका-४, परस्पुरमा एक जना सदस्यले आफ्नो ३ कठ्ठा जमिनमा लगाएको तरकारी खेतीबाट राम्रो आम्दानी भएकाले हाल उनले ७ कठ्ठा जमिन व्यक्तिगतरुपमा लिजमा लिएर त्यसमा आधुनिक प्रविधिबाट तरकारी खेती गर्न थालेका छन् भने तरकारीलाई चाहिने मलको आपूर्तिको लागि बंगुर तथा कुखुरा पालन गरेका छन् । जसबाट खेतवारीमा खेर गएको तरकारी बंगुर तथा कुखुराले खान्छन भने जमिनमा सजिलै मलको आपूर्ति हुन्छ । तरकारी खेतीबाट आम्दानी हुने देखेर बाँके जिल्लाको कोहलपुर-१५

स्थित चिडिमार एकता समूहको एकजना किसान सदस्यले यो सालदेखि वार्षिक १३ हजारमा ८ कठ्ठा जनिम लिजमा लिएर तरकारी खेतीको शुरुवात गरेका छन् ।

यूरोपियन युनियनको वीत्तिय सहयोग तथा ईको कोअपरेशन नेपालको प्राविधिक सहयोगमा सहकर्मी समाज सुर्खेतद्वारा सञ्चालित जीविकोपार्जनका लागि आय-आर्जन गर्न पाउने अधिकार परियोजना अन्तर्गत सीमान्तीकृत तथा अल्पसंख्यक थारुकुमाल समुदायमा १ लाख ४४ हजार ४ सय ८० र कुशबन्धिया समुदायमा २ लाख ३ हजार रुपैयाँ घुम्तीकोष वापत उपलब्ध गराईएको थियो । उक्त रकमबाट ७४ जना सदस्यहरुले राम्रो आम्दानी गरेका छन् ।

नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत रहेका सामुदायिक समूहहरुको बचत कोषको रकम करीव ४ करोड ७२ लाख रहेकोछ र उक्त रकमलाई आयआर्जनका क्षेत्रमा परिचालन गर्ने योजना कार्यान्वयन गरी सिमान्तीकृत समुदायका मानिसहरु आआर्जनका विभिन्न क्रियाकलापहरुमा सहभागि भएका छन् । बाख्रापालन, कुखुरापालन, बंगुरपालन, तरकारी खेती, माछापालन, खुद्रा पसल, सिलाई कटाई, औषधी पसल, मासुपसल जस्ता आयआर्जन मार्फत जीवन सहज बनाउने प्रयत्नहरु जारी रहेका छन् । सामुदायिक समूहहरु कृषि तथा भेटनरीमा आवद्ध भई सरकारी सेवा सुविधाहरु सहज रुपमा प्राप्त गर्ने वातावरण निर्माण भएकोछ ।



कोसेली कार्यक्रम अन्तर्गत बर्दिया जिल्लाको बढैयाताल गाउंपालिकामा रहेको नेपाल गन्धर्व समाजका अन्तरगत ज्योती समूहका २५ घर मध्ये १७ घर परिवारमा आय आर्जनका कामहरुले परिवारको आर्थिक र सामाजिक अवस्था सुधार भएको छ । १३ घर बाख्रापालन, १ घर बंगुरपालन, २ घर भैसीपालन, १ घर खुद्रापसल गरेर आय आर्जन गरेका छन् । अन्य ८ घरले करेसाबारी तरकारी खेती र मजदुरी गरेर जीविकोपार्जन गरेका छन् । छोरा छोरीहरुलाई स्कूल पठाउने, सरसफाई गर्ने, मौषम अनुसारका कपडा लगाउने अवस्थामा सुधार भएको छ । समूहमा बचत गरेर महिलाहरुले आवश्यकता अनुसार पालोपालो ऋण लिएर घर धन्दा चलाएका छन् ।

समूहबाट १५ हजार ऋण लगेर खुद्रा पसल संचालन गरी हाल खुद्रापसल, माछा विक्री गर्ने, अटो रिक्सा संचालन आदी कामहरु संचालन गदै आउनु भएको छ । कसैले बंगुरपालन, बाख्रापालन र तरकारी खेती गरी दैनिक जीविका संचालन गर्दै आएका छन् । घुम्ती कोष र बचत रकम गरी जम्मा रु. ४ लाख २० हजार सदस्यहरूले आय आर्जनको काममा ६ महिना देखि २ वर्ष सम्म ऋण लगेर कामहरु गर्दै आएका छन् ।

थारु समुदाय विकास मञ्चको प्रमुख लक्ष्य भनेको जीबिकोपार्जन सुधार गरी गरिवी न्यूनिकरण गर्ने रहेकोले यस क्षेत्रलाई कार्यक्रम मार्फत बिस्तार गरिरहेको छ । गरिब, सिमान्तकृत, मुक्त कमैया फाँटामा समूह निर्माण गरी विभिन्न पशुपालन, सीप विकास तालिम प्रदान गरी सशक्त बनाइ रहेको छ । आफ्नो उत्पादनले जम्मा ३ महिनासम्म पनि खान नपुग्ने भएकोले ती ब्यक्तिहरुलाई समपुरक सीप तथा श्रोतको सिर्जना गरी आत्मनिर्भर बन्नमा ठूलो टेवा पुऱ्याई रहेको छ । थारु समुदाय विकास मञ्चले जिबिकोपार्जन सुधार अन्तर्गत विभिन्न तालिम तथा घुम्ती कोष सहयोग गर्ने गरेको छ । जस अन्तर्गत बंगुर पालन, बाख्रा पालन, कुखुरा पालन, तरकारी उत्पादन, सिलाई कटाई, उद्यम विकास तालिम मार्फत सिमान्तकृत समुदायहरुको जिबिकोपार्जन उकास्नमा ठुलो योगदान दिएको छ ।

समूह सदस्यहरुले यस क्षेत्रमा राम्रो गरी आत्म निर्भर भएका छन् । समूह सदस्यहरुको दैनिक जीवनमा सुधार भएको छ । आफ्ना छोरा छोरीको पढाई लेखाईको क्षेत्रमा सुधार गरेको हामी देख्न सक्दछौ । थारु समुदाय विकास मञ्चमा आबद्ध भएका बिभिन्न २७० जना कृषकहरुलाई उन्नत जातको साबित्रि धान बितरण तथा २६ जना कृषकहरुलाई विभिन्न तरकारीका बिउहरु प्रदान गरेको छ ।

दक्षिण देउखुरी अधिकार मञ्च गढवा दाङमा खुद्रा कस्मेटिक तथा इलोक्ट्रोनिक पसल ११ जनाले, सिलाई कटाई ३ जनाले, कुखुरापालन ४ जनाले, बंगुरपालन ६ जनाले, तरकारी खेती ७ जनाले र फ्रेसहाउस १ जनाले गरेका छन् ।

### ङ) सामुदायिक सुविधा निर्माण तथा मर्मतः

दाङमा दक्षिण देउखुरी अधिकार मञ्च गढवाको कार्यालय भवन निर्माण भएको छ। उक्त घर निर्माणका लागि स्थानीय लेखराज थापावाट रु २० लाख बरावर मूल्य पर्ने एक कट्ठा जग्गा निशुल्क उपलव्ध भएको छ। अफिस भवन निर्माणका लागि गढवा गाउँपालिकाबाट रु १० लाख, सहकर्मी समाज मार्फत विकास कोष नर्बेबाट ९ लाख ५० हजार र दक्षिण देउखुरी अधिकार मञ्चबाट ८ लाख ८७ हजार गरि जम्मा २८ लाख ३७ हजार लागतमा घर निर्माण कार्य सम्पन्न भएको छ।



समाज विकास संजाल कमिरेचौरको आफिस कम्पाउण्ड निर्माण सम्पन्न भएको छ। गत बर्ष देखि निर्माण शुरुवात भएका तीन वटा सामुदायिक मूल समितिका अफिस भवनहरु निर्माण भई प्रयोगमा आएका छन्। समूह बैठक घर निर्माण तथा मर्मत २३ वटा भएका छन्। खानेपानीका मुहान, धारा, कुवा निर्माण र मर्मत १ सय २३ वटा, गोरेटो बाटो मर्मत १८ किमी, मोटरबाटो निर्माण तथा मर्मत १५ किमी, फलफुल नर्सरी स्थापना २, भाँडा राख्ने च्याङ निर्माण ५ सय ५७ घर, थोपा सिचाई जडान तथा प्रयोग १६, फोहोर फाल्ने खाडल निर्माण ६ सय ३० वटा, शौचालय निर्माण ८५, गोठ सुधार तथा मलखाद ब्यबस्थापन १ सय ५८ घर, घरमा टिन लगाउने ६ सय ५५ घर, बिद्युतको पोल गाड्ने ५७ वटा, सिंचाई पोखरी निर्माण १७ वटा, साबुन बनाउने तालिम तथा उत्पादन १ सय २१ जना,



देउखुरीमा तटवन्ध निर्माण २ स्थान, मन्दिर निर्माण तथा मर्मत ४ वटा, सामुदायिक भवन मर्मत र तारवार १६ वटा, चौतारो मर्मत ५, बनमा बृक्षारोपण ६ हजार ४ सय ४२ वटा लगायत सामुदायिक सुविधा निर्माणका काम भएका छन्।

जाजरकोटमा २०७६ साउन देखि ०७७ असार मसान्त सम्ममा सहकर्मी समाजको सहयोग र समर्थनमा अभ्युदय भएका समूह तथा टोल विकास संस्थाहरुले आफ्नै श्रोत र श्रममा थुप्रै सामाजिक सुविधा निर्माणका कामहरु सम्पन्न भएका छन्।

भाडा सुकाउने च्यांग ५० समूहले, चर्पी निर्माण तथा मर्मत ३० वटा, खानेपानी मर्मत ४० जनाले, बैठकघर निर्माण तथा मर्मत २८ वटा, मन्दिर निर्माण तथा मर्मत २ वटा, वाटो निर्माण तथा मर्मत ५२ समूहले साढे ३ किमी, खोलामा फड्के निर्माण २० मीटर, धारामा टुटी जडान १५ जनाले, बाटोमा बिजुलीबत्ति जडान २५ जनाले सम्पन्न गरेका छन्।

सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तर्गत सामुदायीक चासोको विषयमा सहभागीमुलक विधीबाट छलफल गर्दा उक्त विषयको गाम्भिर्यता र महत्वलाई सबैजनाले जीम्मेवारीका साथ लीने र प्रतिबद्धता कार्य योजना वनाई काम गर्ने अभ्यासले धेरै सामुदायीक सुविधाहरुको मर्मत तथा निर्माण भएको छ। समुदायमा समूहहरुले वाटो मर्मत, धारा मर्मत,चर्पी निर्माण, कुलो निर्माण, पानीका मुहान मर्मत, चाङ नीर्माण, फोहोर फाल्ने खाडल जस्ता विविध सुविधाहरु नीर्माण गरेका छन्। यस क्रियाकलापबाट तीन ओटै जिल्लाका समुदायहरुमा समुदायकै पहलमा १ सय ७८ वटा सामुदायीक कामहरु सम्पन्न भई ३ हजार १ सय ३ महीला र २ हजार ५६ पुरुष गरी ५ हजार १ सय ५९ जनसङ्ख्या लाभान्वित भएका छन्।



सीमान्तीकृत मंगता, कुशबन्धिया, चिडिमार र थारु कुमाल समुदायका सदस्यहरु आफ्नो समुदायको सुविधा निर्माणको लागि सचेत र संबेदनशिल छन् । उनीहरुले बाटोघाटो निर्माण तथा सरसफाई समूहको अगुवाईमा गर्दै आएका छन् भने आफ्ना समस्याहरुलाई गाउँ वस्ती स्तरको भेला र वडा भेलामा राखेर समस्याहरुको सम्बोधन गर्न लगाएका छन् । बहिरी समूहको अगुवाई र डुडुवा गा.पा.को सहयोगमा हिरमिनियको पहाडियानपुरमा करिव ५ सय  मिटर बाटो ग्राविल भएको छ भने करिव एकसय  मीटर पक्की नाली निर्माण भएको छ ।

पटक पटकको छलफल र अन्तरक्रिया पश्चात कोहलपुर १४ र १५ मा खानेपानी तथा सिंचाईको सुविधा प्राप्त भएको छ । गढवा को वडा नं. ३, ४ र ६ को कुमाल वस्तीमा ४ सय  मिटर बाटो ग्रविल भएको छ । त्यसैगरी वडा नं. ३ खैराको कुमाल वस्तीमा सिंचाई बोरिङ्ग निर्माण भएको छ भने कुमालहरुको खेतसम्म पानी लिनलाई अण्डरग्राउण्ड पाईप जडान गर्ने वडाले योजना बनाएको छ । गढवा गा.पा. वडा नं.१ को पत्रिङ्गामा सामुदायिक वनले १० वटा भाँडा सुकाउने टहरा बनाएको छ ।

नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत रहेका सामुदायिक समूहहरुले सामुहिक रुपमा बाटोघाटो मर्मत संभार, खानेपानीको मुहान धारो कुवा सरसफाई, विद्यालय सरसफाई, वृक्षारोपण गरी वन संरक्षण, स्थानीय श्रोतहरुको पहिचान, परिचालन र संरक्षणको काममा नियमित रुपमा जुटेका छन् । सामुदायिक समूहका बैठक घर निर्माण गरी कार्यान्वयनमा ल्याएका छन् ।

थारु समुदाय विकास मञ्चमा आबद्ध समूह सदस्यहरुको सामुहिक सहभागितमा बाटो ग्राबेल गर्ने काम, हेमपाईप कल्भर्ट निर्माण, तथा मर्मत कार्य गरेका छन् । थारु समुदाय विकास मञ्चले संस्थामा आबद्ध भएका समूहहरु बाट श्रोत संकलन गरि श्रोतकेन्द्रनिर्माण गर्ने काम सम्पन्न गरेको छ । संस्थामा आबद्ध भए देखि संस्थाबाट बिभिन्न शिर्षकमा आयआर्जनका क्रियाकलापमा राम्रो प्रतिफल प्राप्त भएकाले संस्थाको बिकासकालागि थुप्रै समूह सदस्यहरुले प्रति ब्यक्ति रु.१ हजार सम्म सहयोग गरेको मा ५ लाख भन्दा बढी रकम संकलन भएको थियो ।

थारु समुदाय विकास मञ्चले कार्यालय परिसरमा माछापोखरी मर्मत तथा निर्माण गरि माछा पोखरी सञ्चालनमा ल्याएको छ । जसमा हाल बिभिन्न उन्नत जातका ५ सय माछाहरु हुर्किरहेका छन् ।



दक्षिण देउखुरी अधिकार मञ्च अन्तर्गत सामुदायिक भवन निर्माण, बाटो मर्मत गरेको (चेतनशिल), नयाँ बाटो निर्माण (सगरमाथा) ट्बन्धन गरेको (सगरमाथा) मन्दिर मर्मत, बैठक भवनको भुई ढलाई, कुवा मर्मत गरेका छन् ।

## च) सामुदायिक स्वास्थ्य तथा सरसफाई

विश्वमा फैलिरहेको कोभिड १९ नामको कोरोना महामारीबाट बच्नका लागि समुदायमा सचेतनामूलक भेटघाट, सम्वाद, छलफल र अन्तक्रियाहरु संचालन गरिदै आएको छ । कोरोना के हो र कसरी सर्छ भन्ने बारेमा समूदायलाई विभिन्न माध्ययमद्वारा सचेत गरिएको छ । साबुनपानीले हात धुन, माक्स तथा सेनिटाईजरको प्रयोग गर्न, सामाजिक दुरी कायम राख्ने, खानपिन र सरसफाई लगायतका सावधानीका लागि सचेतनामूलक प्रयत्नहरु भैरहेका छन् । दाङमा २०७७ भदौ ६ सम्म ७ सय १४ जना कोरोना विरामी मध्ये उपचार गरेर ६ सय ७५ जना डिस्चार्ज भएका छन् ३७ जना संक्रमितको उपचार भैरहेको छ । २ जनाको मृत्यु भएको छ ।




समूहहरुमा स्वास्थ्य तथा सरसफाईका अन्तरक्रियाहरु १ सय ८८ समूहमा संचालन गरिएको छ । सामुदायिक विद्यालयहरुमा पोषण तथा सरसफाई सम्बन्धी ५ वटा अन्तरक्रियाहरु सम्पन्न गरिएको छ ।  महिनावारी, प्रजनन स्वास्थ्य र पाठेघरको समस्या

सम्बन्धी छलफल ५५ वटा सम्पन्न भएका छन् । ब्यक्तिगत तथा घरआगन सरसफाई १ अजार ८ सय ५५ घर, गोरेटो तथा मोटरबाटो सरसफाई २१ किमी, पानीको मुहान, कुवा, धारा सरसफाई १ सय ४० वटा, कुहिने फोहर बस्तु र प्लाष्टिक तथा शिशाजन्य फोहोरका लागि अलग अलग खाडल निर्माण गरि ब्यबस्थापन गर्ने काम ६ सय ९८ घरमा भैसकेको छ । सफा गरेका भाडा राख्ने च्याङ निर्माण ५ सय ५९ घरले गरेका छन् । पुराना शौचालयको मर्मत, प्रयोग तथा नयाँ शौचालय ८५ घरले निर्माण गरेका छन् । समूहहरुले १५ वटा बिद्यालयका प्राङ्गण सफाईमा सहयोग गरेका छन् । सामुदायिक बन छटान २० वटा भएका छन् । शुद्ध पानीका लागि फिल्टर खरिद गरि ३ सय २८ घरले प्रयोगमा ल्याएका छन् ।

सामुदायिक तथा व्यक्तिगत सरसफाईमा गरिएका छलफल पछि मानिसहरुको आनीवानीमा धेरै सुधार देखिन थालेको छ । समुदायमा बाटो, घर आँगन, कुवा, धारा पानीका मुहान सफाई गर्ने काम नियमित भैरहेको छ । मानिसहरुले नियमित चर्पीको प्रयोग र पूर्ण सरसफाईमा सचेत भएका छन् । महिनावारी सरसफाईको बारेमा खुलेर बोल्न थालेका छन् । महिनावारीमा प्रयोग गर्ने कपडाहरु सफा गरेर घाममा सुकाउन थालेका छन् । महिलाहरुले भन्न नसक्ने पाठेघरको समस्याका बारेमा स्वास्थ्यकर्मीसंग खुलेर वताउन र उपचार गर्न थालेका छन् ।

जाजरकोटमा आफ्नो घरआगन, बाटाघाटो, पानीको मुहान, विद्यालय जस्ता सार्वजनिक स्थानहरु सरसफाइ गर्ने काम निरन्तर गर्दै आएका छन् । समूह तथा टोलविकास संस्थाहरुले चलाएका सरसफाई अभियानले अहिले समुदायमा सरसफाई भएको छ । मानिसहरु नियमित सावुन पानीले हात धुने नुहाइ धुवाइमा ख्याल गर्ने, स्वास्थ्यका लागि आवश्यक वस्तुहरुको प्रयोग गर्ने, आनीवानीमा सुधार गर्ने जस्ता परिवर्तन भएका छन् । सरसफाइ तथा स्वास्थ्यमा भएको परिवर्तनले अहिले सहकर्मी समाजको कार्य क्षेत्रमा झाडापखाला, रुघाखोकी जस्ता रोगहरु कम भएको छ ।



सुशासनमा नागरिक सहभागिता कार्यक्रम स्वास्थ्य तथा सरसफाई क्षेत्र कार्यक्रमको विषेश विषयगत क्षेत्र भएकाले यस विषयमा सामुदायिक समूहहरुमा नियमित रुपमा छलफल गर्ने, पालीका अन्तर्गत सम्बन्धित विषयगत शाखासंग अन्तर्क्रिया गर्ने, योजना बनाउने र सोही अनुरुप कार्यान्वयन गर्ने प्रक्रियाले यस क्षेत्रमा उल्लेख्य रुपमा सुधारोन्मुख गतिबिधीहरु भइरहेका छन् । नियमित स्वास्थ्य संस्थामा गएर औषधी उपचार गर्ने, निशुल्क सेवाबारे दावी गर्ने, आफ्नो स्वास्थ्यप्रति सजक हुने, घर आँगन र बाटो वरिपरि सरसफाईले हिडडुल गर्न सहज र वातावरण सफा गर्ने, फोहोर फाल्ने खाडल, भाडा धुने जुठेल्ना र सुकाउने चाङ हरेक घरमा बनाउने जस्ता गतिविधीहरु हुने गरेका छन् । यस वर्षमा सबै कार्यक्षेत्रका सामुदायिक समूहहरुमा २ सय २१ ओटा विभिन्न क्रियाकलापहरुद्वारा १२ हजार ५ सय १९ महिला र ८ हजार २ सय १२ पुरुष गरी २० हजार ७ सय ३१ जनसङ्ख्या लाभान्वित भएका छन् ।

सीमान्तीकृत समुदायमा समस्या विश्लेषण पश्चात समूहका सदस्यहरु स्वास्थ्य तथा सरसफाईमा बढी सचेत हुन थालेका छन् । उनीहरु घर आगनको सरसफाई, भान्साको सरसफाई गर्नुको साथै समूहले पालो लगाएर आफ्नो अगाडिको बाटोहरु सरसफाई गर्ने गरेको पाईन्छ भने उनीहरु विरामी हुँदा नजिकको स्वास्थ्य चौकीमा सेवा लिन थालेका छन् ।

पहिले पहिले विरामी भएको खण्डमा झारफुक गर्ने, गुरुवाकोमा जाने फुकाउने गर्थे भने आजभोली मेडिकल वा स्वास्थ्य चौकीमा उपचारको लागि जाने गर्छन । समूहका सदस्यहरुले भाँडा सुकाउनको लागि आँटी बनाएका छन् भने भाँडा माइने ठाउँ पनि निश्चित गरेका छन् । समूहको कोषबाट ऋण लिएर ट्वाईलेट बनाउने, बंगुरको र बाख्राको खोर निर्माण गर्ने, उक्त खोरहरुको नियमित सरसफाई गर्ने आदि गर्ने गरेका छन् ।





केटाकेटीहरुलाई फोहरमा खेल्न नदिने, सुत्दा मछेरदानीको प्रयोग गर्ने गरेका छन् । त्यसैगरी समूहमा छलफल गरे पश्चात थारु कुमाल समुदायका ७ घरपरिवारले आफ्नो निजी लगानीमा चर्पी निर्माण गरेका छन् ।

नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत रहेका सामुदायिक समूहहरुले व्यक्तिगत सरसफाई, गाउँटोल सरसफाई, नियमित खोपहरुमा सहभागिता, कोरोना माहामारीका विरुद्धमा जनचेतनामूलक क्रियाकलापहरु सञ्चालन गरी सामुदायिक स्वास्थ्य तथा सरसफाईका क्षेत्रमा योगदान गरिरहेका छन् ।

खानेपानी, स्वास्थ्य तथा सरसफाई दिगो विकास लक्ष्य प्राप्तीको लागि संचालित खानेपानी, स्वास्थ्य तथा सरसफाई परियोजना अर्न्तगत अर्न्तराष्ट्रिय वास एलाईन्सको आर्थिक सहयोग, लुमन्ती आवासको लागि सहयोग समूहको प्राविधिक सहयोग र सहकर्मी समाजको सहयोग तथा सहजीकरणमा कोहलपुर नगरपालिका तथा बैजनाथ गाउँ पालिकामा संचालित "दिगो बिकास लक्ष्य प्राप्तिका लागी खानेपानी, स्वास्थ्य तथा सरसफाई" (WASH SDG) कार्यकमलाई दिगो तथा प्रभावकारी बनाउनको निमित्त कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकाहरुको समन्वयमा विभिन्न वाडहरुमा वास समन्वय समिति गठन, टोल बिकास संस्था गठन, आमा समूह, सरसफाई समूह आदी गठन गरी टोलहरुमा सरसफाई अभियान सन्चालन गर्नेको लागी मासिक बैठक बस्ने गरेका छन् ।

आफ्नो व्यक्तिगत स्वास्थ्य तथा सरसफाई देखि सामुहिक स्वास्थ्य तथा सरसफाईको बारेमा आई सि सामाग्रीद्वारा कक्षा सन्चालन गरी फोहरको बगीकरण, यौन तथा प्रजनन, महिनावारी स्वच्छता ब्यबस्थापन, साबुनपानीले हात धुने चरणहरु, पानी शुद्धीकरण (Covid19) कोरोना भाईसरबाट सुरक्षा सावधानीका लागि स्वास्थ्य तथा सरसफाई सामाग्रीहरु ३० वटा समूहमा वितरण गरिएको छ। जसमा सहभागी सख्या २ हजार ४ सय ४६ जना रहेका थिए र कोरोना सम्बन्धित जनचेतना, महिनावारी स्वास्थ्य ब्यबस्थापन, यौन तथा प्रजनन स्वास्थ अधिकार सम्बन्धी सडक नाटक कोहलपुर नगरपालिका र बैजनाथ गाँउपालिकामा गरेर जम्मा ८ स्थानमा सडक नाटक सन्चालन गरिएको थियो । सडक नाटकमा जम्मा सहभागी सख्या २ हजार ५ सय ४४ जना रहेका थिए ।



WASH SDG कार्यक्रममा जम्मा सहभागी सख्या ४ हजार ५ सय १० जना जसमा महिला सहभागी सख्या २८५६ जना र पुरुष सहभागी सख्या १ हजार ६ सय ५४ जना सहभागी रहेका थिए ।

दिगो बिकास लक्ष्य प्राप्तीका लागी पूर्ण सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु, समाजिक परिचालन सम्बन्धी तालिम, सुरक्षित खानेपानी तथा सरसफाइ सम्बन्धी अभिमुखिकरण कार्यक्रम, महिला प्रजनन तथा स्वास्थ्थ सम्बनधी अन्तरक्रिय छलफल कार्यक्रम, महिला स्वास्थ्य स्वयमसेबिकाहरुलाई पुर्ण सरसफाइ सम्बन्धी अभिमुखिकरण कार्यक्रम, सरसफाई दिवस विश्व हात धुन्ने दिवस, सुचना, शिक्षा र सञ्चार प्रबिधि १ सय १६ वटा फ्लेक्स छपाई तथा बितरण कार्य र बिभिन्न दिवसहरु मनाउने काम सम्पन्न गरिएका थिए ।

उपलब्धि तथा प्रभावहरुलाई विश्लेषण गर्दा समुदाय तथा प्रतिनिधिहरुमा खानेपानी स्वास्थ तथा सरसफाई सम्बन्धी जनचेतना अभिबृद्धी, महिनावारी सरसफाईको बारेमा खुलेर बोल थालेका छन्, प्रयोग गर्ने कपडाहरु घाममा सुकाउन थालेका छन्, सार्वजानिक स्थानहरु घरआगन सरसफाई गर्ने थालेका छन् । पानी शुद्धीकरण गरेर पिउन थालेका छन् । गाईगोरुहरु बाटोमा बाध्न कम भएको छ । सरसफाई सम्बन्धी नियमित बैठक बसेका छन् । कुहिने र नकुहिने फोहरहरु छुटाई फाल्ने गरेका छन् । समुदाय टोलहरुमा समुदायका मानिसहरुलाई सरसफाई सम्बन्धी जिम्मेवारी बहन भएको छ । हातधुने बानीको बिकास भएको छ ।



थारु समुदाय विकास मञ्चको आयोजनामा पारिवारिक पोषण तथा व्यक्तिगत सरसफाई तालिम तथा कार्यशालामा समूह सदस्यहरुलाई सहभागी सचेतना गराउने कार्य भएको छ। समूह सदस्यहरुलाई सरसफाई सम्बन्धी कोड संचालन गरी प्रत्येक महिनामा एक पटक आफ्नो टोल तथा समुदाय सरसफाई गर्ने गरेका छन्।

दक्षिण देउखुरी अधिकार मञ्च अन्तर्गत पोटाष हालेर ६ वटा कुवा सरसफाई, गोबरडिहा, बाटो सरसफाई, कोराना भाईरस सम्बन्धी सचेतना गोवरडिहामा रहेको ज्योती जनजागरण शान्ति र सृजना समूहले प्रत्येक घरबाट रकम संकलन गरी ४९ वटा पोलमा बत्ती जदान गरेको छ।

### छ) शैक्षिक गुणस्तर विकास

दाङ जिल्लामा अति विपन्न परिवारका विद्यार्थीको छनोट गरी पढाईमा मद्दत दिन र आयआर्जन गरी वच्चाको पढाई खर्चको जोहो गर्नका लागि विगतका वर्षमा १ सय ६८ घरका विपन्न परिवारका विद्यार्थीलाई प्रति व्यक्ति रु. ६ हजारका दरले छात्रबृत्ति कोष वितरण गरिएकोमा १२ जना विद्यार्थीले +२ उत्तिण गरिसकेको र अन्यले कक्षाको तह र पढाईको गुणस्तरमा बृद्धि गरेका छन् । यस बर्ष विद्यालय र विद्यार्थीको शैक्षिक गुणस्तर बृद्धिका लागि ८ वटा स्कूलमा १४ पटक भेटघाट तथा छलफल गर्ने काम भएको छ । १४ वटा विद्यालयका १८ वटा अभिभावक भेलामा सहभागी भै गुणस्तर विकासका सवालमा योजना वनाउन मद्दत गरिएको छ। ४ वटा विद्यालयमा बालवालिकाहरुको स्वस्थ्य तथा पोषण, दिवा खाजा र सरसफाई अन्तरक्रियाहरु संचालन भएका छन्।

छोरा र छोरीलाई गरिने भेदभाब, जातिय छुवाछुत जस्ता कुरितिका कारण स्कुल जानबाट बन्चित भएका बालबालिकालाई संजाल संस्था, मूल समित र समूहहरुमा शैक्षिक गुणस्तर सुधारमा विभिन्न छलफल अन्तरकृयाहरु संचालन गरे पछि उमेर पुगेका



र बिचैमा पढाई छोड्ने बालबालिकाहरु नियमित विद्यालय जाने वातावरण बनेको छ । विद्यार्थीको शैक्षिक गुणस्तर सुधार गर्नको लागि विद्यालयका शिक्षक तथा अध्यक्षहरुसंग बसेर अन्तरकृयाहरु संचालन गरिएका छन् । कार्यसंजाल संस्थाहरुको आयोजनामा विगतमा गरिएको अभिभावक, शिक्षक र विद्यार्थीहरु बीचका अन्तरक्रियाहरुले मोवाईलको प्रयोगमा कमी, बाल विवाहमा न्यूनिकरण, अतिरिक्त शिक्षामा सुधार, गृहकार्यमा नियमितता, बिद्यालय भवन तथा खेल मैदान निर्माण तथा मर्मत, विद्यार्थीको स्वास्थ्य र सरसफाईमा सुधार लगायतका क्षेत्रमा गुणात्मक सुधार भैरहेको छ।

कोशेली कार्यक्रम अन्तरगत जाजरकोटमा वनेका समूह, मुलसमिति तथा संस्थाहरुले आफ्ना बालबालिकाहरुको शैक्षिक गुणस्तर विकासका लागि बालबालिकाहरुलाइ नियमित विद्यालय पठाउने, आफ्ना बालबालिकाको पढाइ कस्तो छ विद्यालय परिवारसँग वुझ्ने  र विद्यालयको सल्लाह अनुसार अभिभावकको भूमिका निर्वाह गर्ने जस्ता कामहरु नियमित भएका छन् भने विद्यालयको वरिपरी सरसफाई गर्ने , अभिभावक र विद्यालयविच अन्तरक्रिया गर्ने र अभिभावक र विद्यालय विचको सम्वन्ध सुमधुर वनाउने कामहरु पनि यो वर्ष नभएका होइनन । विद्यालय जान नमान्ने ३ जना बालबालिकालाई सम्झाएर स्कुल पठाउने काम पनि यो वर्षको शिक्षाको क्षेत्रमा महत्वपूर्ण रुपमा लिइएको छ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमको प्रमुख विषयगत क्षेत्रहरु मध्ये शिक्षा पनि एक महत्वपूर्ण क्षेत्र भएकाले यस विषयसंग सम्बन्धित सवालहरुमा समूहमा नियमित छलफल सहजीकरण गर्ने, सम्बन्धित सरोकारवालाहरुसंग अन्तक्रिया गर्ने, पालिकासंगको समन्वय सहकार्यमा गतिविधीहरु सन्चालन गर्ने, विद्यालयहरुमा सामाजिक अंकपत्र गर्ने, विद्यालय भर्ना अभियानहरु सन्चालन गर्ने जस्ता क्रियाकलापहरु भएका छन्। तीन ओटै जिल्लाका पालिका र समुदायहरुमा सन्चालित ७१ ओटा त्यस खालका कार्यक्रमहरुद्वारा २ हजार ८ सय ४९ महिला र १ हजार ५ सय ७५ पुरुष गरी ४ हजार ४ सय २४ जना लाभान्वित भएका छन्। फलस्वरुप विद्यार्थीहरु नियमित स्कूल जाने, विद्यालय समयमै खुल्ने र शिक्षकहरु पनि नियमित स्कूल आउने गरेका छन्। साथै विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सम्वन्धित निकायमा पहल गर्ने, अभिभावकहरु पनि आफ्ना केटाकेटीको पढाई प्रति सचेत हुने खालका परीवर्तनहरु देखिन थालेका छन्।

## स्थानीय श्रोतको सदुपयोगमा समुदाय

**– विष्णु कुमारी भण्डारी, वरिष्ठ सामुदायिक प्रशिक्षक**

तीन सय मिटर बाटो ग्राबेलका लागि पाएको पैसाले ११ सय मिटर बाटो ग्राबेल सम्पन्न गरेका छन् ।

दंगीशरण गाउँपालिका वडा नं ४ गिद्खोलीमा रहेको सुन्दरनगरी समूह २०७४ सालमा बनेको हो । समूहमा ९ पुरुष र ११ महिला गरी जम्मा २० जना सदस्यहरु रहेका छन् । समुदायमा चौधरी जातीको बसोबास रहेको छ । बाटो बन्नु पहिलेको अवस्था सम्झिदैं समूहकी एक सदस्य सोबत चौधरी भन्छिन्– साँघुरो बाटो छ पानी पर्यो भने बाटो होकी खेत ? छुट्याउन मुस्कील पर्ने, खडेरीमा हावा लाग्यो भने धुलोले बसि नसक्नु हुने । घर अगाडी बाटो भएता पनि वर्षातमा सामान बोकेर ढुवानी गर्नुपर्ने हुन्थ्यो । बाटोको हिलोले सवारी साधन त के मानिसलाई समेत आवत जावत गर्न निकै मुस्कील पर्थ्यो । बालबच्चा चिप्लिएर लड्थे । बाटो वरिपरीको हिलो र फोहोरले गाँउको सुन्दरता नै बिगारेको थियो ।

समुदायको हरेक समस्या समूह बैठकमा छलफल गर्ने र योजना बनाई काम गर्ने क्रममा उनिहरूले बाटोमा हिलो भएर आवत जावतमा समस्या भएको विषयमा छलफल गरे । बाटो चौडा बनाएर ग्राबेल बिछ्याउने बाहेक अरू विकल्प देखेनन् । तर त्यसका लागि पैसा चाहिने भएकाले कसरी गर्ने भन्नेमा व्यापक छलफल भयो । धेरै जनाबाट धेरै खालका उपायहरू आए र अन्तमा वडा कार्यालयसँग बजेट माग गर्ने निर्णय गरे । बजेट अभावका कारण ३०० मिटर बाटो ग्राबेल गर्ने ईष्टीमेटका साथ रू ८५ हजारमात्र बजेट छुट्याइयो । त्यो पैसाले कहाँबाट काम सुरू गर्ने पुनः समूहमा छलफल भयो ।

बाटो नहुँदा हिडडुल गर्न सर्बलाई अप्ठेरो परेको छ भन्ने कुरा सबैले महशुस गरेका थियौ भन्दै आफ्नो विचार राख्दै समुहका सदस्य शेखर चौधरीले– चाहना र सबैको सहयोग भयो भने जस्तो काम पनि सजिलै गर्न सकिन्छ । हामी सबै समूहका सदस्य र गाउँका मान्छेलाई पनि बैठकमा बोलाई छलफल गर्यौ । कुनै पनि हालतमा गाउँको सबै बाटो बनाई छाड्ने अठोट लियौँ । हामीसँग भएको पैसाले ट्याक्टर भाडाँमा लिएर प्रयोग गर्ने । बाँकी गिट्टी बालुवा लोड अनलोड गर्ने गरी ग्रावेल फिजाउने काम हामी आफैले गर्ने । आवश्यक परेको ठाँउमा खन्नका लागी समेत जनश्रमदान गर्ने निर्णय गर्यौ । यसरी समूहको अगुवाई र गाऊँका सबैजनाको सहयोगमा ११ सय मिटर बाटोमा गिट्टी बालुवा विछ्याउने काम सफल भयौ ।

अहिले बाटो सफा र चौडा भएको छ । समूहको सफलतामा खुशी हुँदै समूह सदस्यहरू भन्छन्: अहिले हिडडुल गर्न निकै सजिलो भएको छ । अटो र गाडीहरू घर नजिकै आउछन् । धान पराल लगायतका कृषिजन्य सामान ढुवानीमा सहज भएको छ । आँट गर्यो भने हरेक काम गर्न सकिन्छ भन्ने आत्मविश्वास बढेको छ ।

## वालविवाह रोकथामको अभियान

**– अमिता शाही, सामुदायिक सहजकर्ता**



अहिले सान्नी त्रिवेणी गा.पा. वडा न.२ वुठिके टोलमा वालविवाहमा कमी र छोराछोरीको उमेर पुगेपछि विवाह गर्नुपर्छ भन्ने कुरामा समूहको वालविवाह विरूद्धको अभियानले चेतना जगाएको छ । यस सान्नी त्रिवेणी गापा वडा नं २ वुठिके टोलमा सहकर्मी समाजको सहजिकरणमा २०७६/४/१६ गते भेला गराई कार्यक्रमको वारेमा जानकारी गराइयो । चार पटकको नियमित वैठक पश्चात समुदायमा फूलवारी समूह गठन गरियो वैठक महिनाको २ पटक वस्ने निर्णय भयो । वैठकमा सदस्यहरू नियमित आउन थाले। सुरुमा परिचय दिनपनि अप्ठेरो, लाज मान्ने गर्दथे ।

दलितको वाहुल्यता रहेको यस दलित टोलमा सानै उमेरमा विवाह गर्ने चलन रहेको, विगतमा किर्डाक नेपालको अगुवाईमा यस गाउँमा वाल क्लव गठन गरी वाल विवाह रोकथाम गरिन्थ्यो भन्नुहुन्छ समुह सदस्य रामसरा वि.सी. । अहिले वाल क्लवका विद्यार्थीहरू पढ्नका लागि जिल्ला वाहिर जाने कुराले फेरि वालविवाह हुन थालेको छ सम्झाउन खोज्दानि अटेर गर्न थालेका छन् ।

फूलवारी समूहको एउटा वैठकमा समूहका सहभागीहरूले वालविवाह सम्वन्धि समस्याको उठान गर्दा सो विषयमा सहजिकरण गर्दै जाँदा समूहका सहभागीहरूमा यो हाम्रो लागि हो, आफनो गाउठाउँमा सानै उमेरमा वालविवाह हुनु हाम्रै समाजलाई असर घाटा हो भन्ने कुराको महसुशिकरण भयो र सो विषयमा गहिरिएर छलफल गर्नका लागी समूह वैठकमा जनप्रतिनिधीहरूलाई पनि वोलाउने काम भयो । समस्याको समाधान गर्नका लागी अभिभावकले सानै उमेरमा छोराछोरीको विवाह नगर्ने, वालविवाह न्युनीकरण गर्न वडामा र्‍याली गर्ने योजना वनाइयो । समूहको सो कार्यमा स्थानिय जनप्रतिनिधिहरूले पनि सहयोग गर्ने प्रतिवद्धता जाहेर गरे । जसको नेतृत्व फूलवारि समूहले गर्ने निर्णय गरियो । २०७६ फागुन १३ गतेका दिन समुहका सहभागि, स्थानिय जनप्रतिनिधीहरू, मष्टा मा.वि.का विद्याथीहरूको सहभागितामा व्यानर सहितको रैली वडा कार्यालय देखि तलकोट, सेरिज्यूला, दलितटोल हुदै वडा कार्यालयमा विसर्जन गरियो । समूहको उक्त कार्यक्रम संचालन गर्न व्यानरका लागि २२ हजार सहयोग वडा कार्यालयले उपलब्ध गराएको थियो । अव उपरान्त पनि समूहले आयोजना गरेका हरेक काममा स्थानिय जनप्रतिनिधीहरूले सहयाग गर्ने प्रतिवद्धता जाहेर गरेका छन् ।

समूहको यस कामले उमेर पुगेपछि विवाह गर्नुपर्छ भन्ने कुरामा सचेत भएका छन् । वालविवाह गराउन लागेको १ध घरपरिवारलाई वालविवाह गर्न रोक लगाएका छन् । उमेरपुगेपछि विवाह गर्ने/गराउने प्रतिवद्धता जाहेर गरेका छन् । समूहको यस अभियानले छिमेकी गाउँमा पनि सकारात्मक प्रभाव परेको छ । साथै सामाजिक विकृति विसंगति विरूद्ध लडनका लागि आत्मवल वढाएको छ ।

सीमान्तीकृत थारु कुमाल, मंगता, कुशबन्धिया र चिडिमार समुदायका विद्यालय जाने उमेरका केटाकेटीहरु प्रायः सबै जसो पढ्न जाने गरेका छन् । आफ्नो आर्थिक अवस्थाको आधारमा कतिपय सरकारी विद्ययालयमा पढ्न जान्छन् भने धेरै जसो निजी विद्यालयमा पढ्न जाने गरेको पाईन्छ । खास गरी थारु कुमाल समुदायका अविभावकहरुले आफूले मजदुरी गरेर भए पनि नानीबाबुहरुलाई निजी विद्यालयमा पढाउने गरेका छन् ।

हाल उनीहरु उच्च शिक्षा र प्राविधिक शिक्षातिर पनि आकर्षित छन् । प्रविधिक शिक्षा पढेर भविष्यमा केही गर्ने ईच्छा भएका तर आर्थिक अवस्था कमजोर भएका २ जना चिडिमारका वच्चाहरु REAL परियोजना अन्तरगत Computer in Diploma गर्दै छन् भने थारु कुमाल समुदायका केटाकेटीहरुले पनि पढ्ने ईच्छा राखेका छन् । समूहमा छलफल पश्चात बीचमा पढाई छाडेकी एक जना थारु कुमाल समूहकी सदस्य पुन आफ्नो १२ कक्षाको पढाईलाई निरन्तरता दिन थालेकी छिन् ।

समुदायका सदस्यहरु आफ्ना नानीबाबुको पढाइ प्रति सचेत छन् । उनीहरु छोराछोरीको गृहकार्य पुरा गराउनुका साथै आफ्नो बच्चाको पढाईको वारेमा समय समयमा विद्यालयमा गएर शिक्षकहरुसंग परामर्श लिने, ट्यूशन राख्ने र राम्रो पढाई नभएको खण्डमा शिक्षकहरुलाई भन्ने आदि गरेका छन् ।

नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत रहेका सामुदायिक समूहहरुले आफ्नो घर परिवारमा वालवालिकाहरुलाई विद्यालय पठाउने, विद्यालयको ब्यवस्थापनमा सहयोग गर्ने, विद्यालयको अनुगमन गरी शैक्षिक गुणस्तर विकासका लागि स्थानीय प्रयासलाई नियमित रुपमा अघि बढाईरहेका छन् ।

थारु समुदाय विकास मञ्चबाट विभिन्न तालिमहरुमा सहभागी भई आफ्नो ब्यक्तिगत क्षमता विकास गरि आफ्नो समुदायमा रहेका बिद्यालयहरु जहाँ समूह सदस्यहरुका छोरा छोरीहरु पढ्न जान्छन ती विद्यालयहरुका स्वयं उपस्थित भई बच्चाहरुको पढाई लेखाईबारे सोधखोज गर्ने गरिरहेका छन् ।

## ज) वन तथा वातावरण संरक्षण

सामुदायिक समूह तथा मूल समितिहरुमा बन तथा बातावरण संरक्षणको लागि निरन्तर छलफल, बिश्लेषण र अन्तरक्रियाहरु संचालन गरिएको छ । आगलागीबाट बच्न र डडेलो रोक्नका लागि अग्नीरेखा निर्माण गर्ने, खाली रहेको स्थानमा विभिन्न जातका ९ हजार ६ सय ७६ विरुवाहरु रोप्न काम भएको छ । जथाभावी वनफडानी तथा काठ चोरी निकासी र तस्करी हुन नदिनका लागि सामुदायिक वनहरुले चौकीदारको व्यवस्थापन गरेका छन् । वनबाट घाँस, दाउरा र खर ल्याउनका लागि निश्चित दिन र वारमा मात्र वन खुल्ला गर्ने नियम रहेको छ ।

जाजरकोट जिल्लामा सामुदायिक समूहरुले वन तथा वातावरणको महत्व र यसको संरक्षणको आवश्यकतामाथि निरन्तरको छलफल, विश्लेषण र वहसको विषय वनाउँदै आएको छ जसको परिणम स्वरुप यसवर्ष ७५ वटा समुदायले आ-आफ्नो क्षेत्रमा ७५ हजार वोटविरुवा लगाएर सामुदायिक वनको शोभा वढाएका छन् ।

५ वटा सामुदायिक समूहहरुले सुक्न लागेका ५ वटा मुहान सरसफाई गरि वरिपरी वोटविरुवा लगाउने काम सम्पन्न गरेका छन् भने सवै समूहहरुले आआफ्नो घरवरिपरी फलफुलको वोट विरुवा लगाउने र करेसावारीको स्थापना गरि वातावरण संरक्षणको अभियानलाई साकार पारेका छन् ।



सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तर्गत वन तथा वातावरण यस कार्यक्रमको प्रत्यक्ष लक्षित विषय नभएता पनि यो समुदायको दैनिक जनजीवनसंग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले यस विषयमा समूहहरुमा छलफल र सहजीकरण पश्चात योजना बनि कार्यान्वयन समेत भएका छन् । समुदायमा सामुदायिक समूहहरुले सामुदायिक बनको संरक्षण गर्न जनचेतना ऱ्याली गर्ने, वन फडानी रोगथाम गर्न चौकीदार राख्ने, सामुहिक रुपमा  समूहहरुले बनमा वृक्षारोपण आदी काम गर्ने गरेका छन् । तीनै जिल्लाका विभिन्न समूहहरुले ५० ओटा यस्ता कार्यक्रमहरु पश्चात १ हजार ९ सय ४५ पुरुष र १ हजार ९४ महिला गरी ३ हजार ३९ जना व्यक्तिहरु लाभान्वित भएका छन् ।

रियल कार्यक्रम अन्तर्गत वन तथा वातावरण संरक्षण समुदायका सदस्यहरु सचेत भई लागेका छन् । खासगरी थारु कुमाल समुदायका सदस्यहरुको जीवन नै वनमा आश्रित छ । यसले पनि उनीहरु वन जोगाउन बढी प्रयत्नशिल छन् । सामुदायिक वनहरुले उनीहरुलाई भाँडोहरु पोल्ने दाउरा सधैंभरी खुल्ला गरेपनि उनीहरु स्वयं सचेत भएको कारणले सुकेका, ठुटा, जराहरु आदिको मात्र उपभोग गर्दछन् । साथै प्रायः सवै थारु कुमालहरु सामुदायिक वनको सदस्य भएकोले वन तथा वातावरण जोगाउनु आफ्नो कतर्व्य सम्झन्छन् ।

समुदायका सदस्यहरु आफ्नो खेतवारीको लिकढिकमा विभिन्न काठजन्य, घाँस जन्य र फलफुल जन्य विरुवा लगाएका छन् भने आफूलाई दैनिक जसो प्रयोगमा आउने बाँस, सिसौ, खयर, लिप्टिस, बकाईनो सागवन र फलफुलका विरुवाहरु जस्तै आपँ, कटहर, अम्बा, नास्पती आदि रोपेका छन् । खासगरी खोलाको किनारमा जमिन सदस्यहरुले बाँस, सिसौ, बकाहिनो आदि जातका रुख बिरुवाहरु लगाएका छन् । सामुदायिक वनहरुमा उपभोक्ता बनि सामुदायिक



वन मार्फत सव-डिभिजन वन कार्यालयको सहयोगमा वर्षेनी विभिन्न जातका रुखहरु लगाएर चौकिदार राखी वन तथा वातावरणको संरक्षण गरेका छन् ।



नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत रहेका सामुदायिक समूहहरुले नदी खोलाकिनारमा बृक्षारोपण गरी कटान तथा डुवानलाई रोक्ने, सामुदायिक वनको ब्यवस्थापनमा सहयोग गर्ने, हरेक घरपरिवारमा फलफूलका विरुवाहरु अभियानका रुपमा रोप्ने जस्ता कामहरुलाई नियमित बनाउदै वन तथा वातावरण संरक्षणका क्षेत्रमा योगदान गरीरहेका छन् ।

नेपाल गन्धर्व समाज बढैयाताल गाउँपालिकामा रहेका समूहका सदस्यहरुले घरमा फलफूलका विरुवा र घरको छेउमा घाँसका विरुवा लगाएका छन् । समूहका सदस्यहरुले बाटोघाटो सरसफाई गर्ने, फोहर गर्नेलाई जरिवाना गर्ने नियम बनाएका छन् । बाटोको छेउमा  विरुवा लगाएर वातावरणलाई हराभरा बनाउने योजना नेपाल गन्धर्व समाजले बनाएकोछ ।

थारु समुदाय विकास मञ्चमा आबद्ध भएका समूह सदस्यहरुले आफ्नो पायक पर्ने स्थानका विभिन्न बन समितिहरुको पदभार तथा जिम्मेवारी लिएका छन् । थारु समुदाय विकास मञ्चका कर्मचारीहरुले बन तथा बाताबरण संरक्षण सम्बन्धि कोड संचालन गर्नाले समूह सदस्यहरुले बन तथा बाताबरणको महत्व बुझेका छन् साथै आ-आफ्नो ठाउँमा रहेको खाली जग्गाहरुमा बृक्षारोपन गर्ने कार्य गरेका छन् ।

### झ) मेलमिलाप, शान्ति तथा पुनर्मिलन

समुदायको शान्ति र पुर्ननिर्माणका लागि व्यक्तिगत र सामुहिक मनोविमर्श गरिएको छ । सामुदायिक समूहहरुमा नियमित हुने बैठक, छलफल, अन्तरक्रिया, विभिन्न दिवस तथा अभियानका कार्यक्रमहरुमा उठाईने चेतनामूलक नारा र संदेशमूलक प्रवचन

तथा प्रशिक्षणका कार्यक्रमहरुले समुदायको शान्ति र पुर्ननिर्माणमा सहयोग गरेको छ। यस बर्ष पनि १८ घरको पारिवारिक कलह, १५ वटा अन्तरजार्तिय बिवाह, २१ जोडी श्रीमान-श्रीमतीको अन्तरद्धन्द, ४ वटा जुवातासका सवालहरु मिलाउन सहजीकरण गरिएको छ। विवाद वढ्दै सम्वन्ध विच्छेदका लागि अदालत सम्म पुगेको एउटा जोडीको पुर्नमिलन भएको छ।

यस वर्ष १ सय ८८ वटा लैङ्गिक समता तथा सामाजिक समाबेशिकरण अन्तरक्रिया संचालन गरिएको छ। विगत देखि आयोजित दिवस र अभियानका कार्यक्रमहरु समुदायको आफ्नै व्यवस्थापनमा निरन्तर आयोजना हुन थालेका छन्। जस्तै नारी दिवस, तिज मिलन, घरेलु हिंसा विरुद्धका अभियान जस्ता कार्यक्रमहरु श्रृजनात्मक र चेतनामूलक तरिकाले संचालन गरिदै आएको छ।



महिला अधिकार, घरेलु हिसा, जातिय बिभेद, परम्परागत चलन सस्कृतिमा सुधार, चार्डपर्व ब्यबस्थापन, सम्बन्ध बिस्तार, सामुदायिक मेलमिलाप, जस्ता बिषयमा आवाज उठाउदै आएका छन्। समूहका छलफल, विश्लेषण र क्षमता विकासका तालिमले गर्दा सौंच, बिचार र धारणामा परिवर्तन आएको छ। अधिकारको खोजी, जिम्मेवारी बहन र कर्तब्यको पालना तर्फ मानिसहरु सचेत रहन थालेका छन्। लैङ्गिक समताका छलफल पछि पारिवारिक एकता र मेलमिलापमा बृद्धी भएको छ। समुदायमा देखापरेका घरेलु हिसां, जातिय छुवाछुत, महिलाहरुको महिनावारी र विभेदजन्य व्यवहारमा क्रमिक सुधार आएको छ।

जाजरकोटमा समुदायमा वनेका सामुदायिक समूह, मुलसमिति र संस्थामा चलाईएका विभिन्न छलफल विश्लेषणले आपसी एकता मेलमिलाप र सहकार्यको वातावरण श्रृजना भएको छ। परिवार भित्रको पारिवारिका झगडा न्युन भएको छ। सासु वुहारी, देउरानी जेठानी, दाजुभाइ, सासु ससुरा विचको आपसी सम्वन्धमा वृद्धी भएको छ।



परिवार तथा समुदायमा वन्ने योजना र कार्यान्वयनमा सहभागिता वृद्धी भएको छ। समुदाय तथा परिवारमा हुने झगडामा कमी आउनुको साथै वर्षौं सम्म आपसमा नवोलेका छिमेकीहरु वोल्न लागेका छन्। समुदायमा जातिय विभेद तथा छुवाछुतमा कमी आएको छ। समुदायमा गरिएको मेलमिलाप तथा शान्तिको धारणाले सिमन्तिकृतहरुको मनमा उत्साह तथा उमंग थपिएको छ।

सामुदायिक समूहहरु, मूल समितिहरु र समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुमा नियमत छलफल र अन्तरक्रियाहरुले मानिसहरु सोच शैली, विचार र धारणामा सकारात्मक परिवर्तन आएकोछ। महिलाहरु चुलो चौको र घरबाट सामाजिक रुपान्तरणको अभियानमा सहभागितामा वृद्धि भएकोछ। स्थानीय अग्रसरतामा अभिबृद्धि तथा आफ्नै साधन, श्रोत र सिपको पहिचान, प्रयोग र संरक्षणमा सुधार भएकोछ। शान्ति तथा मेलमिलापसंग सम्बन्धित ५९ वटा विभिन्न प्रयासहरु भएका छन् जसमा प्रत्यक्ष र अप्रत्यक्ष गरी २ हजार १ सय ६४ महिला र १ हजार २ सय ५३ पुरुष गरी ३ हजार ४ सय १७ जना व्यक्तिहरु लाभान्वित भएका छन्।

महिला सदस्यहरुको सामाजिक संलग्नता, अग्रसरता, स्वामित्व र निर्णायक भूमिकामा बृद्धि भएकोछ। संगठित र संस्थागत संस्कारको विकास, सामुहिक धारणा, पारस्परिक मिलाप र सहयोग आदान प्रदानले पारिवारिक मेलमिलाप र सामाजिक न्याय र न्यायिक शान्तिको स्थापनामा योगदान गरेकोछ। सिमान्तकृत समुदायको सरकारी सेवासुविधा माथीको पहुँच, सहभागीता र सहकार्यमा अभिबृद्धि भएकोछ। समुदायमा झैझगडामा कमि आएको छ। सामूहिक रुपमा मिलेर जाँडरक्सी जुवातास नियन्त्रण गरेका छन्। वालविवाह छुवाछुत हटाउन समुदायमा च्याली सम्पन्न गरेका छन्। समूहको उक्त काममा वडाले पनि आर्थिक सहयोग प्रदान गरेको छ। समुदायमा कम उमेरमा विवाह गर्नुहुदैन भन्ने कुरामा सचेत भएका छन्।

# दुईसय मीटर बाटोको मर्मत

– जानुका गिरी, सामुदायिक सहजकर्ता जाजरकोट



जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं.- ८ स्थित बुरूङ्गे गाउँमा शान्तिश्री सामुदायिक समूहका सदस्यहरू लगायत यस गाउँका सम्पूर्ण स्थानिय बासिन्दाहरूलाई नियमित रूपमा घाँस दाउरा गर्ने, स्थानिय बासिहरूको छोराछोरीहरूलाई विद्यालय जान यताउता हिड्डुल गर्नका लागि धेरै नै सहज भएको छ ।

त्यस गाउँका मानिसहरूलाई वनजंगलबाट घाँसदाउरा ल्याउन, स्थानिय वालबच्चाहरूलाई दिनहु जसो विद्यालय जान, स्थानिय मानिहरूलाई यतायता हिड्डुल गर्न धेरै कठिन थियो ।

यस समुदायका मानिहरूलाई यो बाटोमा हामी आफैले हिड्डुल गर्न हो त्यसैले गोरेटो बाटो हामी आफैले बाटो मर्मत गर्नुपर्दछ भन्ने कुरामा कुनै चासो नै थिएन ।

अहिले यस बुरूङ्गे गाउँका बासिन्दाहरू धेरै हर्षित छ । हामीलाई वनजंगलबाट घाँस दाउरा ल्याउन, दिनहु छोराछोरीहरूलाई विद्यालय जान आउन धेरै नै सहजभएको छ । हामीहरूले आज सम्म पनि यो बाटोको मर्मत सम्भार गर्ने जिम्मा स्थानिय पालिकाको हो र यसलाई हामीले किन बनाउने ? कसरी बनाउने भन्ने कुरामा नै जोड दिएका थियौं, तर हामी स्थानिय बासिन्दाहरूले नै मिलेर समाधान गर्न सकिने कुरा वताउनु भयो यस श्री कृष्ण सामुदायिक समुहका सदस्यहरूले ।

यस सहकर्मी समाज सुर्खेतले समर्थन गरेको कृष्ण सामुदायिक समूहको बैठकमा एक दिन समुदायको एक जना ब्यक्ति वनजंगल जाँदा बाटोमा लड्ने समस्यामा ब्यापक छलफल गरियो । सामुदायिक समूहका सदस्यहरूले तलमोटर बाटो देखि माथिबुरूङ्गे गाउँसम्मको गोरेटो बाटो समुहका सदस्यहरूको अगुवाईमा मर्मत गर्ने निर्णय गरे । छलफल पश्चात यस सामुदायिक समूहको अगुवाईमा सम्पूर्ण समुदायका मानिसहरू मिलेर गोरेटो बाटोको मर्मत सम्भार गरेका छन् ।

# स्वास्थ्य तथा सरसफाईमा फेरिएको सुतैया थारूगाँउ



बाँके जिल्लाको बैजनाथ गाउँपालिका वडा न. ३ मा रहेको सुतैया थारूगाँउ एक सक्रिय गाउँ हो । यो गाउँमा थारू समुदायको ४४ घरधुरीहरू रहेका छन् । यहाँ थारू समुदायका मानिसहरू तीन पुस्तादेखि बसोबास गर्दै आईरहेका छन् । यस गाँउकी माहिला स्वयमसेविका जानकी चौधरी भन्छिन – सबैको घर घरमा चर्पी भएपनि फोहर ब्यवस्थापन नभएको, पानी शुद्धिकरण नगरी खाने, साबुनपानीले राम्रोसंग हात नधुने, फोहोर जथाभावी फाल्ने, भाँडाकुडा घाममा नसुकाउने र गाईगोरू बाटामा बाध्ने जस्ता समस्याहरू थिए । वास दीगो विकास लक्ष्य प्राप्ती कार्यक्रम (WASH SDG) शुरू भएपछि विभिन्न स्वास्थ्य तथा सरसफाई सम्बन्धी छलफल, अभियान, अर्न्तक्रिया, घरदैलो भेटघाट कार्यक्रमले समुदायमा परिर्वतन देखिएको छ । अहिले सबैले फोहरलाई दुई भागमा बिभाजन गरी कुईने फोहर र नकुहिने फोहरलाई छुट्टाछुट्टै डष्टबिनमा राख्ने, पानी शुद्धिकरण गरी खान थाालेका छन्, भाडाकुडा घाममा सुकाउनको लागी काठको च्याङ्ग बनाएर भाडाकुडाहरू सुकाउन थालेका छन् । पशुचौपायाहरू बाटोघाटोमा नबाध्ने, सरसफाई सम्बन्धी मासिक रूपमा सामुहिक छलफल गर्न थालेको महिला स्वास्थ्य स्वयंमसेविका जानकी देबि बताउछिन । वास कार्यक्रम पश्चात हाम्रो गाउँमा विभिन्न किसिमका रोगहरूमा कमी आएको छ, वातावरण सफा भएको छ, महिनावारी समस्या सम्बन्धी खुलेर बताउन थालेका छन् । चरणगत रूपमा साबुनपानीले हातधुन थालेका छन् । लेदो व्यवस्थापनको लागी दुई खाल्डे चर्पि बनाउने योजना बनाएका छन् । भान्साहरू सफा र सुरक्षित राख्न थालेका छन् । ४४ घरधुरी मध्ये ३८ घरधुरीमा खाना पकाउनको लागी गोबर ग्यास जडान गरेका छन् । मासिक रूपमा बाटोहरू सरसफाई गर्ने गरेका छन् । २९ कार्तिक २०७६ का दिन सुतैया टोलमा सि.मा.बि निदरलैन्डबाट अनुगमनमा आउनु भएका २१ जनाको टोली सुतैया गाउँमा स्वस्थ्य तथा सरसफाईको बारेमा छलफल गरी गाँउ अनुगमन गरेको थियो । गाउँ अनुगमन गरी सकेपछि यस गाँउका महिलाहरू सरसफाईमा अग्रसर रहेको जानकारी WAI संस्थाका राष्ट्रिय सयोजक मिङ्मा शेर्पाले बताउनु भयो ।



नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत रहेका सामुदायिक समूहहरुले गाउंघरमा हुने सानातिना वादविवाद, झैझगडाहरुलाई सामुदायिक समूहहरुमा छलफल गरी त्यसको समाधान खोज्ने, झगडाको कारण पत्ता लगाई मेलमिलापका विविध प्रयासहरुलाई अघि बढाएका छन् । यी सानातिना कामहरुले मिलेर काम गर्नका लागि सहज वातावरण निर्माण भएकोछ ।

थारु समुदाय विकास मञ्चमा आबद्ध भएका सदस्यहरुमा आपसि मेलमिलाप भएको हामी पाउदछौ । समूहमा गर्ने बिभिन्न काम जस्तै धान रोप्ने, कात्ने, तरकारी खेती, भोज भटेर, मर्दा पर्दाको सहयोग, पाविारिक झैझगडा मिलाउने, महिला हिंसा, बालबिबाह जस्ता कुकर्महरुको न्यूनिकरण गर्ने कार्यहरु गरिरहेका छन् । सामुहिक कामबाट एकातिर मेलमिलाप बढेको छ त्यसका साथसाथै समूहको कोष पनि संकलन तथा बृद्धि भएको छ ।

### ञ) स्थानीय सरकारसंगको समन्वय, सम्वन्ध निर्माण तथा क्षमता विकास

सामाजिक संस्थाहरु विकासका साझेदार हुन भन्ने कुरामा दुईमत छैन । हरेक वर्ष दाङको कार्यक्षेत्रका सवै पालिकाहरु र जिल्ला समन्वय समिति दाङमा बार्षिक बजेट तथा योजना पेश गर्ने र जिल्ला समन्वय समिति दाङले आयोजना गर्ने गरेको बार्षिक प्रगति समीक्षा गोष्ठीमा सहभागी भै कार्यक्रमको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने काम नियमित भएको छ ।

समूह तथा मूल समिति र कार्यसंजाल संस्थाहरुले बार्षिक साधारण सभा, दिवस, उत्सव, तालिम र अन्तरक्रियाहरुमा स्थानीय जनप्रतिनिधीहरुलाई आमन्त्रण गर्ने र आफ्ना गतिविधीहरु प्रस्तुत गर्ने काम गर्दै आएका छन् । बिभिन्न समूह तथा मूल समितिहरुले गाउँपालिका, वडाकार्यालय, प्रधानमन्त्री कृषी प्रबर्द्धन कार्यक्रमबाट तरकारी खेती, च्याउखेती, नगदेबाली खेती, खाद्यान्न बाली, दक्षिण देउखुरी अधिकार मञ्च गढवा र विभिन्न सामुदायिक मूल समितिले एक करोड ७ लाख ४७ हजार रकम प्राप्त गरि कार्यान्वयन गर्दै आएका छन् । विश्व भरि फैलिएको कोभिड १९ नामको कोरोना महामारीको समयमा सहकर्मी समाजवाट वितरण गरिएको राहत सामाग्री ढुवानीका लागि दंगीशरण गाउँपालिका र प्रहरी प्रशासनले पास उपलव्ध गराउनुका साथै राहत सामाग्री वितरणमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु लगायतका जनप्रतिनिधीहरु र कृर्षि शाखाका कर्मचारीहरुले सहयोग गरेका छन् । गढवामा दक्षिण देउखुरी अधिकार मञ्चले बिपत व्यबस्थापन समिति रहेर आफ्नो प्रभावकारी भूमिका निभाउँदै आएको छ ।

सहकर्मी समाजले समुदायमा संचालन गर्ने प्राविधिक तालिम तथा परामर्शका लागि कृर्षि, पशु, उद्यमशिलता, स्वास्थ्य र शिक्षा शाखाका कर्मचारी तथा प्राविधिकहरुबाट सहयोग लिने दिने गरिरहेकोले स्थानीय समुदाय र सरोकारवालाहरु बीचको सम्वन्ध निकट, सुदृढ र सहयोगी वन्दै गईरहेको छ ।

जिल्ला समन्वय समितिको कार्यालय दाङले सहकर्मी समाजलाई स्थानीय समुदायको परिवर्तनका लागि अग्रणी भूमिका खेल्ने र २०७५/२०७६ को जिल्ला स्तरीय बार्षिक समिक्षा गोष्ठीमा सहभागी भई प्रस्तुत गरेको बार्षिक प्रगति प्रतिवेदनका आधारमा मुल्याँकन समितिले निर्धारण गरेका सूचकका आधारमा गरेको मुल्याँकनबाट जिल्ला स्थित गैर सरकारी संस्थाहरु मध्ये सहकर्मी समाज दाङ जिल्लामा पहिलो संस्था छनोट भएको छ । जिल्ला समन्वय समिति दाङले आफ्नो चौथो जिल्ला सभाबाट प्रथम संस्था घोषणा गरि प्रमाण-पत्र र मायाँको चिनोले सम्मान गरेको छ ।





सहकर्मी समाजले आफ्नो कार्यक्रमलाई प्रभावकारी तथा सवल तरिकाले अगाडी वढाउन स्थानिय सरकारसँगको समन्वय र सम्वन्धलाइ महत्वपुर्ण अंगको रुपमा ठान्दछ। सहकर्मी समाजको सहयोग र समर्थनमा वनेका संगठनहरुले पनि यो विषयलाइ महत्वपुर्ण कडिको रुपमा लिँदै आएका छन् । स्थानिय सरकार सँगको आपसी अन्तरक्रिया र सहकार्यको योजनाले समुदायमा थुप्रै उपलव्धि हासिल भएका छन् । भेरी नगरपालिकाको ५ वटा वडामा भेरी नगरपालिकाकै आर्थिक सहयोगमा सञ्चालित टोल विकास संस्था परिचालन कार्यक्रम २०७७/०७८ का लागि पनि निरन्तरता हुने भएको छ। कार्यक्रमको लागि रु २५ लाख विनियोजन भएको छ।

यस आर्थिक वर्ष २०७६/०७७ मा सहकर्मी समाज तथा सहकर्मी समाजको सहयोग र समर्थनमा वनेका समूह, मुलसमिति तथा कार्यसञ्जाल संस्थाले स्थानिय सरकारबाट रु ७५ लाख ५५ हजार वरावरको सहयोग र समर्थन प्राप्त गर्न सफल भएको छ । स्थानिय सरकारले सहकर्मी समाजको कार्यक्रम विस्तार तथा समूह तथा मुलसमिति र संस्थाको कार्ययोजनामा सहयोग पुऱ्याउन उल्लेखित रकम वरावरको नगद तथा सामाग्री उपलव्ध गराएको हो ।



कार्यक्रम कार्यान्वयनको पहिलो वर्ष भएता पनि तीन ओटै जिल्लाका कार्यक्षेत्रका १२ आटै स्थानीय सरकारहरुले संस्था र कार्यक्रमलाई सशासनका लागि महत्वपूर्ण र आवश्यकका रुपमा परिचित र ग्रहण गरेका छन् । सहकर्मी समाजले अवलम्बन गर्ने कार्यान्वयन प्रक्रिया र शैलीले जनसमुदाय र जनप्रतिनिधीमा पारेको सकारात्मक प्रभावले सबै स्थानीय सरकारलाई संस्था र कार्यक्रमप्रतिको सम्बन्धलाई सुमधुर बनाउन सहयोग गरेको छ।

कालीकोटको सान्नीत्रिवेणी र खाडाचक्र पालीका र सल्यानको कपुरकोट गाउँपालीकामा भएको जनकेन्द्रित विकास तालीम, हरेक पालीकामा भएका सामाजीक जवाफदेहीता सम्बन्धि अभिमुखिकरण, सहभागीतामुलक नीति निर्माण सम्बन्धि छलफल, चारओटै विषयगत क्षेत्रको नीतिगत अध्ययन, कोभीड-१९ का विरुद्ध लड्ने अभियानमा सहकार्य जस्ता क्रियाकलापहरुले स्थानीय सरकारसंगको सुमधुर सम्बन्ध स्थापित गर्न योगदान पुऱ्याएका छन् । आगामी समयमा थप गतिविधी, क्रियाकलाप र सहकार्यले सम्बन्धलाई थप परिमाणमुखी वनाउने उद्देश्य सहित कार्ययोजना निर्माण भएको छ।

सहकर्मी समाजले निरन्तररुपमा स्थानीय सरकारसंग समन्वय र सहकार्य गर्ने काम गरिरहको छ। यस अवधिमा बाँके र दाङ जिल्लामा गरेर गा.पा. स्तरीय र वडा स्तरीय गरि १४ वटा बैठक तथा अन्तरक्रियाहरु सम्पन्न भएका छन्। उक्त अन्तक्रिया बैठकहरुमा सीमान्तीकृत समुदायका प्रतिनिधिहरुको सहभागिता पनि रहने भएकाले उनीहरुले उक्त बैठकहरुमा स्थानीय सरकार र गाउँपालिका वा नगरपालिका भित्रका सरकारका विभिन्न निकायहरु जस्तै कृषि, पशुसेवा, सव-डिभिजन वन कार्यालयहरु संग आफूले भोग्दै आएका समस्याहरुको अवगत गराएका छन् । स्थानीय सरकार र सरकारका प्रतिनिधिहरुले समुदायका गुनासाहरु सुन्ने र उक्त गुनासहरुको सम्बोधनको लागि आफ्ना वार्षिक कार्यक्रममा राख्ने काम समेत भएको छ । कतिपय समुदायका गुनासाहरुलाई तुरुन्त कार्यान्वयमा लैजाने काम पनि स्थानिय सरकारले गर्दै आएको छ।

नेपालगञ्ज उप-महानगरपालिका-२० को आर्थिक सहयोगमा सहकर्मी समाजले पञ्चवर्षिय आवधिक योजना निर्माण कार्यशाला सञ्चालन गरेको छ। उक्त कार्यशालाबाट वडा ५ वर्ष भित्र गर्नुपर्ने कामलाई छानेको छ भने सीमान्तीकृत तथा लोपोन्मुख जातिहरुको समस्याको पहिचान गरी उनीहरुको समस्या समाधानको लागि पहिलो प्राथमिकतामा राखेको छ।

त्यसै गरी डुडुवा गाउँपालिका र कोहलपुर नगरपालिकाले पनि मंगता र चिडिमार समुदायको जीविकोपार्जनको लागि आ-आफ्नो गाउँपालिका र नगरपालिकामा रकम माग गरेको छ।

दाङ जिल्लाको गढवा गाउँपालिकाको वडा नं.- १, २, ३, ४ र ६ ले पनि थारु कुमाल समुदायको जीविकोपार्जनको लागि माटोको भाडोहरु पोल्न आधुनिक भट्टी निर्माण, सिंचाईको लागि मोटर तथा बोरिङ्ग जडान र कृषिको लागि बीउविजन र प्राविधिकको व्यवस्था गरेको छ। त्यसैगरी मुख्य मन्त्री स्वरोजगार कार्यक्रम मार्फत सीमान्तीकृत समुदायको जीविकोपार्जनको लागि कृषि, पशुपालन र सीप विकास सम्बन्धी कार्यहरु गरेको छ।



नेपाल सशक्तिकरणका लागि स्थानीय सुशासन सवलीकरण परियोजना अन्तर्गत सुदूरपश्चिम प्रदेशका महाकाली नगरपालिका, बेल्डाडी गाउंपालिका, शुक्लाफांटा नगरपालिका, कृष्णपुर नगरपालिका, पुर्नवास नगरपालिका, कैलारी गाउंपालिका, गौरीगंगा नगरपालिका र प्रदेश ५ का राजापुर नगरपालिका, गेरुवा गाउंपालिका र बढैयाताल गाउंपालिकाका निर्वाचित जनप्रतिनिधिहरुसंगको नियमित सम्पर्क, सम्वाद, अन्तरक्रियाहरुको आयोजना गरी समन्वय र सम्वन्ध निर्माणको कामलाई अघि बढाईरहेकोछ।

जन निर्वाचित पदाधिकारीहरु र कर्मचारीहरुका लागि जनकेन्द्रित विकास अवधारणा कार्यशाला, स्थानीय सरकारको जवाफदेही संयन्त्र सम्वन्धि अन्तरक्रियाहरु, सरकारी सेवा सुविधाहरु सम्वन्धि अन्तरक्रियाहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७२ सम्वन्धि अभिमुखीकरण, सरकारी सेवा सुविधाहरुको गुणस्तर मापन सम्वन्धि अन्तरक्रियाहरु, स्थानीय सरकारका योजना निर्माण प्रकृया सम्वन्धि अन्तरक्रियाहरु र परियोजनाका सिकाई आदान प्रदान कार्यशालाहरु मार्फत प्रदेश तथा स्थानीय सरकारसंगको सम्वन्ध र सहकार्यको वातावरण निर्माण कार्य जारी रहेकोछ।



नेपाल गन्धर्व समाज बर्दियाले स्थानीय सरकारसंगको समनवय, सम्बन्ध विस्तार तथा क्षमता विकासकालागी नियति भेटघाट गर्ने, ज्ञापन पत्र दिने, अन्तरक्रिया छलफल गर्ने, संस्थाको कामको अनुगमनमा सहभागी गराउने जस्ता कामहरुलाई निरन्तर रुपमा गरिरहेकोछ।

थारु समुदायको पहल तथा समर्थन संस्थामा आबद्ध भएका १५ वटा कृषक समूहहरुलाई ठाकुरबाबा र बारबर्दिया न.पा.को कृषि शाखामा दर्ता गरी नगरपालिका तथा सम्बन्धित वडा कार्यालयहरुसंग समूहको सम्बन्ध बिस्तारको काम भएको छ। हाल सालै ठाकुरबाबा न.पा. वडा नं.४ मा रहेको लसिउरा कृषक समूहका ३ जना सदस्यहरुले २ लाख ३० हजार मौसमी तथा बेमौसमी तरकारी उतपादनमा सहयोग पाई राम्रो उत्पादन गरिरहेका छन्।

थारु समुदाय विकास मञ्चले समूह सदस्यहरुलाई बिभिन्न क्षमता विकासका तालिम तथा कार्यशालाहरुमा सहभागि गराई नगरपालिका तथा वडा कार्यालयसंग समूह सदस्यहरुलाई जोड्ने काम गरेको छ।

दक्षिण देउखुरी अधिकार मञ्च अन्तर्गत लक्षित वर्गको कार्यक्रमहरुमा साझेदारी, बिपत व्यबस्थापन समितीमा दक्षिण देउखुरी अधिकार मञ्च को प्रतिनिधित्व रहेको, बिभिन्न बैठकहरुमा सहभागी भएका छन।



## सामुहिक खेतिमा अग्रसर महिलाहरू

**– बिनिता चौधरी, कृषि प्राविधिक, भुरीगाउँ, बर्दिया**

मासिक बचत तथा ऋण परिचालन र थारू समुदाय विकास मञ्चबाट सहयोगका क्रियाकलापहरू मात्रै सञ्चालन तथा सहयोगका क्रियाकलापहरू मात्रै गर्दै आएका ठाकुरबाबा न.पा. ३ बखतपुर फाँटाका २६ जना महिला सदस्यहरू मिलेर बनेको मिलन कृषक समुहले २०७६ साल श्रावन महिनामा ठाकुरबाबा न.पा.को कृषि शाखामा दर्ता गरि च्याउ, मौसमी तथा बेमौसमी तरकारी खेतीमा पालिकाबाट अनुदान प्राप्त गरी सामुहिक खेती गर्न थालेका छन् ।



आन्तरिक श्रोत सृजना गर्नका लागि कृषि शाखामा पहल गरी सामुहिक च्याउ खेतीमा १२० पोका च्याउको बिउ अनुदान प्राप्त गरि ३ सय ६० पोका च्याउको डल्ला बनाउँदाको खर्च जम्मा ७ हजार ५ सयको लगानीबाट एकै सिजनमा ७३ हजारसम्म आम्दानी प्राप्त गर्न सफल भयो साथै ठाकुरबाबा न.पा.को कृषि शाखाको आयोजनामा मिति २०७६ साल माघ २९ गते देखि माघ २ गते सम्म ठाकुरद्वारा मन्दिर परिसरमा आयोजना गरेको कृषि मेला प्रदर्शनीमा च्याउ उत्पादन शिर्षकमा सान्त्वना पुरस्कार हात पार्न सफल भयो ।

च्याउ उत्पादनबाट राम्रो आम्दानी गरी समुह सदस्यहरूमा थप हौसला प्राप्त भएको अनुभुतीका साथ बेमौसमी तरकारी उत्पादन योजना बनायो र ५ कठ्ठा जग्गा भाडामा लिएर बेमौसमी तरकारी उत्पादन शिर्षक अन्तर्गतको अनुदान रकम १ लाख ७७ हजार कृषि शाखाबाट प्राप्त गर्यो । बेमौसमी तरकारी खेती गरेको केही महिनामै हामी तरकारी उत्पादनबाट शुरूवातमै रू. १० हजार ८ सय पच्चिस कमाउन सफल भयो । हाल पनि हामीहरू दैनिक १ हजारदेखि २ हजार ५ सय भन्दा बढी प्रति दिन तरकारी बेचिरहेका छौ । यसरी हामीहरूले छोटो समयमै च्याउ खेती तथा बेमौसमी तरकारी खेतीमा कृषिशाखाबाट अनुदान प्राप्त गर्न सफल भएकोले हामी सम्पुर्ण सदस्यहरू ज्यादै खुशि भएका छौ । हाम्रो समुहको पहिचान बढेको छ । हाम्रो समुहले तरकारी खेतीमा राम्रो फड्को मारेको देखेर अरू समुहहरूले पनि हाम्रो अनुसरण गरिरहेका छन् । हाम्रो समुहले यसरी प्रगती गर्नुमा थारू समुदाय विकास मञ्चको ठुलो हात रहेको छ । यदि यस संस्थाले हाम्रो समुहलाई नगरपालिकाको कृषि शाखामा दर्ताको लागि पहल नगरेको भए नगरपालिकाबाट हामीहरूलाई अनुदान पाउने थिएनौ त्यसको लागि थारू समुदाय विकास मञ्चलाई धेरै धेरै धन्यबाद दिन चाहन्छौ ।

## ब्यवशायिक तरकारी खेतीबाट मनग्गे आम्दानी गर्दै बिपन्न समुदाय

**– शिला योगी, सामाजिक परिचालक, भुरीगाउँ बर्दिया**

जान्ने हो भने गाउँठाउँमै पनि गरिखाने उपाय धेरै छन् । आफ्नै गाउँमा तरकारी खेती गरेर पनि मनग्गे कमाउन सकिन्छ भन्ने उदाहरण बर्दियाको ठाकुरबाबा नगरपालिका ४ लसिउरा फाटाँका तिन जना कृषकले दिनु भएको छ ।

थारू समुदाय विकास मञ्चद्वारा गठित यस समुहमा जम्मा २५ जना सदस्यहरू रहेका छन् । यस संस्थाबाट सञ्चालित कोशेली कार्यक्रम अन्तर्गत तिन जनाको सामुहिक रूपमा शुरू गरेको तरकारी उत्पादन ब्यवसायबाट आम्दानी गरेर गतिलो उदाहरण दिएका छन् । थारू समुदायको प्राबिधिक सहयोगमा बि.सं. २०७६ सालमा ठाकुरबाबा न.पा.को कृषिशाखामा समुह दर्ता गरी यस समुहले नगरपालिकाबाट रू. २ लाख ४ हजार अनुदान ल्याउन सफल भई तरकारी उत्पादनमा निरन्तरता दिईरहेको जानकी थारूले बताउनु हुन्छ ।

तीन जनाले शुरू गरेको ब्यवसायिक बेमौसमी तरकारी बेचेर शुरूवाती पहिलै लटमै २४ हजार रूपैया आम्दानी गर्न सफल भयो । पहिले परम्परागत रूपमा तरकारी खेती गरिन्थ्यो दुई चार सय पनि अर्कासंग सापटी माग्नु पर्दथ्यो । अहिले त ब्यवसाय गर्न थाले पछि हातभरी पैसा हुन्छ खुशी लाग्छ ।



तरकारी बेचेर हप्तामा ८ देखि १० हजार अथवा दुई तिन हप्तामा १५ देखि २० हजार भयो भने बाड्ने गर्दछौ । लकडाउनकै बेलामा तरकारी बेचेरै प्रति ब्यक्ती १२ हजार सम्म कमाई सकेका छौ । ब्यवसायिक रूपमा थालेको तरकारी खेतीबाट भएको आम्दानीले घर खर्च चलाउन, समुहमा बचत गर्न सजिलो भएको छ ।

हाल ब्यवसायिक तरकारी खेती ११ कठ्ठा ५ धुरमा रहेको छ । जसमा अहिले काँक्रा, लौका, घिरौला, भिण्डी, बोडी लगायतका तरकारीहरू फलेका छन् । काउली, बन्दा, तमाटर, खुर्सानी लगायतका तरकारी लगाउने तयारीका लागि बेर्ना पनि तयार गरेका छौ जस मध्ये ८ कठ्ठामा खुर्सानी लगाउने योजना बनाएका छौ ।

आयआर्जनका लागि थारू समुदाय विकास मञ्चको कृषक समुहमा आबद्ध हुदा त्यहाँबाट पाएको तालिमले गर्दा आफु ब्यवशायिक तरकारी खेतिमा आकर्षित भएको र ठाकुरबाबा न.पा.को कृषि शाखाले प्रदान गरेको सहयोगले ब्यवशाय गर्न थप हौसला मिलेको छ । अहिले उत्पादित तरकारी बेच्नमा कुनै समस्या छैन, घर नजिकै भुरिगाउँ बजारमा लगेर बेच्छौ । कहिलेकाही ब्यापारीहरू घरमै लिन आउछन् ।

# संस्थागत क्षमता विकास




सिमान्तीकृत समुदायले आफ्नो परिवर्तनको रुपरेखा आफैले कोर्न सकेमा मात्र उनीहरुको दीगो रुपान्तरण संभव छ भन्ने मान्यतामा विश्वास गर्दछ। परिवर्तनको नेतृत्व र स्वामित्व लिने प्रकृयालाई दीगो रुपमा संस्थागत गर्न र स्थानीय संगठनहरुलाई आफ्नो समुदायको रुपान्तरणका लागि सक्षम बनाउन स्थानीय सामुदायिक संगठनको संस्थागत विकास प्रकृयामा जोड दिंदै सामाजिक रुपान्तरणका लागि स्थानीय नागरिकहरुको संगठीत शक्तिलाई विधि र प्रकृया अनुरुप अघि बढ्नका लागि सहकर्मी समाजले योजनावद्ध रुपमा सहयोग र समर्थनको प्रकृयालाई निरन्तर बढाईरहेकोछ।

सिमान्तीकृत समुदायमा सामुदायिक समूहहरुको स-शक्तिकरणको चरण पुरा गरिसकेपछि समुदायमा आधारित कार्यसञ्जाल संस्था निर्माण गरी त्यस्ता संस्थाहरुको क्षमता विकास गर्दै सामुदायिक समूहहरुलाई संगठीत र दीगो रुपमा अगाडी बढाउदै लैजाने रणनीति लिदै आएकोछ। सहकर्मी समाजले बांके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर, दाङ र जाजरकोटमा १८..वटा समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको संस्थागत विकासका लागि विभिन्न किसिमका तालिम, अन्तरक्रियाहरुको सहजीकरण तथा परामर्श प्रदान गर्दै संस्थागत विकासमा समर्थन गरिरहेकोछ भने निकट भविष्यमा जाजरकोट जिल्लाको भेरी नगरपालिका र दाङ जिल्लाको दंगीशरण गाउंपालिकामा दुईटा समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको गठन प्रकृया जारी रहेकोछ।

सहकर्मी समाजद्वारा संस्थागत क्षमता विकास समर्थन पुऱ्याइएका संस्थाहरु

**सुर्खेत :**

- अन्तरनिर्भर समाज सुर्खेत
- हिमालयन पर्माकल्चर केन्द्र गुमी

**बांके**

- जनजागरण समाज, खजुरा, बांके
- त्रिबेणी विकास समाज, हवल्दारपुर, बांके
- जनएकता समाज हिरमिनिया, बांके

**दाङ**

- दक्षिण देउखुरी अधिकार मञ्च, गढवा दाङ
- समाज विकास सञ्जाल, काभ्रे दाङ

**बर्दिया**

- जनशक्ति विकास समाज, मैनापोखर, बर्दिया
- जलदीप विकास समाज, राजापुर, बर्दिया
- थारु समुदाय विकास मञ्च, भुरीगाउं बर्दिया
- नेपाल गन्धर्व समाज, सोरहवा बर्दिया

**कैलाली**

- चेतना विकास समाज, हसुलिया कैलाली
- समावेशी विकास समाज, गौरीगंगा कैलाली

**कञ्चनपुर**

- सृजनशील समाज झलारी , कञ्चनपुर
- पुर्नवास विकास मञ्च, पुर्नवास कञ्चनपुर
- कञ्चन सामुदायिक विकास केन्द्र बेल्डाडी, कञ्चनपुर
- जनजागृति विकास समाज, दोधारा, कञ्चनपुर

**जाजरकोट :**

- पश्चिम जाजरकोट विकास समाज, शिवालय जाजरकोट

आर्थिक वर्ष २०७६/०७७ मा सहकर्मी समाजले समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको संस्थागत विकासका लागि विभिन्न तालिम, अन्तरक्रिया एवं कार्यशालाहरु मार्फत संस्थागत विकासका क्रियाकलापहरु सम्पन्न गरेको छ जुन निम्नानुसार रहेका छन् ।

## क) संस्थागत सुशासन सवलीकरण

संस्थालाई दीगो र गतिशील बन्नका लागि संस्थाको आन्तरिक जीवन सुशासित र प्रभावकारी हुनु आवश्यक छ । लक्षित समुदायहरुका सवालहरुमा पैरवी कार्यलाई समर्थन र सहयोग गर्न संस्था आफै बलियो हुनुपर्दछ । संस्थाको आफ्नो कार्यप्रणाली र संगठनात्मक रुपमा नैतिक आधार बलियो भएमात्रै अरुलाई सुशासित बन्नका लागि आवश्यक दवाव र पैरवी कार्य गर्न सक्दछ । सहकर्मी समाजले विगतमा झै यस अवधीमा संस्थतागत विकासका क्षेत्रमा गरेका प्रयासहरुलाई निम्नानुसार हेर्न सकिन्छ ।

सुशासन परिवर्तनको मुल आधार हो । सुशासन विना कोही पनि दिगो रहन सक्दैन । सुशासनले नै हरेक व्यक्ति, परिवार समाज र राष्ट्रलाई बलियो र प्रभावकारी ढंगले सञ्चाल हुन मद्दत पुऱ्याउँदछ भन्ने विषयलाई मुल आधार वनाएर सहकर्मी समाजको समर्थनमा बनेका सामुदायिक समूह, मुल समिति र कार्यसञ्जाल संस्थाहरुको सुशासन सवलीकरणका विभिन्न क्रियाकलापहरु सम्पन्न भएका छन् ।

नेपाल गन्धर्व समाज र थारु सामुदायिक विकास मञ्च बर्दियामा संस्थागत गतिविधिहरु, समूह संचालन नीति नियम निर्माण तथा कार्यान्वयन, वार्षिक योजना निर्माण, संस्थागत अवस्था विश्लेषण, प्रस्ताव लेखन अभ्यास तथा सीप विकास, वार्षिक साधारण सभा, समूह निर्माण तथा संचालन, छलफल तथा अन्तर्रक्रिया, स्रोत पहिचान तथा परिचालन गर्ने कामहरु निरन्तर रुपमा चल्दै आएको छ ।





रोजगारीका लागि सीप विकास, तरकारी खेती, बाख्रापालन, बंगुरपालन, सिंचाई, होम गाडेन, सिलाई कटाई, घुम्ती कोष संचालन, स्थानीय सरकार संचालन क्षमता अभिवृद्धि तालीम संचालन, सिकाई आदान प्रदान कार्यशालामा सहभागी, स्कोरकार्ड कार्यशालामा सहभागी, मूल समिति संचालन कार्य विधि निर्माण, समूह सहजीकरण सीप विकास, कोष व्यवस्थापन छलफलहरु संचालन गरिएको थियो ।

थारु समुदाय विकास मञ्चको संस्थागत सुशानमा बिकास भएको छ । कर्मचारी तथा कार्यसमितिहरु बिचको सम्बन्धमा सुधार भएको छ । संस्थाको आयोजनामा साझेदार संस्थाको सहजिकरणमा संस्थाको अवस्था बिश्लेषण क्रियाकलापले संस्थाको कमीकमजारी पत्ता लगाई कमीकमजोरी न्युनीकरण गर्नमा धेरै सहयोग पुऱ्याएको छ। कार्यसमिति तथा कर्मचारीहरुको क्षमता बिकास भएको छ ।

दक्षिण देउखुरी अधिकार मञ्च अन्तर्गतका समूहको साधारण सभा, मुल समितिको साधारण सभा, संस्थाको साधारणसभा, सदस्यता नबिकरण र लेखा परिक्षण कार्य सम्पन्न भएका छन् ।

## नीति नियम विकास

सामुदायिक समूह, मूल समिति र कार्यसंजाल संस्थामा नीति नियम र कार्यविधिहरुको विकास तथा पुनरावलोकन गर्न मद्दत गरिएको छ । जस्तै लैङ्गिक समता तथा सामाजिक समाबेशिकरण नीति तयार गरि कार्यान्वयन भैरहेको छ । आर्थिक तथा प्रशासनिक नियमावलीमा आवश्यक संशोधनमा मद्दत गरिएको छ। TCP-Global Fund परिचालन कार्यविधी निर्माण तथा अनुमोदन गरी कार्यान्वयनमा आएको छ। समूहको बचत कोष परिचालन प्रक्रियालाई सुदृढ पार्न कार्यविधि विकास गरी कार्यान्वयन गर्ने काम भैरहेको छ। दक्षिण देउखुरी अधिकार मञ्चमा निर्माण भएको रणनीतिक योजनाको कार्यान्वयनतर्फ अघि बढेको छ । समूहहरुले बिधान तयार गरी गाउँपालिका अन्तरगतको कृषि शाखामा समूह दर्ता गर्ने र श्रोत माथिको पहुंच वढाउँदै आएका छन् ।

सहकर्मी समाजको समर्थनमा बनेका सामुदायिक समूह, मुलसमिति र कार्यसञ्जाल संस्था सञ्चालनका लागि उनीहरुकै अनुभव, भोगाइ र सहभागिताको आधारमा संगठन निरन्तरताको लागि आवश्यक नीति नियम निर्माण गर्ने, बनेका र प्रयोगमा आएका नीतिनियमहरुलाई अनुभवको आधारमा पुनरावलोकन गर्ने काम सम्पन्न भएका छन् । यसवर्ष ५५ वटा सामुदायिक समूह, ५ वटा मुल समितिको नीति नियम पुनरावलोकन गर्ने र थप नयाँ बनेका ४९ वटा टोल विकास संस्था सञ्चालनका नीतिनियमहरु बनाउन समर्थन दिने काम सम्पन्न भएका छन् । समुदायमा आधारित कार्यसञ्जाल संस्था पश्चिम जाजरकोट विकास समाजको विधान सम्सोधन,जेसी पोलीसी पुनरावलोकन तथा कर्मचारी नियमावली पनि संसोधन गरिएको छ भने वैधानिकतालाइ पनि निरन्तरता दिइएको छ ।

समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरु, ती अन्तर्गतका मूल समितिहरु र सामुदायिक समूहहरुले आवश्यक ठानेका नीति, नियम तथा अन्य कार्यविधिहरुको निर्माण र कार्यान्वयनका क्षेत्रमा सहकर्मी समाजले नियमित रुपमा सहजीकरणको प्रकृयालाई अघि बढाउदै आएकोछ ।

सिमान्तीकृत समुदायहरु संगठीत रहेका यस्ता संस्थाहरु अन्य गैर सरकारी संस्थाहरुसंग सहज रुपमा प्रतिषर्धा गरेर अघि बढ्न सक्दैनन भन्ने कुरालाई ध्यानमा राखेर उनीहरुको आफ्नै सीप, अनुभव र भोगाईमा आधारित नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने र स्थानीय श्रोतसाधनहरुमा आधारित भएर कार्ययोजना बनाई कार्यान्वयन गर्न सक्ने वातावरण निर्माणमा सहकर्मी समाजको भूमिका र योगदान महत्वपूर्ण रहदै आएकोछ ।

संस्थामा आबद्ध समुहहरुलाई साबिकको गाविसको आधारमा समुहहरुको छाता संगठन मुलसमितिको कार्यबिधि निर्माण गरी कार्यबिधिको निति, नियमको आधारमा घुम्तीकोष पुन. संकलन गर्ने काम भईरहेकोमा ६ लाख ८० हजार यसै बर्ष जम्मा भएको छ ।



## संस्थागत प्रकृया सवलीकरण

दाङको दंगीशरण गाउँपालिकामा विगत बर्ष देखि अभ्युदय भएका ५२ वटा समूहमा ७ वटा वडास्तरीय सामुदायिक मूल समिति निर्माण भएका छन । समूहहरुलाई गत बर्ष संचालन गरिएको संगठनात्मक सवलीकरणका तालिमहरुले संस्थागत प्रक्रिया र क्षमता सवलीकरणका लागि सहयोग पुगेको छ । कार्यसंजाल संस्थामा स्व-मूल्याँकन तथा सहभागिमूलक अनुगमनका लागि प्रक्रिया विकास गर्न सहजीकरण गरिएको छ । कोशेली कार्यक्रम २०१९ को सार्बजनिक लेखा परिक्षण सम्पन्न गरिएको छ । कार्यसंजाल संस्थाले बार्षिक लेखा परिक्षण तथा संस्था नविकरण नियमित गर्दै आएका छन ।

सशक्तिकरण र दिगोपनामा आधारित जीविकोपार्जन सुधारका लागि सामुदायिक संगठन सवलीरकण कार्यक्रम जाजरकोटले यसवर्ष संस्थागत प्रकृया सवलीकरणका लागि भेरी नगरपालिका अन्तरगत साविक जगतिपुर, भुर र पुन्मा गाविसमा वनेका समूहहरुको समर्थनमा वडास्तरिय ८ वटा मुलसमिति गठन गरि मुलसमिति परिचालनको सामन्य नियमहरु वनाई मुलसमिति सञ्चालनमा आएका छन् । समूहहरुको नियमित साधारण सभा सम्पन्न हुनुको साथै पश्चिम जाजरकोट विकास समाजको लेखापरिक्षणको कार्यलाई अगाडी वढाइएको छ । संस्थाको आन्तरिक क्षमता विकासका लागि संस्थाको अवस्था विश्लेषण गरी सुधार गर्न प्रयत्नसिल रहेको छ ।

शिवालय गाउँपालिका र सहकर्मी समाजको सहयोगमा पश्चिम जाजरकोट विकास समाजको कार्यालय सञ्चालनको लागि ४ कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ त्यसै गरि भेरी नगरपालिकाको आर्थिक सहयोग र समूहको लगानीमा भेरीनगरपालिका १० भुरचौरमा एउटा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएको छ । त्यसै गरि २ वटा समूहहरुले आफ्नै श्रम र लगानीमा २ वटा सामुदायिक वैठकघर निर्माण भएको छ जसले संस्थागत प्रकृयालाइ सहजीकरण गरेको छ ।



समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको विधान विद्यमान परिवर्तित राज्य संरचनाहरु, एवं ऐन कानून बमोजिम मेलखाने गरी संशोधन परिमार्जन कार्यशाला सम्पन्न गरी उनीहरुको विधानलाई संशोधन तथा परिमार्जन गरिएका छन।

जाजरकोटको भेरी नगरपालिका र दाङ जिल्लाको दंगीशरण गाउंपालिकाहरुमा रहेका सामुदायिक समूहहरु मिलेर मूल समितिहरु निर्माण प्रकृया सम्पन्न भई समुदायमा आधारित कार्यसञ्जाल संस्था निर्माण प्रकृयाको थालनी गरिएकोछ।

समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको नियमित वार्षिक साधारणसभाहरु सम्पन्न गरिएका छन भने सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुमा संस्था नविकरण गर्ने नियमित कामहरु सम्पन्न गरिएका छन।

थारु समुदाय विकास मञ्चद्वारा हाल ५ वटा मूलसमिति निर्माण भएका छन्। ति मूलसमितिमा थारु समुदाय विकास मञ्चमा आबद्ध ३७ बाट एक एक जना प्रतिनिधि छनौट भएका छन्। मूल समिति सदस्यहरुको क्षमता बिकास कार्यशाला सञ्चालन गरि त्यसको उचित ब्यबस्थापन गर्ने कार्य सम्पन्न भएको छ।

## अभिलेख तथा दस्तावेजीकरण

समूहहहरुले नियमित बैठकको निर्णय माईन्यूट गर्ने, दर्ता चलानीलाई निरन्तरता दिने, बचत संकलन तथा ऋण लगानी असुलीका खाताहरु व्यवस्थापन गर्ने, समूहका सवै खाले तथ्याँक अपडेट गर्ने, वार्षिक साधारण सभा, तालिम तथा कार्यक्रमका प्रतिवेदन लेखन, व्यवस्थापन र फायलिङ गर्दै आएका छन्।

कार्यसंजाल संस्थामा चलअचल सम्पत्तिको अभिलेख व्यवस्थापन, संस्थामा तयार गरिएका नीतिनियम, बिधान, विभिन्न नियमावलीहरु, कार्यक्रमका बार्षिक सम्झौता-पत्रहरु, संस्थागत आम्दानी र खर्च हिसाव व्यवस्थापन, विल भरपाई, संस्थागत अवस्था विश्लेषण प्रतिवेदन, कार्यक्रमको सामाजिक लेखा परिक्षण, बार्षिक आर्थिक लेखापरिक्षण, संस्था दर्ता र नविकरण सम्वन्धि अभिलेखहरुको दस्ताबेजीकरणमा मद्दत गरिएको छ।




त्यस्तै कोशेली कार्यक्रमको योजना निर्माण, मासिक, चौमासिक, अर्धवार्षिक तथा बार्षिक प्रतिवेदनहरु तयार गर्ने र सम्वन्धित ठाउँमा पठाउने काम नियमित भैरहेको छ।

समूह, मुलसमिति तथा संस्थाले गरेका योजना तथा गतिविधिलाई दस्तावेजिकरण गरि अभिलेखको रुपमा राख्ने प्रकृयालाइ निरन्तर दिइएको छ। संगठन तथा संस्थाका आवश्यक निर्णय, वैठक पुस्तिका तयार गरि व्यवस्थित गरिएको छ। संस्थागत आवश्यक कागजात तथा प्रमाणहरु र नीति नियमहरुलाइ अभिलेखिकरण गरिएको छ।

संस्थाहरुको संस्थागत क्षमता विकासका लागि संस्थाको अवस्था विश्लेषण गरी कमजोर रहेका क्षेत्रहरु पत्ता लगाई योजनावद्ध कामलाई अघि बढाइएकोछ भने संस्थाको आर्थिक अभिलेख तथा अन्य सूचनाहरुको दस्तावेजीकरण गर्ने कामलाई प्राथमिकताका साथ अघि बढाइएकोछ।

विभिन्न तालिम, अन्तरक्रियाहरु सञ्चालन गरी समुदायमा आधारित कार्यसञ्जाल संस्था तथा मूल समिति तथा सामुदायिक समूहहरुको तथ्यांक तथा दस्तावेजहरुलाई ब्यवस्थित बनाउनका लागि सदस्यता अभिलेख, सामुदायिक समूहहरुको अभिलेख, निर्णय तथा छलफलहरु, निर्माण गरिएका योजनाहरु आदिको अभिलेखलाई दस्तावेजीकरण गरी ब्यवस्थित बनाउने प्रयास र प्रयत्नहरुलाई निरन्तरता दिदै आएको छ।

वार्षिक प्रतिवेदनहरु तयार गरी हरेक वर्ष साधारणसभामा प्रस्तुत गर्ने कामलाई नियमित बनाइएकोछ र प्रगति प्रतिवेदन, वार्षिक योजना निर्माण तथा कार्यान्वयन र अनुगमन प्रतिवेदनहरुलाई ब्यवस्थित गर्नका लागि सहजीकरण गरिदै आएकोछ।

बिगतको भन्दा अहिले हरेक क्रियाकलापहरुको अभिलेख तथा दस्ताबेजीकरण गर्ने कार्यमा सुधार भएको छ। आवश्यक पर्ने जुनसुकै कागजातहरु सजिलै पाउन सक्ने अवस्थाको सिर्जना भएको छ।





## कोचिंग तथा मेन्टोरिंग

समूह, मूल समिति र कार्यसंजाल संस्थामा आवद्ध रहेका मानिसहरुको व्यक्तिगत तथा सामाजिक जिवनमा आईपरेका सजिला तथा दैनिक जिवनका कठिनाईहरुलाई सहज गराउनका लागि कोचिंग तथा मेन्टोरिङ गरिएको छ । समस्या पिडित व्यक्तिलाई स्वयंले निकास खोज्नका लागि सामुदायिक सहजकर्ताहरुले कोचिङ गर्दै आएका छन । ब्यक्तिगत र सामुहिक समस्याहरुको समाधानका लागि योजना बनाई कार्यान्वयन गर्नका लागि कोचिंग तथा परामर्श सेवा प्रदान गर्दै आईरहेकोछ।

समस्या पिडित व्यक्तिलाई जीवनप्रतिको आशा, भरोसा र विश्वास जगाउन र स्वयंले समस्या समाधानका लागि अघि वढाएका प्रयास र प्रयत्नहरुलाई सहज गराउन मद्दत गरिएको छ। व्यक्तिगत कोचिंग पछि मानिसहरुले आयआर्जनका कामको शुरुवात गर्ने, घरायसी झगडा मिलाउने, पाठेघरको समस्यामा उपचार गरि निको हुने, सामाजिक संलग्नतामा बृद्धि गर्ने, नागरिकता वनाउने, समयमा विवाह तथा जन्मदर्ता गर्ने, घरेलु हिंसा न्यूनिकरण लगायतका कुरामा क्रमिक सुधार आएको छ।



विना चासो तथा समस्या रहित कोही व्यक्ति वा समुदाय हुँदैन । सहकर्मी समाज जाजरकोटको कोशेली तथा टोल विकास संस्था परिचालन कार्यक्रम अन्तरगत समूह, मुलसमिति तथा संस्थामा आवद्ध रहेका सदस्यहरुले भोगेका बारबार सताइरहेका समस्याहरु जुन सार्वजनिक गर्न वा समुदायस्तरमा सवैको सामू विश्लेषण गराउनु उपयुक्त हुँदैन त्यस्ता नितान्त व्यक्तिगत समस्याहरु समाधानका लागि सहकर्मी समाजमा काम गर्दै आएका कर्मचारी वा तालिम प्राप्त सामुदायिक सहयोगीहरु मार्फत सम्वन्धित समस्या पिढित व्यक्ति सँग वसेर उक्त समस्यामा केन्द्रित रही विश्लेषण गर्ने र समस्या पिढित व्यक्ति मार्फत नै समस्या समाधानको उपाय खोज्न मद्धत दिदै आएको छ। यस प्रकृयाले मानिसलाइ सशक्त र आँफु भित्र क्षमता छ। म जस्तो सुकै समस्या समाधान गर्न पनि सक्षम छु भन्ने आत्म विश्वास र आत्मवल जगाउँछ। सहकर्मी समाजले विशेष गरि व्यक्तिगत समस्या जस्तै घरेलु हिँसा, श्रीमान श्रीमतिको झगडा, विभिन्न खालका रोगहरु जस्तै पाठेघर खस्ने, यौनरोग आदी लगाएत जुन समस्या सामाजिक नभै व्यक्तिगत छन त्यस्ता समस्या समाधानका लागि घर भेटघाट गरि आवश्यक मद्दत, सल्लाह तथा परामर्श दिँदै आएको छ।

सिमान्तीकृत समुदायका मानिसहरु जो सामुदायिक समूहहरु, मूल समितिहरु तथा समुदायमा आधारित कार्यसञ्जाल संस्थामा आवद्ध रहनु भएकोछ, उनीहरुको जीवन सहज बनाउन र दैनिक रुपमा आईपर्ने समस्याहरुको समाधानका लागि ब्यक्तिगत र सामुहिक योजना बनाई कार्यान्वयन गर्नका लागि कोचिंग तथा परामर्श सेवा सहकर्मी समाज सुर्खेतले प्रदान गर्दै आईरहेकोछ।

सिमान्तीकृत, अल्पसंख्यक, लोपन्मुख तथा समस्याग्रस्त ब्यक्ति तथा समुदायमा समाधानका विकल्पहरु खोज्नका लागि मद्दत गर्ने, बनाएको योजना कार्यान्वयन र अनुगमन गरी आवश्यक पृष्ठपोषण दिने कामलाई नियमित बनाउदै आएकोछ ।



कोचिंग तथा परामर्श सेवालाई प्रभावकारी बनाई गरीव तथा छेउ लागेका समुदाय, अल्पसंख्यक तथा लोपन्मुख समुदायका मानिसहरुको जीवनप्रतिको आशा र विश्वास सृजना गरी धेरैजसो समस्याग्रस्त अवस्थामा रहेका मानिसहरुलाई उनीहरुको समस्या समाधानका प्रयास र प्रयत्नहरुलाई निरन्तर अगाडी बढाउदै आएको छ। परिणाम स्वरुप त्यस्ता सिमान्तीकृत समुदायका मानिसहरुको जीवन प्रतिको आशा बढ्दै जाने र हामी आफै आफ्ना लागि गर्न सक्छौ भन्ने भावनाको विकास हुदै आएको छ।

थारु समुदाय विकास मञ्चका कर्मचारीहरुले समुह सदस्हरुलाई समय सापेक्षित बिषय बस्तुहरुमा कोचिंगा तथा मेन्टोरिंग गर्ने क्रियाकलाप निरन्तर गरिरहेका छन् । जस्तै बालबिबाह, जलबायु परिबर्तन, आदी।

## ख) संस्थागत सिकाई तथा सञ्जाल विस्तार

समुदायका उत्तम अभ्यास र प्रयासहरुबाट सिक्नका अन्तरक्रियात्मक छलफलहरु संचालन गरिदै आएको छ । कार्यसंजाल संस्थाहरु, मूलसमितिहरु र समूहमा साप्ताहिक, पाक्षीक तथा मासिक वैठक नियमित गरि अनुभव आदान प्रदान गर्ने संस्कार स्थापित भएको छ। दाङ जिल्लामा १८८ सामुदायिक समूह मिलेर साविक गाविस तथा वडा स्तरमा १६ वटा मूल समिति गठन भएका छन भने २ वटा समुदायमा आधारित कार्यसंजाल संस्थाहरु विगत देखि नै बैधानिक रुपले समुदायको रुपान्तरणका लागि क्रियाशिल रहँदै आएका छन।

सहकर्मी समाजको कार्यक्षेत्रमा एउटै लक्ष र उद्देश्यमा सामुदायिक समूह, मुलसमिति र कार्यसञ्जाल संस्थाहरुको विचमा मासिक तथा वार्षिक रुपमा सिकाइ आदान प्रदान गर्दै आएको छ । सहकर्मी समाज काम गर्दाको आपसी अनुभव तथा सिकाइ एकआपसमा आदान प्रदान गर्ने एक अर्काको सिकाइ तथा अनुभवबाट सिक्ने कुरामा विश्वास गर्दछ।

मासिक रुपमा समूहहरुको सिकाइ आदान प्रदान गर्न मुलसमितिको स्थापना र सञ्चालन भएको छ भने मुलसमितिहरुको सिकाइ आदान प्रदान गर्न एक कार्यसञ्जाल संस्थाको स्थापना र निरन्तरता रहि रहेको छ भने अर्को कार्यसञ्जाल संस्था निर्माणको चरणमा रहेको छ। भने पश्चिम जाजरकोट विकास समाज राष्ट्रिय सामुदायिक संस्थामा आवद्ध भइ नियमित सिकाइ आदान प्रदान गर्दै आएको छ।

राष्ट्रिय सामुदायिक संस्था विकास केन्द्र नेपालको विभिन्न समयमा बैठकहरु सम्पन्न गरी समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको अवस्था विश्लेषण गर्ने, आवश्यक कार्यक्रम विकासका लागि प्रयत्नहरुलाई जारी राख्ने र विभिन्न सवालहरुमा जनवकालत र पैरवीका लागि योजना निर्माण गरी कार्यान्वयन गरिरहेकोछ।

सिकाई आदान प्रदान कार्यशालाको तयारी गर्दागर्दै यस पटक कोभिड १९ को माहामारीका कारण कार्यशालाको आयोजना अनिश्चित जस्तै भएकोछ । संस्थाको संस्थागत विकासका लागि सहकर्मी समाजसंगको साझेदारी गरी कामलाई नियमित बनाउने प्रयत्न गरिएकोछ । साझेदार संस्थाहरुका बीचमा अनुभव आदान प्रदान कार्यशालाहरुलाई नियमित गरिदै आएकोछ। सुदूरपश्चिममा रहेका साझेदार संस्थाहरुका सिकाई आदान प्रदान प्रदेश स्तरीय कार्यशाला कञ्चनपुर जिल्लाको बेल्डाडी गाउंपालिकामा रहेको कञ्चन समुदायिक विकास केन्द्रको आयोजनामा सम्पन्न गरिएकोछ।

थारु समुदाय विकास मञ्चको गरिब, सिमान्तकृत, मुक्तकमैयाहरुलाई शसक्तिकरण तथा जिबिकोपार्जन सुधार गर्नमा ठूलो योगदान रहेको छ। संस्थाको आयोजनामा विभिन्न तालिम, कार्यशालाको आयोजना गरी समुह सदस्यहरुको जीबनमा परिवर्तन गर्ने संस्थागत सिकाई रहेको छ।





थारु समुदाय विकास मञ्चमा आबद्ध समुहहरुलाई दिशानिर्देश गर्नका लागि ५ वटा मूलसमितिको निर्माण गरि सञ्जाल बिस्तार भएको छ।

## ग) साझेदारी विकास

सहकर्मी समाजले सन २०१७ देखि विकास कोष नर्वेको सहयोगमा सञ्चालन गरिरहेको कोसेली कार्यक्रम दक्षिण देउखुरी अधिकार मञ्च गढवा, दाङ र समाज विकास सञ्जाल काभ्रे दाङसंग साझेदारी सम्झौता सम्पन्न गरी कार्यक्रमलाई निरन्तरता दिईएको छ। दक्षिण देउखुरी अधिकार मञ्चले गढवा गाउँपालिकासंग साझेदारी गरि आफ्नो भवन निर्माण सम्पन्न गरेको छ भने वडा नं ५ संगको साझेदारीमा बालवालिका तथा महिला लक्षित तालिम, बाल दिवास तथा कार्यक्रमहरु कार्यान्वयन गरेको छ। यसै गरि समाज विकास संजाल काभ्रे दाङले TCP-Global Fund संग एक लाख ६९ हजारको साझेदारी गरि घुम्तिकोष मार्फत आयआर्जनका कार्यक्रमका लागि समुदायलाई सहयोग गरिरहेको छ।

सहकर्मी समाज जाजरकोट शाखाले आफ्नो कार्यक्षेत्र भित्र रहेका स्थानिय सरकार तथा सरोकारवालासँग साझेदारी विकास गरी काम गर्ने प्रयत्नलाई यसवर्ष पनि निरन्तरता दिएको छ। भेरी नगरपालिकाको सहयोगमा सञ्चालित टोल विकास संस्था परिचालन कार्यक्रम यस वर्ष पनि निरन्तरता भएको छ। शिवालय गाउँपालिकासँग पनि कृषिसँग सम्वन्धित कार्यक्रमहरु सहकर्मी समाज र पालिकाको साझेदारीमा सम्पन्न भएका छन।

पश्चिम जाजरकोट विकास समाजका लागि शिवालय गाउँपालिकाले प्रत्यक वर्ष क्षमता विकास तालिम आयोजनाको तथा सञ्चालनको जिम्मेवारी दिदैं आएको छ । पश्चिम जाजरकोट विकास समाजको भवन निर्माणका लागि शिवालय गाउँपालिका र सहकर्मी समाजको साझेदारीमा सम्पन्न भएको छ । मुलसमिति र स्थानिय सरकार विच पनि थुप्रै कामहहरु साझेदारीमा सम्पन्न भएका छन। जस्तै कृषी औजार तथा विउ विजन, फलफुल विरुवा तथा तालिम आदी।





सहकर्मी समाजले समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुसंग विभिन्न कार्यक्रमहरुको कार्यान्वयन सम्झौताहरु सम्पन्न गरिएका छन्। नयाँ कार्यक्रमको विकास तथा विस्तारका लागि समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुलाई कार्यक्रम विकासका लागि सहजीकरण गर्ने काम नियमित रुपमा हुँदै आएकोछ।

थारु समुदाय विकास मञ्चलाई संस्थागत बिकास गर्ने, कर्मचारी तथा कार्यसमितिहरुको क्षमता बिकास गर्ने संस्थालाई मार्ग निर्देश गर्नकालागि साझेदार संस्था सहकर्मी समाजले ठुलो योगदान गरेको छ। प्राबिधिक सहयोग प्राप्त गरि थारु समुदाय विकास मञ्चको संस्थागत बिकास भएको छ।

## घ) श्रोतमाथिको पहुंच वृद्धि तथा दीगोपना

समुदायका मानिसहरुलाई राज्यका श्रोतहरु माथिको पहुंच वढाउनका लागि समूहलाई स्थानीय पालिका तथा कृषि शाखामा नियमानुसार दर्ताका लागि परामर्श दिने काम भएको छ, हालसम्म दाङमा ४८ वटा समूह कृषि शाखामा दर्ता भई सेवा सुविधा लिँदै आएका छन्। समूह तथा मूल समितिहरुले प्राप्त गरेको श्रोतलाई मितव्ययी, सुशासित, पारदर्शी र दीगो व्यवस्थापन गर्नका लागि हरेक श्रोतहरुको प्रयोग परिचालन र मूल्याँकन गर्ने संस्कारको विकास भएको छ। संजाल संस्थाका पदाधिकारी तथा सहजकर्ता मार्फत समय समयमा अनुगमन तथा मूल्याँकन गर्ने पद्धति निर्माण गरि कार्यान्वयन भैरहेको छ।

समूह वचतको दीगो व्यवस्थापनका लागि कोष व्यवस्थापनका तालिम तथा व्यवहारिक अभ्यासहरु संचालन गरिदै आएको छ। कोषलाई संस्थागत गर्नका लागि समाज विकास संजाल र दक्षिण देउखुरी अधिकार मञ्च गढवामा सहकारी स्थापनाको आवश्यकताबारे अध्ययन विश्लेषण र उपयुक्त मोडालिटीमा वहस भैरहेको छ।

सिमान्तिकृत मानिसहरुको जीवनस्तर सुधारका लागि श्रोतमाथिको पहुँच तथा दिगोपना निकै महत्वपूर्ण विषय हो । जवसम्म मानिसहरुको हरेक गतिविधि र कृयाकलापका लागि आवश्यक श्रोतको लागि पहुँच हुँदैन तवसम्म सिमान्तिकृत वस्तिहरुको विकास असम्भव छ। सहकर्मी समाज सिमान्तिकृत समुदायको विकास र परिवर्तनका लागि काम गर्दै आएको संस्था हो ।

हामी केही गर्न सक्दैनौ हाम्रो हातमा केही छैन र हाम्रो पक्षमा पनि कोही छैन भन्ने मनस्थिति भएका मानिसहरुको लागि हामी सवै हौ हामीले चाहेमा जे पनि गर्न सक्छौं भन्ने भावना जगाउने र उनीहरुको मनोवल उच्च राख्न मानविय क्षमता विकासको काम सहकर्मी समाजले गर्दै आएको छ । सहकर्मी समाजको सहयोग र समर्थनमा वनेको समूहमा भएको नियमित समस्या विश्लेषणले मानिसहरु सशक्त भएका छन, आफ्नो पहुँच विस्तार गरेका छन् अहिले समूह तथा मुलसमितिले स्थानिय सरकार तथा सरोकारवालाहरुसँग प्रयाप्त सहयोग र समर्थन लिन सकेका छन् जसले उनीहरुको दिगोपना र पहुँच विस्तारमा परिपक्वता आएको छ ।

अहिले समुदायका मानिसहरु अरुको भर पर्ने र अरुले गरिदिनु पर्छ भन्ने मनस्थितिबाट टाढा छन् कुनै पनि काम र गतिविधी असम्भव देख्दैनन् जसको परिणाम समुदायको पहुँच विस्तार हो ।

स्थानीय सरकारहरुसंगको नियमित अन्तरक्रिया, सम्वाद र सहकार्य मार्फत विकासलाई समुदायमैत्री वनाउन र जीवन उपयोगी तथा दीगो व्यवस्थापन गर्ने प्रयत्नहरु जारी रहेका छन् । स्थानीय सरकारका योजनाहरुलाई आवश्यकतामा आधारित र जीवन उपयोगी बनाउनका लागि निरन्तर प्रयास गरिएका छन ।

सामाजिक न्यायको स्थापना, आधारभूत मानव अधिकारको प्रत्याभूति, राज्यका सबै तहमा सिमान्तीकृत समुदायको सहभागिता र विकास प्रकृयामाथिको उनीहरुको स्वामित्ववोधको अनुभूति दिलाउनका लागि स्थानीय सरकार हरुसंगको नियमित अन्तरक्रिया, स्थानीय सरकारको योजना निर्माण प्रकृयामा सिमान्तीकृत समुदायको सहभागिता अभिवृद्धि गर्नका लागि निरन्तर प्रयास र प्रयत्नहरु गर्दै आईरहेकोछ

विकासलाई जीवन उपयोगी तथा दीगो बनाउने प्रयास र प्रयत्नहरु अन्तर्गत स्थानीय सरकारहरुसंगको नियमित अन्तरक्रिया, सम्वाद र सहकार्य मार्फत जारी रहेका छन् । स्थानीय सरकारका योजनाहरुलाई आवश्यकतामा आधारित र जीवन उपयोगी बनाउनका लागि निरन्तरको प्रयास गरिएका छन् ।

आम उपभोक्ताहरुको सहभागिता र सामुहिक रुपमा सम्पन्न गरिएका विकासका प्रयास र प्रयत्नहरु स्वंयमा दीगो र टिकाउ हुने गर्दछन भन्ने विश्वासका साथ स्थानीय श्रोतहरुको पहिचान, परिचालन र संरक्षणको योजना बनाई नियमित रुपमा कार्यान्वयन गर्ने सामुहिक प्रयास र प्रयत्नहरु अघि बढाइएका छन् । स्थानीय रुपमा उपलब्ध श्रोतसाधनहरुको दुरुपयोग रोक्नका लागि निरन्तर प्रयासहरु जारी रहेका छन् ।

आर्थिक, समाजिक तथा सांस्कृतिक रुपमा कमजोर अवस्थामा रहेका मानिसहरुको पहुंच र नियन्त्रण बढाउँदै जीवनमाथिको नियन्त्रण क्षमता बढाउनका लागि सिमान्तीकृत समुदायका मानिसहरुलाई सरकारी सेवा सुविधा तथा श्रोतहरुमाथिको पहुंच स्थापना गर्न, प्राकृतिक श्रोतसाधनहरुमा पहुंच स्थापना गर्न सहकर्मी समाजले विभिन्न क्षमता विकासका प्रयास र प्रयत्नहरु बढाउदै आएकोछ ।





कोसेली कार्यक्रम अन्तर्गत नेपाल गन्धर्व समाज र थारु समुदाय विकास मञ्च बर्दियाले श्रोतमाथिको पहुँच वृद्धि तथा दीगोपनाकालागी तालीममा सहभागी हुने काम भयो। थारु सामुदायिक विकास मञ्चले स्थानीय श्रोत परिचालन गरि तरकारी खेती र माछापालन गरि संस्थाको आन्तरिक श्रोत सृजना गरेका छन । संस्थाको हल भाडामा दिएर,गेस्ट रुम संचालन गरेर संस्थाको श्रोत सृजना गर्न मद्दत पुगेको छ। समुहका सदस्यहरुको सहयोगमा सामुदायिक स्रोत केन्द्रको भवन निर्माण भएको छ।

थारु समुदाय विकास मञ्चले संस्थामा आबद्ध भएका समुहहरुको मूल समिति बनाई क्रियाकलापहरु सञ्चालन गरिरहेको छ। जस अन्तर्गत संस्थाबाट सहयोग नपाई सकेका अन्य सदस्यहरुले मूलसमितिमा जम्मा भएको रकम उचित ब्याजदरमा प्राप्त गरि आयआर्जनका क्रियाकलापहरु गरिरहेका छन्। संस्था दिगोपनाका लागि मूलसमितिहरुलाई एकत्रित गरि सहकारी स्थापना गर्ने सोच बनाएको छ।

### ङ) पैरवी तथा क्षमता विकास

सामुदायिक समूह, स्थानीय मूल समितिहरु र दाङ जिल्लामा स्थापित दुई वटा कार्यसंजाल संस्थाहरुले समुदायमा सुविधाको पहुंच, गुणस्तरीय सेवा र श्रोतको प्रभावकारिताका लागि पैरवी गर्दै आएका छन। दाङको बंगलाचुली गाउँपालिका अन्तरगत तापाबाट सिमेन्टका लागि चुनढुङ्गा उत्खनन र ओसार-पसारले समुदायमा पर्न गएको टिप्परको धुलो, धुवाँ र हिलोले पारेको समस्याको दीर्घकालिन समाधानका लागि स्थानीय समूह तथा समुदायले सरोकारवालाको ध्यानाकर्षण गराउँदै आएका छन। समुदायका साझा समस्याहरु जस्तै : बाटो निर्माण, स्वच्छ खानेपानी, शिक्षामा गुणत्मक सुधार, महिला प्रजनन स्वास्थ्य, घरेलु हिंसा, बालविवाह, बहुविवाह, सरकारी सेवाको गुणस्तर लगायत साझा समस्या समाधानका लागि जनप्रतिनिधिहरु मार्फत पैरवी र जनवकालत गर्दै आएका छन।



समुह, मुलसमिति र कार्यसञ्जाल संस्थामा आवद्ध सदस्यहरुको पैरवी तथा क्षमता विकासको लागि सहकर्मी समाज प्रतिवद्ध छ। समूह तथा संस्थाहरुमा प्रकृयागत रुपमा हुने नियमित छलफलका विषय वा सवालहरुले समुह सदस्यहरुको पैरवी क्षमता विकास गराइरहेको छ। विभिन्न सुचना जानकारी तथा नियमहरुको जानकारी अध्ययन र सहभागिताले पनि प्रोत्साहन गरेकै छ। जनवकालत तथा नेतृत्व विकास तालिम पनि समुदायका मानिसहरुको आत्मविश्वास वृद्धी गरेको छ। समूह मुलसमिति र कार्यसञ्जाल संस्थाको अवधारणले पनि समह सदस्यहरुलाइ हामी एक्लो नभै संगठित भएको महशुस गराइ निडरताको क्षमता विकास गराएको छ।

सहकर्मी समाजद्वारा बाँके र दाङ जिल्लामा ३/३ दिनको समान्तीकृत समुदायका अगुवा सदस्यहरुलाई नेतृत्व विकास तथा सीमान्तीकृत समुदायको हक अधिकार सम्बन्धि पैरवी विषयक कार्यशाला सञ्चालन गरियो। उक्त तालिमबाट सीमान्तीकृत थारु कुमाल, मंगता, चिडिमार र कुशबन्धिया समुदायका सदस्यहरुले नेपाल सरकारद्वारा आफूहरुलाई प्रदान गर्दै आएका हक अधिकारहरुको वारेमा जानकारी हाँसिल गर्न सफल भएका छन्।

उनीहरु आफ्नो अधिकारको लागि दावि गर्न विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुमा जानकारीको लागि जाने गरेका छने भने विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले योजना गर्ने तालिम, गोष्ठीमा सहभागी भई आफूहरुले पाउने हक अधिकारको दाबी गर्न थालेका छन्। उनीहरु आफ्ना समुदायका समस्यहरु लिएर विभिन्न व्यक्ति तथा संस्थाहरुमा जाने क्रम बढेको छ।



सिमान्तीकृत समुदायका साझा सवालहरुको पहिचान गर्नका लागि नियमित बैठकहरु सम्पन्न गरिएका छन । कैलाली, कञ्चनपुर तथा बर्दियामा रहेका ८ वटा समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुले कार्यसञ्जाल संस्था तथा सामुदायिक समूहहरुको नियमित वार्षिक साधारणसभाहरु सम्पन्न गरी समुदायमा साझा सवालहरु पहिचान गरी जनवकालत र पैरवीका योजनाहरु निर्माण गरी कार्यान्वयनमा ल्याएका छन ।

दाङ, जाजरकोट, कालिकोट र सल्यान जिल्लामा रहेका सामुदायिक समूहहरुले साझा सवालहरुको पहिचान गरी ती सवालहरुमा जनवकालत तथा पैरवीका विभिन्न क्रियाकलापहरु अघि बढाएका छन् भने क्षमता विकासका लागि सामुदायिक समूहहरुको बैठकमा ब्यापक छलफल र अन्तरक्रियाहरु सम्पन्न गरिएका छन् ।

कोसेली कार्यक्रम अन्तर्गत नेपाल गन्धर्व समाज र थारु सामुदायिक विकास मञ्च बर्दियाले वकालत तथा पैरवीका लागी नेपाल गन्धर्व समाज समाज,सोरहवा बर्दियाले बढैयाताल गा.पा बर्दिया र प्रदेश सरकारसंग समुदायका साझा सवालहरुमा माग तथा ज्ञापन पत्र दिनेकाम भयो । समुदायका साझा सवाल सम्बोधनका लागी प्रदेश न. ५ का मुख्यमन्त्री माननीय शंकर पोखरेल सहितको टोली गन्धर्व बस्तीमा पुगी ज्ञापन पत्र अनुसारको समाधानका लागी विकल्प सहितको सल्लाह दिनु भएको थियो ।

बाटो, खानेपानी, वालशिक्षा, रोजगारी, आय आर्जन र कृषि क्षेत्रमा सहभागी हुनका लागी समुदायका मानिसहरु सक्रिय भएर सीप, क्षमता अनुसार काममा लग्नुपर्ने,स्थानीय सरकारले आफै गर्न सक्ने काम आफै गर्ने, नसक्ने कामका लागी प्रदेश सरकार संग सिफारिस गर्ने सुझाव मुख्यमंत्रीले दिनु भएको थियो । थारु सामुदायिक विकास मञ्चले समुदायका सदस्यहरुको आय आर्जनकालागी प्रदेश नं ५ को समाज विकास मंत्रालयमा प्रस्ताव पत्र पेश गर्ने र सांसदहरुसंग भेटघाट गरी संस्थासंग सहकार्यका लागी अनुरोध गर्ने काम भयो ।

पालीकासंग समन्वय गरि संस्थाले गरेको कामको अनुगमनका लागी पालिकाबाट वडा अध्यक्ष, सदस्यहरुको टोली संस्थाको कामको अनुगमनमा सहभागी हुने काम भएको थियो । अनुगमनले स्थानीय सरकारसंगको सम्बन्ध विस्तार भएको छ ।

थारु समुदाय विकास मञ्च कार्यरत कर्मचारीहरुले बिभिन्न प्रशिक्षक प्रशिक्षण तालिममा सहभागि भई ब्यक्तिगत क्षमता विकास गरि समुह समुह हरुमा आफै तालिम सञ्चालन गरी रहेका छन् । संस्थाद्वारा सञ्चालन गर्ने तालिम, कार्यशालाहरुको बारेमा कर्मचारी बैठक बसि कार्ययोजना निर्माण गरि कार्यन्वयन गर्ने कार्य भईरहेको छ ।

दक्षिण देउखुरी अधिकार मञ्च अन्तर्गत सरस्वती समुहको भवन निर्माण को लागी बिनियोजित रकम रोकिदा वार्डसँग पैरवी गरेको छ ।






# फेष्ट अवधारणा विकास तथा विस्तार

सहकर्मी समाज सुर्खेत उपेक्षित तथा सिमान्तीकृत समुदायको सशिक्तकरण तथा सामाजिक रुपान्तरणका लागि प्रतिवद्ध गैर सरकारी संस्था हो । सहकर्मी समाजले विगत २३ वर्षदेखि उपेक्षित तथा सिमान्तीकृत समुदायको क्षमता विकास तथा सिमान्तीकृत समुदायलाई आफनो लक्षित समुदाय बनाएर क्रियाशील रहेका सरकारी तथा गैर सरकारी संस्थाहरुको मानव श्रोत विकास र संस्थागत क्षमता विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेकोछ ।

आवश्यकता तथा अनुरोधमा देशका विभिन्न जिल्लाहरुमा सहकर्मी समाजले विभिन्न फेष्ट अवधारणामा आधारित तालिम, अन्तरक्रिया, कार्यशालाहरु र परामर्शका लागि काम गर्दै आईरहेकोछ ।

समुदायका मानिसहरुसंग ज्ञान, सीप, अनुभव र क्षमता छ भन्ने कुरामा विश्वास गर्दै सहकर्मी समाजले सशक्तिकरण तथा सामाजिक रुपान्तरणका लागि सहजीकरण Facilitation for Empowerment and Social Transformation FEST अवधारणामा काम गर्दै आईरहेकोछ । समुदायका मानिसहरुलाई एकोहोरो पढाउने भन्दा उनीहरु भित्र रहेको अन्तरनिहीत क्षमताको उजागर गर्ने वातावरण निर्माणका लागि सहजीकरण गर्ने, आलोचनात्मक चेतना विकास गर्दै विश्लेषण क्षमता र विकल्प छनौट गर्नका लागि मौका प्रदान गर्ने अवसर प्रदान गर्दछ । आत्मविश्लेषण तथा भोगाईहरुको विश्लेषण गर्दै विभिन्न विकल्पहरुको छनौट गरी स्थानीय श्रोतसाधनको पहिचान, परिचालन र संरक्षणको योजना बनाई कार्यान्वयन गर्ने प्रकृया अवलम्वन गर्नका लागि उचित वातावरण सृजना गर्दछ ।

समुदायले देखेको सपनाका आधारमा आफ्नै वरीपरी रहेका स्थानीय श्रोतसाधनहरुको पहिचान र परिचालन मार्फत जीवन सहज बनाउने प्रयास र प्रयत्नहरुको शुरुवात गर्न सहजकरण प्रकृयाले योगदान गर्दछ । विकास के हो ? विकास किन आवश्यक छ ? विकास कस्का लागि ? कस्ले गरि दिन्छ ? जस्ता सवालहरुको तथ्यपरक विश्लेषणपछि समुदायका मानिसहरुमा एकखालको शक्ति प्राप्त गरी आशावादको जन्म लिन्छ । निराशावाद, हीनतालाई चिर्दै हामी गर्न सक्छौ भन्ने महसुसीकरणले मानिसको जीवनलाई गतिशील बनाउन सहजीकरण प्रकृयाले योगदान गर्दछ ।

मानिसहरुमा सकारात्मक सोच र धारणाको विकास तथा ब्यवहारमा परिवर्तन आउनु जरुरी छ । मानिसहरुमा विकास भनेको आफनो जीवन सहज बनाउनका लागि आवश्यक रहेको धारणा बनाउने वित्तिकै उनीहरु विकास अभियानमा सहभागिता खोज्न थाल्छन । सरकारी सेवा सुविधाहरुको प्रकृया बुझ्ने र श्रोत प्राप्तिका लागि आवश्यक चासो राख्न थाल्छन ।

सिमान्तीकृत समुदाय आफैले मिलेर सामुहिक रुपमा गरेका विकास निर्माणका उत्तम अभ्यासहरु छन् त्यस्ता अभ्यासहरुलाई प्रोत्साहित गर्दै उनीहरुका अनुभव र भोगाईमा आधारित भएर गरिने गहन छलफल विश्लेषण र अन्तरक्रियाहरुले उनीहरुको जीवनमा सकारात्मक सोचको विकासकासंगै आफ्ना लागि आफै भन्ने भावना प्रवल रुपमा विकास हुन्छ ।

आफूले गरेका कामहरुमा स्वामित्वको महसुस गर्ने, जीवन सहज भएको महसुस गर्ने र आफैले गरेका कामहरुको उपभोग र संरक्षणका क्षेत्रमा उनीहरुको सहभागितामा वृद्धि हुन्छ। सामुहिक

रुपमा गरिने काम स्वभावैले गुणस्तरीय र दीगो हुने गर्दछ। हरेक विकास प्रकृयाले मानिसको जीवन सहज हुने कुरालाई महसुस गरी सामुहिकतामा विश्वास गर्ने कुराको थालनी हुन्छ।

फेष्ट अवधारणा अन्तर्गत सरकारी तथा गैर सरकारी संस्थाका लागि उनीहरुकै माग बमोजिम सहकर्मी समाजले सहजीकरण सीप विकास, नेतृत्व सीप विकास, संस्थागत विकास, सामुदायिक सुशासन सवलीकरण, रणनैतिक योजना विकास, आवधिक योजना विकास, जनवकालत जस्ता विभिन्न तालिम तथा कार्यशालाहरुको सहजीकरण गर्दै आईरहेकोछ। यो सहकर्मी समाजको आफ्नै संस्थागत परियोजना हो। यो काम सहकर्मी ट्रेनिङ्ग तथा रिसर्च सेन्टरका माध्यमवाट सीमान्तीकृत समुदायको क्षमता विकास संगसंगै उनीहरुका विविध सवालहरुमा अध्ययन अनुसन्धानका कामहरुलाई क्रमशः अघि बढाईरहेकोछ।

आर्थिक वर्ष २०७६/०७७ मा सहकर्मी समाजले फेष्ट अवधारणा विकास तथा विस्तारका लागि सम्पन्न गरिएका क्रियाकलापहरु निम्नानुसार रहेका छन्।

### क) नीति तथा कार्यप्रकृया विकास तथा विस्तार

सहकर्मी समाजले संस्थाको संस्थागत विकास तथा फेष्ट अवधारणाको विकास तथा विस्तारका लागि आवश्यक पर्ने नीति तथा कार्यप्रकृया विकास गरी लागु गर्दै आईरहेकोछ। संस्थाका कतिपय नीतिहरुमा संशोधन गरी समयानुकूल परिमार्जन गरेकोछ।

### ख) समुदाय परिचालन सीप विकास

यूएमएनका साझेदार संस्था ग्रामिण सामुदायिक विकास केन्द्र डोटीका कर्मचारीहरुका लागि सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट) आधारभूत तालिम दाङको घोराहीमा सम्पन्न गरिएको थियो।

भेरी नगरपालिकाको सहयोगमा सञ्चालित सामुदायिक सुशासन सवलीकरणका लागि टोल विकास कार्यक्रममा कर्मचारीहरुका लागि आधारभूत सामुदायिक विकास तालिम जाजरकोटमा सम्पन्न भएको छ।


१२ वर्षे यात्रामा सहकर्मी समाज

दाङ र जाजरकोट जिल्लामा रहेका सामुदायिक समूहका अगुवाहरु र कर्मचारीहरुका लागि समूह सहयोगी तथा सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट) आधारभूत तालिम कोहलपुरमा सम्पन्न गरिएको थियो।

जनकेन्द्रित विकास अवधारणा कार्यशाला सिद्धकुमाल गाउंपालिका सल्यान र खाडाचक्र नगरपालिका कालिकोटमा सम्पन्न गरिएको थियो।

यी तालिम र कार्यशालाहरुमा ७६ महिला र २ सय २० पुरुष गरी २ सय ९६ जनाको सहभागिता रहेको थियो।

### ग) कोचिंग तथा परामर्श

सहकर्मी समाजको समर्थनमा निर्माण भएका बांके, बर्दिया, दाङ, जाजरकोट, कैलाली र कञ्चनपुरमा सञ्चालनमा रहेका समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको संस्थागत विकासका लागि नियमित रुपमा कोचिंग तथा परामर्श सेवा सञ्चालन गरिएको थियो।

ती संस्थाहरुको नियमित वैधानिक प्रकृया अनुरुपका वार्षिक साधारणसभाहरुको आयोजना तथा संस्थागत सुशासन सवलीकरणका लागि विभिन्न नीति निर्माण, संशोधन तथा कार्यविधिहरु निर्माण र कार्यान्वयनका सवालहरुमा नियमित रुपमा कोचिंग तथा परामर्श दिने कार्य गरिएको थियो।

### घ) प्रकाशन तथा सूचना सम्प्रेषण :

यो अवधीमा सहकर्मी समाजले वार्षिक प्रतिवेदन २०७५/०७६, सहकर्मी गोजीपात्रो २०७७, सहजकर्ताहरुका लागि सहजीकरण प्रकृया हाते पुस्तिका अंग्रेजी, सहकर्मी परिचय ब्रोसर अंग्रेजी, कोभिड कोरोना भाईरस सम्वन्धि हातेपर्चा, होम क्वारेन्टाईन जानकारी सम्वन्धि हातेपर्चा, भेष्ट, टोपी र झोला लगायतका सामाग्रीहरुको प्रकाशन तथा वितरण गरेकोछ।





# सहकर्मी समाजका संस्थागत विकास गतिविधिहरू

सहकर्मी समाज सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजकरण (फेष्ट) अवधारणामा विश्वास गर्ने गैर सरकारी संस्था हो । स्थापना कालदेखि नै उपेक्षित तथा सिमान्तकृित समुदायको सामुदायिक सशक्तिकरण, सामुदायिक सुशासन सवलीकरण, जीविकोपार्जन सुधार, संस्थागत विकास, मानव अधिकार र कर्तब्य प्रवर्द्धन, शान्ति तथा मेलमिलाप, स्वास्थ्य तथा सरसफाई आदि क्षेत्रमा काम गर्दै आएकोछ । उपेक्षित तथा सिमान्तकृित समुदायलाई आफ्नो लक्षित वर्ग बनाई काम गर्ने विभिन्न सरकारी, गैर सरकारी संघसंस्थाहरु तथा समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको क्षमता विकासका लागि तालिम, अन्तरक्रिया, परामर्श तथा मेन्टोरिंग आदि सेवाहरु निरन्तर रुपमा प्रवाह गर्दै आईरहेकोछ ।

सहकर्मी समाजले यसको परिकल्पना, मूल्य मान्यता अनुसारका क्रियाकलापहरु सञ्चालन गर्दै विभिन्न संस्थागत गतिविधिहरु सञ्चालन गर्दै आईरहेकोछ । आर्थिक वर्ष २०७६/०७७ मा संस्थागत विकासका लागि गरेका गतिविधिहरु निम्नानुसार रहेका छन ः





**क) १९ औ वार्षिक साधारणसभा :**

सहकर्मी समाजको नियमित १९ औ वार्षिक साधारणसभा २०७६ पुष १९ गते सुर्खेतको विरेन्द्रनगरमा एक भब्य समारोह बीच सम्पन्न गरिएको थियो । सेफ आयरल्याण्डमा कार्यकारी निर्देशक जीम प्रमुख अतिथी रहनु भएको उद्घाटन सत्र सहकर्मी समाजका अध्यक्ष रत्नबहादुर गाहामगरको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उक्त उद्घाटन सत्रमा संस्थाका महासचिव दिपकराज भण्डारीले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष बखतबहादुर खडकाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा सहकर्मीका सदस्य डा. लिलाधर तिवारी, सेफका कार्यकारी निर्देशक जीम, तथा सहकर्मी समाजका १२ वर्ष सेवा अवधी पुरा गरेका कर्मचारीहरुलाई सम्मानित गरिएको थियो ।

**ख) सहकर्मी समाज कार्यसमितिको बैठक :**

यो अवधीमा सहकर्मी समाज कार्य समितिका ५ वटा नियमित बैठकहरु सम्पन्न भई सहकर्मी समाजका विभिन्न परियोजनाहरुको कार्यान्वयनको अवस्था, विभिन्न नीतिहरुको निर्माण तथा पुनरावलोकन गर्ने काम सम्पन्न गरिएको थियो ।



**ग) प्रदेश कोरोना कोषमा सहयोग रकम प्रदान :**

सहकर्मी समाजको कार्य समितिको बैठकले विश्वब्यापी महामारीको रुपमा रहेको कोभिड कोरोना महामारीको रोकथाम तथा उपचार कोष प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम प्रदेश सरकारको कोषमा १ लाख १ हजारका दरले तीनवटा प्रदेश सरकारलाई ३ लाख ३ हजार रुपिया प्रदान गर्ने निर्णय गरी उक्त रुकम जम्मा गरिएको थियो ।



**घ) कार्यक्रम विकास तथा कार्यान्वयन**

सहकर्मी समाजले यो अवधीमा विभिन्न कार्यक्रमहरुको विकास गरी दाताहरु समक्ष प्रस्तुत गरिएका छन् । विकास कोष नर्वेका लागि कोसेली कार्यक्रम २, वास एसडिसी कार्यक्रम लगायत विभिन्न दातृ निकायमा परियोजना प्रस्तावहरु पेश गरिएका छन् ।



**ङ) अनुभव आदान प्रदान**

सहकर्मी समाजले यो अवधीमा प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम प्रदेश सरकारहरुसंग संस्थाका गतिविधिहरु वारे अनुभव आदान प्रदान गरिएका छन् ।



**च) स्थानीय सरकारहरुसंगको नियमित समन्वय र सहकार्य**

सहकर्मी समाजले यो अवधीमा प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानीय तहहरुसंग नियमित सम्पर्क, सम्वाद, समन्वय र सहकार्यलाई तीब्रता दिएकोछ ।

**छ) दाङमा सहकर्मी समाज सम्मानित**

दाङ जिल्ला समन्वय समितिको २०७७ साउन २१ गते सम्पन्न भएको चौथो जिल्लासभावाट दाङ जिल्लामा कार्यक्षेत्र बनाई काम गरिरहेका गैर सरकारी संघसंस्थाहरु मध्ये सामुदायिक सशक्तिकरण, सामाजिक रुपान्तरण र दीगो जीविकोपार्जनका क्षेत्रमा काम गरिरहेको सहकर्मी समाजलाई प्रथम संस्थाको रुपमा मूल्यांकन गरी सम्मानित गरिएकोछ । प्रदेश नं. ५ का मुख्यमन्त्री माननीय शंकर पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त सभामा सहकर्मी समाजलाई सम्मानित गरिएको थियो ।









# सहकर्मीबारे स्थानीय तथा प्रदेशका जनप्रतिनिधिहरू



### महेशदत्त जोशी
सदस्य, प्रदेश सभा सुदूरपश्चिम प्रदेश

सहकर्मी समाजलाई मैले धेरै पहिलेदेखि चिन्दछु । गाउंमा रहेको सिमान्तीकृत तथा गरीव समुदायका मानिसहरूलाई सामुदायिक समूहहरुमा संगठीत गर्ने, उनीहरूको क्षमता विकास गरी त्यस्ता समुदायको नेतृत्व सीप विकास गर्दै राज्यका सेवा सुविधाहरूमा पहुंच स्थापना गर्ने र सामुदायिक सुशासनका क्षेत्रमा उनीहरूको वकालत क्षमता विकास गर्ने निरन्तर अभ्यास गरीरहेकोछ । कार्यक्रमको सिकाई आदान प्रदान कार्यशाला र सामाजिक समावेशीकरण कार्यशालामा अरू साथीहरूसंगै म पनि सहभागि भए । मैले थाहा पाए अनुसार स्थानीय पालिकाहरूको क्षमता विकास तथा उनीहरूको जवाफदेही संयन्त्रको निर्माण संगै सिमान्तीकृत समुदायको लागि नीति कार्यक्रम तथा कार्यविधिहरू निर्माणका लागि जनवकालत गर्ने काम निरन्तर रूपमा सहकर्मी समाजले गरिरहेकोछ । सहकर्मी समाजवाट हामीजस्ता जनप्रतिनिधिहरूले सिक्ने अवसरको सृजना गरिरहेको महसुस गरेकोछु ।



### लालबहादुर खडका
सदस्य, प्रदेश सभा सुदूरपश्चिम प्रदेश

हामी नयां संघीय शासन प्रणालीमा गएका छौ । सबै जनप्रतिनिधिहरू स्थानीय, प्रदेश तथा संघका जनप्रतिनिधिहरूका लागि यो नयां संरचना भएकोले हामी सबै सिक्ने चरणमा नै रहेका छौ । सहकर्मी समाजले गरीव तथा सिमान्तीकृत समुदायलाई संगठीत गरी उनीहरूको राज्यका सेवा सुविधाहरूमा पहुंच स्थापित गर्नका लागि समुदाय र तीनै तहका सरकारहरूका बीचमा घनिष्ठ सम्वन्ध निर्माण गर्दै सिमान्तीकृत तथा छेउ पारिएका समुदायका लागि नीति कार्यक्रम निर्माणका लागि निरन्तर रूपमा काम गरिरहेको मैले महसुस गरेकोछु । सहकर्मी समाजले आयोजना गर्ने विभिन्न क्रियाकलापहरूमा सहभागि हुदा मैले सहकर्मी समाजको काम सुशासनका लागि ज्यादै महत्वपूर्ण भएको र समुदायको सशक्तिकरणका लागि सहजीकरण गरिरहेको पाएकोछु ।

सहकर्मी समाजले सिमान्तीकृत समुदायको सशक्तिकरणसंगै स्थानीय सरकारको क्षमता विकास गरी उनीहरूलाई आम नागरिकहरूप्रति जवाफदेही बनाउनका लागि आवश्यक कामहरू नियमित रूपमा गरिरहेको र यसले स्थानीय तथा प्रदेश सरकारलाई सहयोग पुगेको छ र भविष्यमा स्थानीय तथा प्रदेश सरकार सहकर्मी समाजसंग साझेदारी गरेर जाने संभावनाहरू रहेको मैले देखेकोछु ।



### धनबहादुर थापा
अध्यक्ष, बेल्डाडी गाउंपालिका कञ्चनपुर

बेल्डाडी गाउंपालिका क्षेत्रमा गरीव तथा सिमान्तीकृत समुदायका मानिसहरूलाई सचेत, संगठीत र परिचालन गरी सहकर्मी समाजले हाम्रो गाउंपालिकाको विकास अभियानमा सहभागिता गराएको पाएकोछु ।

सहकर्मी समाजले हाम्रो कार्यपालिकाको टीमलाई समय समयमा विभिन्न कार्यशाला, अन्तरक्रिया तथा गोष्ठीहरूमा सहभागि गराई विभिन्न विषयहरूमा विचार प्रदान गर्ने र सबैलाई जिम्मेवार र उत्तरदायी भूमिका निर्वाह गर्नका लागि सचेत बनाउदै आएकोछ । यो प्रकृयाले यहांका सिमान्तीकृत समुदायका मानिसहरू र स्थानीय सरकारका बीचमा घनिष्ठ सम्वन्ध विकासका लागि गरिएका प्रयासहरू सराहनीय छन । गाउंपालिकाको समग्र विकास प्रकृयामा सहकर्मी समाजद्धारा समर्थन गरिएको स्थानीय कार्यसञ्जाल संस्था कञ्चन सामुदायिक विकास केन्द्र बेल्डाडीले महत्वपूर्ण योगदान गरेकोछ र धेरै कामहरू हामीले स्थानीय कार्यसञ्जाल संस्थासंग साझेदारीमा अघि बढाउने प्रयास गरेका छौ । यो काममा सहकर्मी समाजले सहजीकरण गर्दै आईरहेकोछ र विकास प्रकृयालाई जनकेन्द्रित बनाउनका लागि विभिन्न क्रियाकलापहरू मार्फत क्षमता विकास गरीरहेकोछ ।

### तारा लामा तामाङ्ग

प्रमुख सचेतक, नेकपा, सुदूरपश्चिम प्रदेशसभा



नेपालको गरीवी न्यूनकिरणका क्षेत्रमा सरकार आफैले सबै काम गर्न सक्दैन । राज्यको सहयोगीका रूपमा विकास साझेदारका रूपमा रहेको गैर सरकारी क्षेत्रले विभिन्न तरिकावाट नेपालको विकास प्रयासमा गैर सरकारी संस्थाहरूको महत्वपूर्ण भूमिका रहेकोछ ।

सुदूरपश्चिमको कैलाली र कञ्चनपुर जिल्लामा धेरै पहिलेदेखि सिमान्तीकृत, गरीव तथा छेउ पारिएका समुदायलाई सामुदायिक समूहहरूमा संगठीत गर्ने, उनीहरूको क्षमता विकास गरी आफनो काम आफै गर्ने वातावरण तयार पार्ने र मिलेर सामुहिक रूपमा काम गर्ने अभ्यास गराउने, सामुदायिक सुशासनका क्षेत्रमा नागरिकहरूलाई सशक्त बनाउदै नागरिकहरूको अधिकारसंगै कर्तब्यपालन गराउने काममा सहकर्मी समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेकोछ ।

नेपालले संघीय शासन प्रणाली अन्तर्गत नयां संरचनामा स्थानीय, प्रदेश र संघीय गरी तीन तहका सरकारहरूको निर्माण भएसंगै सहकर्मी समाजले स्थानीय जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका लागि तालिम अन्तरक्रिया र गोष्ठीहरूको आयोजना गर्दै आईरहेकोछ । नयां शासकीय संरचनामा सबै नयां र सिक्ने प्रकृयामा रहेको अवस्थामा गरीव तथा सिमान्तीकृत समुदायका लागि स्थानीय तथा प्रदेश सरकारलाई उनीहरूको पक्षमा नीति कार्यक्रम विकास गरी लागु गर्ने र सरकारी सेवा सुविधाहरूको वारेमा नागरिक सचेतनता बढाउने दिशामा सहकर्मी समाज अग्रसर छ ।

स्थानीय सरकारका जवाफदेही संयन्त्रहरूको निर्माण र परिचालन संगै जनप्रतिनिधिहरू र कर्मचारीहरूका बीचमा असल सम्वन्ध निर्माण गर्ने वातावरण निर्माण गरी सिमान्तीकृत समुदाय र सरकारका बीचमा सम्वादका माध्यमवाट सम्वन्ध सुधार गर्दै संघीय शासन प्रणालीलाई जनमुखी बनाउन र जनकेन्द्रित विकास अवधारणा स्थापनाका लागि सहयोगीका रूपमा सहकर्मी समाजका गतिविधिहरू सञ्चालनमा रहेको महसुस मैले गरेकोछु ।

### चिनी गिरी ओझा

उपप्रमुख, माहाकाली नगरपालिका, कञ्चनपुर



यस माहाकाली नगरपालिका भित्रका सिमान्तीकृत तथा गरीव, छेउ पारिएका महिला, दलित तथा जनजाती समुदायलाई संगठीत गरी उनीहरूको क्षमता विकास, चेतना विकास गर्दै जीविकोपार्जन सहज बनाउनका लागि सहकर्मी समाजले महत्वपूर्ण योगदान गरेको छ ।

पछिल्लो समय सामुदायिक सुशासनका क्षेत्रमा विभिन्न अन्तरक्रिया तालिम तथा गोष्ठीहरू मार्फत स्थानीय निकायका जनप्रतिनिधिहरूको क्षमता विकास गरी जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई नागरिकहरूप्रति जवाफदेही बनाउन र विकास प्रयासहरूलाई जनकेन्द्रित बनाउनका लागि सहकर्मी समाजले महत्वपूर्ण योगदान गरी रहेकोछ । कार्यसञ्जाल संस्था जनजागृति विकास समाजको संस्थागत क्षमता विकास गर्दै स्थानीय विकास प्रयासमा महिलाहरूको उल्लेख्य जनसहभागिता बढाउनका लागि आवश्यक वातावरणका लागि सहकर्मी समाजले सहजीकरण गरिरहेको छ ।

### दिपा गौतम

उपाध्यक्ष, बढैयाताल गाउंपालिका, बर्दिया



सहकर्मी समाजले निर्वाचित महिला जनप्रतिनिधिहरूका लागि सामाजिक समावेशीरकण तथा नेतृत्व विकास तालिम, बढैयाताल गाउंपालिकाका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूका लागि जनकेन्द्रित विकास अवधारणा कार्यशाला, स्थानीय सरकारका जवाफदेही संयन्त्र सम्वन्धि अन्तरक्रिया कार्यक्रम, स्थानीय सरकारका सेवा सुविधाहरू सम्वन्धि अन्तरक्रिया कार्यक्रम, स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाहरूको गुणस्तर मापन सम्वन्धि अन्तरक्रिया जस्ता थुप्रै कार्यक्रमहरूमा म सहभागि भए ।

सहकर्मी समाजले नेपालको संघीय शासन प्रणाली अन्तर्गतका तीन तहका सरकारहरूको निर्वाचनपछि जनप्रतिनिधिहरूको क्षमता विकासका क्षेत्रमा महत्वपूर्ण भूमिका प्रदान गर्दै सिमान्तीकृत समुदायका मानिसहरूको सशक्तिकरण, संस्थागत विकास तथा सामुदायिक सुशासन स्थापनाका लागि आवश्यक योगदान गर्दै स्थानीय सरकारको विकास प्रयासमा साझेदारका रूपमा अनुभव र सिकाईहरूको आदान प्रदान मार्फत सहजीकरणको भूमिका निर्वाह गरेकोछ ।

गरीव तथा छेउ लागेका समुदायलाई संगठीत गरी स्थानीय कार्यसञ्जाल संस्था जनशक्ति विकास समाज मार्फत सिमान्तीकृत समुदायलाई सरकारी सेवा सुविधाहरू र श्रोतहरूमाथिको पहुंच वृद्धि गरी उनीहरूको जीविकोपार्जन सहज बनाउनका लागि गरेका प्रयासहरू अर्थपूर्ण रहेको महसुस गरेकोछु ।



**दिलबहादुर बुढा**
वडा अध्यक्ष, शुक्लाफांटा ५, कञ्चनपुर

सहकर्मी समाजले स्थानीय गरीव तथा छुट लागेका महिला दलित समुदायलाई संगठीत गरी उनीहरूको क्षमता विकास गर्दै सरकारी सेवा सुविधाहरूमा पहुंच बढाउनका लागि विभिन्न कामहरू गरिरहेकोछ ।

सामुदायिक सुशासन स्थापनाका लागि स्थानीय सरकारलाई नागरिकप्रति जवाफदेही बनाउनका लागि विभिन्न प्रयासहरू गरिरहेको र सिमान्तीकृत समुदायसम्म स्थानीय सरकारका सूचनाहरूमा पहुंच स्थापना र श्रोतमाथि गरीव समुदायको पहुंच स्थापनाका लागि काम गरिरहेको मैले पाएकोछु ।

वडा तहमा, पालिका तहमा निरन्तर जनप्रतिनिधिहरू र नागरिकका बीचमा सम्वादको वातावरण निर्माण गरी स्थानीय विकास प्रयासमा सहयोग गरीरहेको महसुस गरेकोछु । सहकर्मी समाजको प्रभावकारी समन्वय र भूमिकाको प्रसंशा गर्न चाहन्छु ।



**ओमप्रकाश रोकाय**
वडा अध्यक्ष, महाकाली न.पा.-८,
दोधारा कञ्चनपुर

सहकर्मी समाजले स्थानीय सिमान्तीकृत समुदायलाई सामुदायिक समूहहरूमा संगठस्त गरी वडाभरीका सामुदायिक समूहहरूको सञ्जालका रूपमा वडा स्तरीय मूल समिति निर्माण गरेकोछ । उक्त मूल समितिले आफनो वैठकहरूमा मलाई नियमित रूपमा बोलाई विभिन्न समस्याहरूमाथि छलफल गरी त्यसको समाधान गर्नका लागि प्रयास गरिरहेका छन ।

यस वडामा गरिने विकास निर्माणका कामहरूमा, पालिकाको योजना निर्माण प्रकृयामा स्थानीय मूल समितिले सामुदायिक समूहहरू परिचालन गरी सहयोग गरिरहेकोछ र विभिन्न तालिम अन्तरक्रिया मार्फत वडाका जनप्रतिनिधिहरू र नागरिकहरूका बीचमा असल सम्वन्ध निर्माण गरी सरकारी सेवा सुविधा र श्रोतहरूमा साझेदारी गर्नका लागि सहकर्मी समाजको सहजीकरणको भूमिका ज्यादै महत्वपूर्ण रहेकोछ ।



**लाजुराम चौधरी**
अध्यक्ष कैलारी गाउंपालिका, कैलाली

कैलारी गाउंपालिकाका पदाधिकारीहरूका लागि जनकेन्द्रित विकास अवधारणा कार्यशाला र स्थानीय सरकारको जवाफदेही संयन्त्र सम्वन्धि कार्यशालाको आयोजना गरी सहकर्मी समाजले जनप्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता विकासका लागि योगदान गरेकोछ ।

यस गाउंपालिकामा रहेका आदिवासी थारू समुदायका महिलाहरूलाई संगठीत गरी उनीहरूको चेतना विकास र क्षमता विकास गरी स्थानीय सरकारका विकास प्रयासहरूमा जनसहभागिताको अभिवृद्धि गर्दै सरकारी सेवा सुविधाहरूको गुणस्तर कायम गर्न र नागरिकप्रति स्थानीय सरकारलाई जवाफदेही बनाउनका लागि सहकर्मी समाजको प्रयास सराहनीय रहेकोछ ।

स्थानीय गरीव तथा सिमान्तीकृत समुदायका मानिसहरूलाई स्थानीय कार्यसञ्जाल संस्था चेतना विकास समाजको संस्थागत क्षमता विकास गर्दै सरकारी सेवा सुवधाहरूमासथको पहुंच वृद्धि तथा सूचनामा पहुंच स्थापना गर्नका लागि गरेका कामहरू महत्वपूर्ण रहेका छन् ।



**जमानसिंह केसी,**
अध्यक्ष, गेरुवा गाउंपालिका
पशुपतिनगर, बर्दिया

सामाजिक संघसंस्थाहरूले समुदायमा चेतनाको विकास, क्षमता विकास तथा विभिन्न अभियानहरूमा स्थानीय सरकारलाई सहयोग गर्दै आईरहेका छन । सहकर्मी समाजले यस गाउंपालिकाका पदाधिकारीहरू तथा कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न क्रियाकलाहरूमा सहभागि गराई आवश्यक सहयोग गरिरहेकोछ ।

स्थानीय सरकारका काम कारवाहीहरूलाई जनकेन्द्रित र सुशासित बनाउदै नागरिकहरूप्रति जवाफदेही बनाउन र सिमान्तीकृत समुदायलाई संगठीत बनाउदै सामुदायिक समूहहरू मार्फत राज्यका सेवा सुविधाहरू तथा श्रोतहरूमाथिको पहुंच वृद्धिका लागि सहकर्मी समाजले महत्वपूर्ण योगदान गरेकोछ । सहकर्मी समाजसंग एकवर्ष टोल विकास समितिहरूको गठनमा साझेदारीमा काम सम्पन्न भएको थियो ।



**कर्णबहादुर हमाल**
नगरप्रमुख, कृष्णपुर न.पा., कञ्चनपुर

स्थानीय सरकारको योजना निर्माण प्रकृयामा जनसहभागिता वृद्धि गर्न, सिमान्तीकृत समुदायलाई संगठीत, सचेत र क्षमता विकास गरी उनीहरूको सरकारी सेवा सुविधाहरूमाथिको पहुंच स्थापित गर्न, स्थानीय सरकारको क्षमता विकास गरी सरकारका काम क्रियाकलापहरूलाई सुशासित र जवाफदेही बनाउनका लागि सहकर्मी समाजले महत्वपूर्ण योगदान गरेकोछ ।

सहकर्मी समाजले भविष्यमा नगरपालिकासंग साझेदारीका लागि संगसंगै जाने वातावरण निर्माण गरी यस नगरपालिकाको गरीवी न्यूनीकरणमा समेत योगदान गर्ने विश्वास गरेकोछु । विकासलाई जनकेन्दित बनाई सिमान्तीकृत, गरीव तथा छेउ पारिएका समुदायको क्षमता विकास संगै स्थानीय श्रोत साधनहरूको पहिचान, परिचालन र संरक्षणका क्षेत्रमा सहकर्मी समाजले विशेष योगदान गरीरहेको महसुस गरेकोछु ।



**भागीराम चौधरी**
अध्यक्ष, दंगीशरण गाउंपालिका, दाङ

सहकर्मी समाजले यस क्षेत्रमा रहेको सिमान्तीकृत समुदायलाई संगठीत, प्रशिक्षत गरी उनीहरूलाई विकास अभियानमा संलग्न गराउने काममा महत्वपूर्ण योगदान गरेकोछ । स्थानीय श्रोतसाधनहरूको परिचालन मार्फत गरीव तथा छेउ पारिएका समुदायको दीगो जीविकोपार्जनका क्षेत्रमा निकै महत्वपूर्ण काम गरेकोछ ।

स्थानीय सरकारको क्षमता विकास गरी सरकारका काम कारवाहीलाई जनताप्रति जवाफदेही बन्नका लागि विभिन्न प्रयासहरू गरिरहेको र विभिन्न प्राकृतिक प्रकोप महामारीको समयमा गाउंपालिकालाई विभिन्न तरिकाले सहयोग गरिरहे को सहकर्मी समाजले स्थानीय सरकार र नागरिकहरूका बीचमा असल सम्वन्ध निर्माणका लागि विभिन्न सम्वादका माध्यमवाट प्रयास गरिरहेको छ । स्थानीय सरकारका हैसियतमा हामी सहकर्मी समाजको यो प्रयासको सराहना गर्न चाहान्छौ ।

सहकर्मी समाजलाई मैले धेरै पहिले देखि चिन्दै आएको र संगसंगै धेरै कामहरू गरेको, संयोगले मैले यस गाविसमा निर्वाचन जित्नु र सहकर्मी समाजको कार्यक्षेत्रका रूपमा यस गाविसमा आएर समुदायको जागरण, सशक्तिकरणको अभियानमा संलग्न भएकोछ । यहाका सामुदायिक समूह तथा मूल समितिका विभिन्न क्रियाकलापहरूमा संगसंगै सहभागि हुने अवसरले उत्साही भएको छ ।



**चन्द्रप्रकाश घर्तिमगर,**
नगरप्रमुख, भेरी नगरपालिका जाजरकोट

विकास प्रकृयामा आम नागरिकहरूको सहभागिता आवश्यक छ । दीगो विकासका लागि स्थानीय समुदायको सचेत निगरानी र सहभागिता ज्यादै महत्वपूर्ण छ । सुशासन स्थापनाका लागि सरकारका क्रियाकलापहरूको नागरिक निगरानी आवश्यक छ । नागरिक निगरानीका लागि नागरिकहरूको चेतना र आवश्यक प्रयास गरिहनु पर्दछ । सहकर्मी समाजले सामुदायिक सुशासन स्थापनामा नागरिकहरूको अधिकार र कर्तब्यको वारेमा गाउं गाउंमा गएर प्रशिक्षित पार्ने र संगठीत रूपमा सामुदायिक समूहहरू मार्फत सामाजिक परिचालनका षेत्रमा विशेष योगदान गरिरहेको छ ।

अनुशासित नागरिकहरूले मात्रै विकासको वारेमा ध्यान दिन सक्छन । संगठीत र अनुशासित नागरिहरूले मात्रै स्थानीय सरकारका काम कारवाहीहरूमा निगरानी बढाउन सक्छन । सहकर्मी समाजले सिमान्तीकृत तथा छेउ पारिएका समुदायको सशक्तिकरण र संस्थागत विकासका माध्यमवाट जुन काम गरिरहेकोछ, नियमित रूपमा छलफल, अन्तरक्रिया र सम्वादहरू सञ्चालन गरिरहेकोछ, यो काम विशेष महत्वपूर्ण छ ।

भेरी नगरपालिकाले सहकर्मी समाजसंग साझेदारीमा काम गरिरहेकोछ र नगरपालिकाले वार्षिक २५ लाख भन्दा बढीको परियोजना निर्माण गरी टोल विकास संस्थाको निर्माण र परिचालनका माध्यमवाट विकास प्रकृयामा सहभागि गराउने अभियान नै सञ्चालन गरिरहेकोछ । यो प्रकृयाले भेरी नगरपालिकाको विकास प्रयासमा उल्लेख्य नागरिक सहभागितामा वृद्धि हुनुका साथै आफनो काम आफै गर्ने अभियानका रूपमा विकास अभियान अघि बढीरहेकोछ । सहकर्मी समाजले गरिरहेको यो काम ज्यादै प्रसंसनीय रहेको छ ।

**लेखन तथा संयोजन : चम्फासिंह भण्डारी, कार्यक्रम संयोजक**

# Sahakarmi Samaj
Birendranagar, Surkhet

## Income & Expenditure Statement for the FY 2076/077
For The Period Ending 31st Asadh 2077 (15th July, 2020)

| Particulars | Annexure | As at 31st Asadh 2077 Amount Rs. | As at 31st Asadh 2076 Amount Rs. |
|---|---|---|---|
| **Income** | | | |
| Sahakarmi Institutional Development fund (SIDF) | | 1,954,575.08 | 10,455,665.36 |
| EU / ICCO for REAL Program | | 761,196.20 | 3,180,753.37 |
| Social Health Education Project for PCGS Program | | 232,693.27 | 1,010,930.65 |
| DF Norvey for COSELI Program | | 18,004,943.87 | 18,347,219.88 |
| EU/IM/Tdh (ECPSNGG Program) | | 23,645,982.63 | 7,244,181.67 |
| Irish Aid & DF (Matual Fund) | | 2,126,161.00 | 4,228,064.00 |
| Irish Aid /Shep (NCESLG Program) | | 7,777,610.00 | 5,094,119.15 |
| Wild Gesee (Change the Game Academy) | | 958,009.86 | 378,187.00 |
| SIMAVI (WASH Program) | | 1,373,982.00 | 648,229.00 |
| Local Govt. (TCCB Program) | | 2,175,063.00 | 743,485.00 |
| Donation and Staff Contribution | | 1,150,967.89 | 16,304.18 |
| **Total Income** | | **60,161,184.00** | **51.347,139.26** |
| **Expenditure** | | | |
| Pro: Sahakarmi Institutional Development Fund | 4 | 662,884.37 | 1,037,492.00 |
| Pro: Community Organizing for Sustainable and Empowerment based Livelihood Improvement (COSELI) Program | 5 | 22,958,921.77 | 18,386,769.88 |
| Pro: Right to Earn A Living (REAL) Program | 6 | 3.589,452.75 | 3,180,753.37 |
| Pro: Promoting Community Governance through Strenthening (PCGS) | 7 | 290,957.80 | 1,010,930.65 |
| Pro: WASH SDG Program | 8 | 1,373,982.00 | 648,229.00 |
| Pro: Sahakarmi Building Fund (Utilised) | | - | 9,245,131.14 |
| Pro: Irish Aid & DF Matual Fund | 9 | 2,126,161.00 | 4,228,064.00 |
| Pro: NCESLG Program | 10 | 7,732,410.00 | 5,139,319.15 |
| Pro: ECPSNGG Program | 11 | 23,645,982.63 | 7,244,181.67 |
| Pro: Tole Committee Capacity Building | 12 | 2,001,462.00 | 917,086.00 |
| Pro: Change the Game Academy | 13 | 958,009.86 | 378,187.00 |
| Pro: SS- Staff Welfare Fund | | 180,450.00 | 95,008.60 |
| Depreciation | | 884,237.19 | 43,704.00 |
| **Total Expenditure (b)** | | **66,404,911.37** | **51,554,856.46** |
| **Surplus (Deficit) During the year** | | **(6,243,726,57)** | **(207,717.20)** |

Annexure 1 to 13 forms an integral part of this financial statement

As per our report of even date

Date: 2077/06/19

Place: Kohalpur, Banke

| Admin/Finance Manager | Executive Director | Treasurer | Chairperson | Tanka Prasad Paneru, FCA |
|---|---|---|---|---|
| Lal Bahadur Malla | Ammar Bdr. Air | Bakhat Bdr. Khadka | Ratna Bdr. Gahamagar | T. Paneru & Co. Chartered Accountants |

# Sahakarmi Samaj
## Birendranagar, Surkhet

## Balance Sheet
### As on 31st Ashad 2077 (15th July, 2020)

| Sources of Funds | Annexure | As at 31st Asadh 2077 Amount Rs. | As at 31st Asadh 2076 Amount Rs. |
|---|---|---|---|
| **Capital Funds** | | | |
| Sahakarmi Capital Fund | | 12,967,537.74 | 12,967,537.74 |
| Add : This year Capital Fund | | 6,147,138.81 | - |
| | | **19,114,676.55** | **12,967,537.74** |
| **Reserves and Surplus** | | | |
| Previous Year's Balance | 1 | 13,566,849.59 | 13,774,566.79 |
| Add: Surplus (Deficit) | | (6,243,726.57) | (207,717.20) |
| **Accumulated Surplus** | | **7,323,123.02** | **13,566,849.59** |
| **Current Liabilities** | | | |
| Account Payables | 2 | 8,282,757.09 | 11,181,421.97 |
| Unspend Donors' Funds | 2 | 65,655,828.89 | 42,160,814.40 |
| **Current Liabilities** | | **73,938,585.55** | **53,342,236.37** |
| **Total Sources of Funds** | | **100,376,385.55** | **79,876,623.70** |
| **Application of Funds** | | | |
| **Fixed Assets** | 3 | | |
| a. Cost Price | | 12,967,537.74 | 12,708,666.74 |
| b. This Year Addition | | 7,031,376.00 | 302,575.00 |
| c. Accumulated Depreciation | | 884,237.19 | 43,704.00 |
| **Written Down Value** | | **19,114,676.55** | **12,967,537.74** |
| **Current Assets** | | | |
| Inventory | | - | - |
| Advance and Deposit | 2 | 23,796,454.33 | 28,467,059.44 |
| Cash and Bank Balances | 2 | 57,465,254.67 | 38,442,026.52 |
| **Total Application of Funds** | | **100,376,385.55** | **79,876,623.70** |

Annexures 1 to 13 forms an integral part of this financial statement

As per our report of even date

Date: 2077/06/19

Place: Kohalpur, Banke

| Admin/Finance Manager | Executive Director | Treasurer | Chairperson | Tanka Prasad Paneru, FCA |
|---|---|---|---|---|
| Lal Bahadur Malla | Ammar Bdr. Air | Bakhat Bdr. Khadka | Ratna Bdr. Gahamagar | T. Paneru & Co. Chartered Accountants |

## सहयोगी साझेदार संस्थाहरु:

भेरी नगरपालिका
खलंगा, जाजरकोट

The Development Fund
Fighting hunger and poverty

SHEP
CAPACITY FOR CHANGE

Irish Aid
Government of Ireland
Rialtas na hÈireann

icco COOPERATION

Simavi
A healthy life for all.

WILDE GANZEN
FOUNDATION